बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन

(आर्थिक वर्ष २०८२/८३)



कर्णाली प्रदेश सरकार


आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८३, असोज

बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन

(आर्थिक वर्ष २०८२/८३)





कर्णाली प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८३, असोज

मन्तव्य

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०८१ को दफा २३ को उपदफा (५) मा रहेको व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनको वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। प्रस्तुत मूल्याङ्कन प्रतिवेदनमा समीक्षा अवधिमा प्रदेशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति, बजेट तथा कार्यक्रमको कार्यान्वयन, वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त अनुदान तथा खर्चको स्थिति, राजस्व सङ्कलन, बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या तथा चुनौती र आगामी दिनमा गर्नुपर्ने सुधार सम्बन्धी सिफारिसलाई समावेश गरिएको छ।

कर्णाली प्रदेशको सन्तुलित तथा तीव्र आर्थिक विकास गर्ने उद्देश्यका साथ दिगो र प्रतिफलमूखी भौतिक पूर्वाधार एवम् विकास आयोजनाहरूको निर्माण गरी आर्थिक विकासको आधार सुदृढ गर्न विगत वर्षहरूमा जस्तै आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण भएको थियो। बजेटको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका साथै निजी क्षेत्र र अन्य सरोकारवालासँग समन्वय र सहकार्य रहदै आएको छ। २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन, प्रतिनिधि सभाको निर्वाचन तथा मध्यपूर्वमा भएको युद्धका कारण इन्धनमा भएको मुल्यवृद्धि, कर्णाली प्रदेशको विशिष्ट भौगोलिक अवस्था, बजेटको ठुलो हिस्सा विनियोजन भएका मन्त्रालयमा प्राविधिक जनशक्तिको अभाव जस्ता कारणले लक्ष्य बमोजिम बजेट खर्च हुन सकेन। आ.व. २०८१/८२ को तुलनामा आ.व. २०८२/८३ मा आन्तरिक राजस्व प्राप्तिमा वृद्धि भएको छ।

आगामी आर्थिक वर्षको बजेट प्रणालीमा प्रस्ताव गरिएका कार्यक्रम कार्यान्वयन तथा वित्तीय सुशासनको क्षेत्रमा सुधारका प्रयासबाट बजेट कार्यान्वयनमा थप प्रगति हासिल हुने अपेक्षा गरेको छु। प्रदेशमा बजेट प्रणालीको संस्थागत विकासको लागि मन्त्रालय प्रयासरत रहेको छ। यसबाट बजेट प्रणाली थप व्यवस्थित, कार्यान्वयनयोग्य, वस्तुपरक, नतिजामुखी र पारदर्शी हुनेछ। सबै विषयगत मन्त्रालय र निकायहरूको कार्यसम्पादनमा सुधार गरी आगामी वर्षको बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सम्बद्ध सबैलाई अनुरोध गर्दछु।

अन्त्यमा, यो वार्षिक मूल्याङ्क प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक विवरण तथा सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सबै मन्त्रालय, निकाय तथा कार्यालयहरू र प्रतिवेदन तयारीमा संलग्न यस मन्त्रालयका सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

टेकराज पछाई
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

मन्तव्य

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २३ को उपदफा (५) मा रहेको व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनको वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ। यस प्रतिवेदनमा प्रदेशको समष्टिगत आर्थिक तथा वित्तीय अवस्था, बजेट तथा कार्यक्रमको कार्यान्वयनको प्रगति, राजस्व सङ्कलन, वित्तीय हस्तान्तरण र कार्यान्वयनका क्रममा देखा परेका समस्या र चुनौती तथा आगामी दिनमा गर्नुपर्ने सुधार सम्बन्धी सिफारिसलाई समावेश गरिएको छ।

प्रतिनिधिसभाको निर्वाचन, इन्धनको मूल्यवृद्धि, कच्चा पदार्थको अभाव एवम् मूल्यवृद्धि, भौगोलिक विकटता तथा दक्ष प्राविधिक जनशक्ति, समन्वयको कमिजस्ता कारणले अपेक्षाअनुसार बजेट खर्च हुन नसके पनि अघिल्लो आर्थिक वर्षको तुलनामा आन्तरिक राजस्व सङ्कलनमा वृद्धि हुनु सकारात्मक पक्ष रहेको छ।

यस सन्दर्भमा बजेट कार्यान्वयनलाई थप प्रभावकारी, पारदर्शी र नतिजामुखी बनाउन आयोजना छनोट तथा कार्यान्वयनमा सुधार, नियमित अनुगमन, वित्तीय अनुशासन र अन्तरनिकाय समन्वयलाई प्राथमिकता दिई समयमै योजना कार्यान्वयन शुरु गर्न आवश्यक देखिन्छ। प्रस्तुत प्रतिवेदनले आगामी आर्थिक वर्षको बजेट निर्माण तथा चालु आर्थिक वर्षको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, यो वार्षिक मूल्याङ्क प्रतिवेदन तयारीका क्रममा आवश्यक विवरण तथा सूचना उपलब्ध गराई सहयोग गर्नुहुने सबै मन्त्रालय, निकाय, कार्यालय तथा यस मन्त्रालयका कर्मचारीहरूलाई समेत धन्यवाद व्यक्त गर्दछु।

लीला प्रसाद शर्मा
सचिव
आर्थिक मामिला तथा योजना मन्त्रालय

तालिका सूची

१.१ तालिकाः कर्णाली प्रदेश सरकारको समष्टिगत खर्चको तुलनात्मक स्थिति (रू. हजारमा)

१.२ तालिकाः कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को मन्त्रालय/निकायको विनियोजन र खर्चको विवरण(रू. हजारमा)

१.३ तालिकाः कर्णाली प्रदेश सरकारको स्रोतगत खर्चको विश्लेषण (रू. हजारमा)

१.४ तालिकाः आर्थिक वर्ष २०८२/८३ को कर्णाली प्रदेशको आयको लक्ष्य र प्राप्ति (रु. करोडमा)

१.५ तालिकाः कर्णाली प्रदेश सरकारको विगत छ आर्थिक वर्षको आन्तरिक राजस्व लक्ष्य र प्राप्ति (रु.लाखमा)

१.६ तालिकाः विगत छ आर्थिक वर्षको स्थानीय तहबाट सङ्कलन तथा बाँडफाँट भई प्राप्त राजस्व (रु.हजारमा)

१.७ तालिकाः नेपाल सरकारबाट विगत छ वर्षको प्राप्त अनुदानको विवरण (रु. करोडमा)

१.८ तालिकाः नेपाल सरकारलाई फिर्ता भएको अनुदान रकम(रु.लाखमा)

१.९ तालिकाः प्रदेश सभा सचिवालयको आ.व. २०८०/८१ देखि २०८२/८३ मा बजेट विनियोजन र खर्च सम्बन्धी विवरण

१.१० तालिकाः प्रदेश सभा सचिवालयको आ.व. २०८२/८३ मा बेरुजु सम्बन्धी विवरण

१.११ तालिकाः प्रदेश लोक सेवा आयोगको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्मको खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण (रू. हजारमा)

१.१२ तालिकाः प्रदेश लोक सेवा आयोगको आ.व. २०८२/८३ को आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (शीर्षकगत रूपमा) (रू. हजारमा)

१.१३ तालिकाः प्रदेश लोक सेवा आयोगको आ.व. २०८२/८३ प्रदेश र स्थानीय तहमा गरी निम्नानुसार सिफारिस गरिएको विवरण

१.१४ तालिकाः मुख्य न्यायाधिवक्ताको कार्यालयको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण(हजारमा)

१.१५ तालिकाः मुख्य न्यायाधिवक्ताको कार्यालयको आ.व. २०८२/८३ सम्मको कायम बेरूजु र फछ्यौट भएको बेरुजुको विवरण

१.१६ तालिकाः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेटको तुलनामा खर्च सम्बन्धी विवरण (रू. हजारमा)

१.१७ तालिकाः आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण (रू. हजारमा)

१.१८ तालिकाः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण (रू. हजारमा)

१.१९ तालिकाः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वहुवर्षिय तथा स्रोत सुनिश्चितता प्राप्त आयोजनाहरको प्रगति विवरण

१.२० तालिकाः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०८२/०८३ को असार मसान्त सम्मको आन्तरिक राजश्व लक्ष्य र प्राप्ति

१.२१ तालिकाः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०८२/०८३ असार मसान्तसम्मको वन र उद्योगको आन्तरिक राजश्व प्राप्ति

१.२२ तालिकाः मन्त्रालय/निकायसंग सम्वन्धीत बेरुजु विवरण र आ.व. २०८२/०८३ मा फछ्यौंट भएको बेरुजु सम्वन्धी विवरण

१.२३ तालिकाः जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण (रू. हजारमा)

१.२४ तालिकाः जलस्रोत तथ ऊर्जा विकास मन्त्रालयमार्फत बजेटको हालसम्म प्राप्त उपलव्धिको विवरण

१.२५ तालिकाः जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आ.व. २०८२/०८३ को बेरुजु सम्बन्धी विवरण

१.२६ तालिकाः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ. व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्चको विवरण (रू. हजारमा)

१.२७ तालिकाः भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य उपलब्धीहरू

१.२८ तालिकाः प्रति व्यक्ति, प्रति वर्ष कृषि उत्पादनको उपलब्धता सम्बन्धी

१.२९ तालिकाः आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (सेवा शुल्क/टेण्डर)

१.३० तालिकाः भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरूजु सम्बन्धी विवरण

१.३१ तालिकाः भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको बहुवर्षीय तथा स्रोत सुनिश्चिता प्राप्त आयोनाको प्रगति विवरण

१.३२ तालिकाः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको आ. व. २०८०/८१ देखि र २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्चको विवरण (रू. हजारमा)

१.३३ तालिकाः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयबाट भएका भौतिक निर्माण सम्बन्धी विवरण

१.३४ तालिकाः यातायात व्यवस्था/सेवा कार्यालय मार्फत आर्थिक वर्ष २०८०/८१ देखि आ.व. २०८२/८३ सम्मको राजस्व सङ्कलनको विवरण (रू. हजारमा)

१.३५ तालिकाः यातायात व्यवस्था/सेवा कार्यालयबाट आ.व. २०८२/८३ मा भएको सवारी दर्ता सम्बन्धी विवरण

१.३६ तालिकाः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयबाट आ.व. २०८२/८३ को राजस्वको लक्ष्य र प्राप्ति (रकम रु.हजारमा)

१.३७ तालिकाः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको हालसम्मको बेरुजु अङ्क र फछ्यौंट अङ्क सम्बन्धी विवरण (रु.हजारमा)

१.३८ तालिकाः सामाजिक विकास मन्त्रालयको आ.व. २०८०/८१ देखि र २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण (रू. हजारमा)

१.३९ तालिकाः सामाजिक विकास मन्त्रालयको हालसम्मको बेरुजु अङ्क र फछ्यौंट अङ्क सम्बन्धी विवरण (रू. हजारमा)

१.४० तालिकाः सामाजिक विकास मन्त्रालयको आ.व. २०८२/८३ को आन्तरिक आयको लक्ष्य र प्राप्ति

१.४१ तालिकाः सामाजिक विकास मन्त्रालयको बहुबर्षीय तथा स्रोत सुनिश्चितता प्राप्त आयोजनाहरूको प्रगति विवरण (रू. हजारमा)

१.४२ तालिकाः कर्णाली प्रदेश योजना आयोगको आ.व. २०८०/८१ देखि र २०८२/८३ सम्म खुद बजेटको तुलनामा खर्चको विवरण (रू. हजारमा)

१.४३ तालिकाः आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) मा समावेश भएका आयोजनाको विवरणः

१.४४ तालिकाः कर्णाली प्रदेश आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२ को दफा १० बमोजिम आयोजनाको विवरण तथा कागजात परीक्षण उपसमितिले निर्देशक समिति समक्ष पेश गरेका आयोजनाहरूको विवरण (आर्थिक वर्ष २०८२/०८३)

१.४५ तालिकाः कर्णाली प्रदेश सरकारबाट ९ आर्थिक वर्षमा स्थानीय तहको लागि विनियोजन गरिएको अनुदान सम्बन्धी विवरण (रू. हजारमा)

चार्ट सूची

१.१ चार्टः कर्णाली प्रदेश सरकारको आ.व. २०७४/७५ देखि २०८२/८३ सम्म कुल बजेट विनियोजन र खर्चको तुलनात्मक स्थिति (चालु र पुँजीगत)

१.२ चार्टः कर्णाली प्रदेश सरकारको २०८२/८३ मा सुरु बजेट विनियोजनको तुलनामा मासिक खर्चको स्थिति (प्रतिशतमा)

१.३ चार्टः कर्णाली प्रदेश सरकारको आ.व. २०७४/७५ देखि २०८2/८3 सम्म बजेटको तुलनामा बचत सम्बन्धी विवरण (रू. हजारमा)

१.४ चार्टः कर्णाली प्रदेश सरकारको आ.व. २०७४/७५ देखि २०८२/८३ सम्म बजेटको तुलनामा राजस्व प्राप्ति सम्बन्धी विवरण (रू. करोडमा)

१.५ चार्टः कर्णाली प्रदेश सरकारको आ.व. २०८२/८३ मा खुद बजेट विनियोजनको तुलनामा मन्त्रालयगत खर्चको स्थिति (प्रतिशतमा)

१.६ चार्ट : आर्थिक वर्ष २०७५/७६ देखि २०८२/८३ वैशाखसम्म कर्णाली प्रदेश सरकारको आन्तरिक आयको अनुमान र प्राप्ति (रु.करोडमा)

१.७ चार्टः नेपाल सरकारबाट विगत पाँच वर्षको प्राप्त अनुदानको विवरण (रु. करोडमा)

१.८ चार्टः कर्णाली प्रदेश सरकारबाट आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म जिल्लागत रूपमा स्थानीय तहमा समपूरक अनुदान हस्तान्तरण (विनियोजित रकम) सम्बन्धी तुलनात्मक विवरण (रू. हजारमा)

१.९ चार्टः कर्णाली प्रदेश सरकारबाट आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म जिल्लागत रूपमा स्थानीय तहमा विशेष अनुदान हस्तान्तरण (विनियोजित रकम) सम्बन्धी तुलनात्मक विवरण (रू. हजारमा)

१.१० चार्टः कर्णाली प्रदेश सरकारबाट आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म जिल्लागत रूपमा स्थानीय तहमा ससर्त अनुदान हस्तान्तरण (विनियोजित रकम) सम्बन्धी तुलनात्मक विवरण (रू. हजारमा)

विषयसूची

कार्यकारी सारांश १

परिच्छेद-एक : समष्टिगत आर्थिक, वित्तीय तथा सामाजिक स्थिति

१.१ राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र र सामाजिक स्थिति ६

परिच्छेद- दुई : बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

२.१ समष्टिगत खर्चको स्थिति ९
२.२ लक्ष्य अनुसार बजेट खर्च हुन नसक्नुका कारण १३
२.३ आ.व. २०८२/८३ मा मन्त्रालयगत/निकायगत खर्चको विवरण १४
२.४ स्रोतगत खर्च विश्लेषण १६
२.५ प्रादेशिक कुल आय १६
२.६ प्रदेशको आन्तरिक आय १७
२.७ प्रदेशको आन्तरिक राजस्व १८
२.८ स्थानीय तहबाट सङ्कलन तथा बाँडफाँट भई प्राप्त राजस्व १८
२.९ नेपाल सरकारबाट प्राप्त अनुदान १९
२.१० अनुदान फिर्ता २०

परिच्छेद-तीन : क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

३.१ प्रदेश सभा सचिवालय २१
३.२ प्रदेश लोक सेवा आयोग २४
३.३ मुख्य न्यायाधिवक्ताको कार्यालय २७
३.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ३२
३.५ आर्थिक मामिला तथा योजना मन्त्रालय ३९
३.६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ४७
३.७ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय ६०
३.८ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ६७
३.९ भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय ८१
३.१० सामाजिक विकास मन्त्रालय ९२

३.११ कर्णाली प्रदेश योजना आयोग ११७

परिच्छेद-चार : बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

४.१ वित्तीय सङ्घीयता कार्यान्वयन र वित्तीय हस्तान्तरण १२८
४.२ आ.व. २०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धी अख्तियारी र मार्गदर्शनका प्रमुख विषय १३०
४.३ समीक्षा अवधिमा गरिएका प्रयास १३५
४.३.१ समपूरक र विशेष अनुदान सम्बन्धी प्रणाली १३५
४.३.२ सार्वजनिक वित्त व्यवस्थापनमा गरिएका अन्य सुधार १३५

परिच्छेद-पाँच : स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

५.१ स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण १३६
५.२ स्थानीय तहमा राजस्व बाँडफाँट १३९
५.३ वित्तीय सङ्घीयता कार्यान्वयन गर्ने सन्दर्भमा भएका उपलब्धि र समीक्षा १३९
५.४ वित्तीय सङ्घीयताको कार्यान्वयनमा देखा परेका समस्या १४०
५.५ समाधानका उपाय १४२

परिच्छेद-छ : बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने प्रयास

६.१ तत्काल गर्नुपर्ने कार्य १४४
६.१.१ बजेट कार्यान्वयन १४४
६.१.२ राजस्व व्यवस्थापन १४५
६.२ दीर्घकालमा गर्नुपर्ने कार्य १४७
६.२.१ बजेट तर्जुमा १४७
६.२.२ बजेट कार्यान्वयन १४८
६.२.३ स्रोत व्यवस्थापन १४९
६.२.४ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना १५१
६.२.५ सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउन १५२

अनुसूचीहरू **१५४**

कार्यकारी सारांश

१. कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ का सिद्धान्त, उद्देश्य, प्राथामिकता र प्रमुख नीति बमोजिम आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनको एक वर्ष पूरा भएको छ।

२. आर्थिक वर्ष २०८२/८३ मा रू.३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार रहेकोमा आर्थिक वर्षको बिचमा रू.१९ करोड ७० लाख संघीय सर्सत अनुदान थप भई कुल विनियोजन रू.३३ अर्ब १९ करोड ३६ लाख ५५ हजार रहेको छ। समिक्षा अवधिमा कुल विनियोजन मध्ये रू. २० अर्व ८ करोड ९७ लाख ८ हजार खर्च भएको छ। जुन कुल विनियोजनको ६०.५२ प्रतिशत हुन आउँछ।

३. आर्थिक वर्ष २०८२/८३ मा चालुतर्फ रू.१२ अर्ब ५९ करोड ४३ लाख १७ हजार, पुँजीगततर्फ रू.१९ अर्ब ९८ करोड ४३ लाख ३८ हजार र वित्तीय व्यवस्था तर्फ रू.६१ करोड ५० लाख कुल विनियोजन भएकोमा समिक्षा अवधिमा चालुतर्फ रू.८ अर्ब ७७ करोड ९० लाख २८ हजार, पुँजीगततर्फ रू.११ अर्ब १३ करोड ३२ लाख ५६ हजार र वित्तीय व्यवस्थातर्फ रू.१७ करोड ७५ लाख खर्च भएको छ। जुन कुल विनियोजित बजेटको क्रमशः ६९.७१, ५५.७१ र २८.८६ प्रतिशत खर्च हो।

४. आर्थिक वर्ष २०७४/७५ को कुल विनियोजित बजेटमध्ये कुल खर्च २२.९६ प्रतिशत भएको थियो भने आर्थिक वर्ष २०८२/८३ मा यो खर्च बढेर ६०.५२ प्रतिशत भएको छ। आर्थिक वर्ष २०७४/७५ मा कुल विनियोजित बजेटमध्ये पुँजीगत खर्च १९.२१ प्रतिशत भएको थियो भने आर्थिक वर्ष २०८२/८३ मा यस्तो खर्च ५५.७१ प्रतिशत भएको छ।

५. आर्थिक वर्ष २०८१/८२ मा सुरु अनुमान रू.३२ अर्ब ९९ करोड ६६ लाख रहेकोमा प्रदेश सरकारको कुल आय रू.३१ अर्ब ३३ करोड ९० लाख भएको छ जुन सुरु अनुमानको ९४.९८ प्रतिशत हुन आउँछ।

६. आर्थिक वर्ष २०८२/८३ मा आन्तरिक आय तर्फ कुल रू. ९६ करोड ७४ लाख प्राप्त हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रू. ९२ करोड ४० लाख प्राप्त भएको छ जुन सुरु अनुमानको ९५.५१ प्रतिशत हुन्छ। आर्थिक वर्ष २०८१/८२ मा कुल आन्तरिक आय रू. ८३ करोड ४४ लाख प्राप्त हुने अनुमान गरिएकोमा रू. ६५ करोड ९४ लाख अर्थात सुरु अनुमानको ७९.०३ प्रतिशत प्राप्त भएको थियो।

७. आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय सरकारबाट वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान गरी कुल रू. १६ अर्ब ४ करोड ७ लाख वित्तीय हस्तान्तरणबाट प्राप्त हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रू. १२ अर्ब ५८ करोड ४९ लाख अर्थात ७८.५० प्रतिशत प्राप्त भएको छ। आर्थिक वर्ष २०८१/८२ मा रू.१६ अर्ब ५ करोड ६२ लाख प्राप्त

हुने अनुमान गरिएकोमा रू. १२ अर्ब ३४ करोड २ लाख अर्थात् अनुमानको ७६.८५ प्रतिशत प्राप्त भएको थियो।

८. आर्थिक वर्ष २०८२/८३ मा वित्तीय हस्तान्तरण मार्फत नेपाल सरकारबाट प्राप्त रकम रू. १२ अर्ब ५८ करोड प्राप्त भएकोमा सो रकम कुल हस्तान्तरित अनुदान र राजस्व तथा रोयल्टी बाँडफाँटबाट प्राप्त जम्मा रकम रू. २२ अर्ब ५७ करोड २५ लाख ५५.७४ प्रतिशत हुन आउँछ। सङ्घीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण मध्ये समानीकरण अनुदान ७६.७९ प्रतिशत, ससर्त अनुदान १८.४४ प्रतिशत, समपूरक अनुदान २.४६ प्रतिशत र विशेष अनुदानले २.३१ प्रतिशत हिस्सा रहेको छ।

वित्तीय सङ्घीयता कार्यान्वयन

१. आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले सङ्कलन गर्ने तथा प्रचलित कानुन बमोजिम स्थानीय तहबाट बाँडफाँट भइ प्राप्त हुने आन्तरिक आय रू. ९३ करोड ५५ लाख ५१ हजार सङ्कलन हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रू. ८८ करोड ९९ लाख ६१ हजार प्राप्त भएको छ। जुन सुरु अनुमानको ९५ प्रतिशत हुन्छ।

२. आर्थिक वर्ष २०८२/८३ मा स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रू.४ अर्ब ५९ करोड ९८ लाख ४१ हजार विनियोजन भएकोमा समिक्षा अवधिमा रू.३ अर्ब ४८ करोड ४५ लाख ७२ हजार हस्तान्तरण भएको छ। जुन सुरु विनियोजनको ७५.७५ प्रतिशत हुन आउँछ।

३. आर्थिक वर्ष २०८२/८३ मा स्थानीय तहहरुलाई वित्तीय समानीकरण अनुदान तर्फ रू. ९५ करोड, ससर्त अनुदानतर्फ रू. २ अर्ब ५१ करोड ७२ लाख ४१ हजार, समपूरक अनुदान तर्फ रू. ७६ करोड ४६ लाख र विशेष अनुदान रू. ३६ करोड ८० लाख विनियोजन गरिएकोमा वित्तीय समानीकरण अनुदान तर्फ रू. ९४ करोड १५ लाख १६ हजार, ससर्त अनुदानतर्फ रू. १ अर्ब ९८ करोड ४५ लाख ७२ हजार, समपूरक अनुदान तर्फ रू. ३१ करोड ९९ लाख ५७ हजार र विशेष अनुदान रू. २३ करोड ८५ लाख ७१ हजार अनुदान हस्तान्तरण गरिएको छ।

४. आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले सार्वजनिक ऋण परिचालन गरेको छैन।

बजेट प्रणाली र वित्तीय व्यवस्थापनमा सुधार

१. कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको,

२. आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२ र कर्णाली प्रदेश आयोजना बैंक (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२ तर्जुमा गरी कार्यान्वयन हुने

आयोजनामा बजेट प्रविष्टी गर्दा आयोजना बैङ्कमा समावेश भएका आयोजनामा मात्र बजेट विनियोजन गरिएको,

३. समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजनाको हकमा कर्णाली प्रदेश समपूरक र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ लाई संशोधन गरी आयोजनाको माग तथा छनोट कार्यलाई प्रभावकारी बनाइएको,

४. ससर्त अनुदानबाट सञ्चालन हुने आयोजना प्रस्ताव तथा छनोट प्रक्रियालाई पारदर्शी बनाउन कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ तर्जुमा गरी सोही कार्यविधिको अवलम्बन गरी ससर्त तर्फका आयोजना छनोट गरिएको,

५. कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ अनुसार प्रदेश सरकारको वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी प्रतिवेदन तयार गरिएको,

बजेट कार्यान्वयन तथा व्यवस्थापनमा आगामी दिनमा गर्नुपर्ने सुधार

१. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यान्वयन क्षमता, उपलब्ध स्रोत र संस्थागत क्षमतालाई आधार बनाई यथार्थपरक बजेट विनियोजन गर्ने।

२. आयोजना छनोट गर्दा आयोजना बैंकमा समावेश भएका, पूर्वतयारी पूरा भएका र कार्यान्वयनयोग्य आयोजनालाई मात्र प्राथमिकता दिने।

३. बहुवर्षीय आयोजना तथा स्रोत सुनिश्चितता प्रदान गर्दा उपलब्ध स्रोतको अवस्था र आगामी वर्षको दायित्वलाई समेत विश्लेषण गरेर मात्र स्रोत सहमतिको लागि निर्णय गर्ने।

४. बजेट कार्यान्वयनको वार्षिक तथा त्रैमासिक कार्ययोजना सुरुमै तयार गरी सोहीअनुसार कार्यान्वयन र नियमित समीक्षा गर्ने।

५. आयोजना कार्यान्वयनमा देखिएका प्रशासनिक, कानुनी, प्राविधिक तथा बजेट सम्बन्धी समस्या समाधान गर्न सम्बन्धित मन्त्रालयबीच नियमित समन्वय र छलफल गर्ने।

६. अवण्डा बजेट राख्ने प्रवृत्तिलाई निरुत्साहित गरी आवश्यक भएमा सम्बन्धित कार्यक्रम तथा आयोजनामा समयमै बाँडफाँट गर्ने।

७. रकमान्तर तथा कार्यक्रम संशोधनलाई आवश्यकतामा आधारित र औचित्यपूर्ण बनाउँदै बजेट कार्यान्वयनमा अनावश्यक ढिलाइ हुन नदिने।

८. चालु खर्चमा मितव्ययिता कायम गर्दै अनावश्यक तथा दोहोरो प्रकृतिका खर्च नियन्त्रण गरी पुँजीगत खर्चको प्रभावकारिता र हिस्सा बढाउने।

९. विगतमा सिर्जित दायित्व, बहुवर्षीय ठेक्का तथा स्रोत सुनिश्चितता भएका आयोजनाको दायित्वलाई प्राथमिकताका साथ व्यवस्थापन गरी नयाँ दायित्व सिर्जना गर्दा स्रोतको सुनिश्चितता गर्ने।

१०. समयमै ठेक्का व्यवस्थापन, खरिद प्रक्रिया र निर्माण कार्य अघि बढाउन आवश्यक पूर्वतयारी पूरा गरी आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्ने प्रवृत्तिमा सुधार गर्ने।

११. सङ्घीय सरकारबाट प्राप्त ससर्त, समपूरक तथा विशेष अनुदानको उपयोग क्षमता बढाई तोकिएको उद्देश्यअनुसार समयमै खर्च तथा प्रतिवेदन गर्ने।

१२. खर्च हुन नसक्ने वा कार्यान्वयन सम्भावना न्यून भएका आयोजना तथा कार्यक्रमको समयमै पुनरावलोकन गरी आवश्यकतानुसार बजेट समर्पण, संशोधन वा रकमान्तर गर्ने।

१३. प्रदेशको आन्तरिक राजस्व परिचालनको दायरा विस्तार गर्न स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी राजस्व सम्भावनाको पहिचान तथा परिचालन गर्ने।

१४. बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउँदै कम प्रगति भएका आयोजना तथा कार्यक्रमका लागि सुधारात्मक कार्ययोजना लागू गर्ने।

१५. प्रदेश मन्त्रालय तथा मातहतका निकायको संगठन संरचना, जनशक्ति र जिम्मेवारीलाई स्थिर तथा स्पष्ट बनाई बजेट कार्यान्वयनमा देखिने प्रशासनिक अन्योल कम गर्ने।

१६. बजेट कार्यान्वयनसँग सम्बन्धित कानुन, कार्यविधि तथा मापदण्डमा रहेका अस्पष्टता र असमान व्यवस्था पहिचान गरी आवश्यक परिमार्जन गर्ने।

१७. प्रदेश र स्थानीय तहबीच आयोजना कार्यान्वयन, स्रोत परिचालन, राजस्व बाँडफाँट तथा कार्यक्रम दोहोरोपन नियन्त्रणका लागि प्रभावकारी समन्वय संयन्त्र विकास गर्ने।

१८. आर्थिक वर्षको अन्त्यमा हुने अत्यधिक खर्च नियन्त्रण गर्न पहिलो, दोस्रो र तेस्रो त्रैमासिकमै अपेक्षित प्रगति हासिल हुने गरी खर्च तथा कार्यक्रम कार्यान्वयनलाई समयबद्ध बनाउने।

१९. बजेट तथा कार्यक्रमको उपलब्धि मापन गर्दा खर्चको मात्रालाई नभई भौतिक प्रगति, सेवा प्रवाह र प्राप्त नतिजालाई समेत आधार बनाउने।

२०. प्रत्येक आर्थिक वर्षको प्रगति समीक्षा तथा बजेट कार्यान्वयनबाट प्राप्त सिकाइलाई आगामी आर्थिक वर्षको नीति, बजेट तथा कार्यक्रम तर्जुमामा अनिवार्य रूपमा उपयोग गर्ने।

परिच्छेद- एक

समष्टिगत आर्थिक तथा वित्तीय अवस्था

१. राष्ट्रिय तथा प्रादेशिक आर्थिक अवस्थाः

१.१ सन् २०२५ मा १.९ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्र सन् २०२६ मा १.८ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ। यसैगरी, उदीयमान तथा विकासशील मुलुकको अर्थतन्त्र सन् २०२६ मा ३.९ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ।

१.२ अन्य क्षेत्रहरुको तुलनामा उदीयमान तथा विकासशील एशियाली अर्थतन्त्रको वृद्धि माथि रहने देखिन्छ। सन् २०२५ मा यस्ता मुलुकको आर्थिक वृद्धि ४.४ प्रतिशतले विस्तार भएकोमा सन् 2026 मा ४.९ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ।

१.३ कृषि क्षेत्रको न्यून वृद्धिका कारण आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धि ३.८५ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धि ४.४३ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष मुलुकको अर्थतन्त्र आधारभूत मूल्यमा ३.६८ प्रतिशतले विस्तार हुने अनुमान छ। गत आर्थिक वर्ष यस्तो विस्तार ३.८० प्रतिशत रहेको थियो।

१.४ आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रू.६६ खर्ब १० करोड रहने अनुमान छ भने गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादन रू.६१ खर्ब ९९ अर्ब ८७ करोड रहेको थियो।

१.५ कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान उच्च रहेको छ। आ.व. २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४.६ प्रतिशत, उद्योग क्षेत्रको योगदान १३.८ प्रतिशत र सेवा क्षेत्रको योगदान ६२.१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः २५.१ प्रतिशत, १३.३ प्रतिशत र ६२.१ प्रतिशत रहेको थियो।

१.६ आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रू.२ खर्ब ७७ अर्ब रहने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादन रू.२ खर्ब ६४ अर्ब रहेको थियो।

१.७ आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) रू.२ खर्ब ४३ अर्ब रहने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादन रू.२ खर्ब ३२ करोड रहेको थियो।

१.८ विगत ८ वर्षमा औसत आर्थिक वृद्धिदर कर्णाली प्रदेशको सबैभन्दा बढी ४.१९ प्रतिशत रहेको छ।

१.९ आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको अंश ३.९४ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०८२/०८३ मा यो अंश बढेर ४.२ प्रतिशत पुग्ने अनुमान छ।

१.१० आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३१.७ प्रतिशत, ९.९ प्रतिशत र ५८.५ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा यस्तो योगदान क्रमशः ३१.५ प्रतिशत, ९.५ प्रतिशत र ५९.१ प्रतिशत रहेको थियो।

१.११ आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशको कुल मूल्य अभिवृद्धिमा कृषि क्षेत्रको योगदान ३१.५२ र गैर कृषि क्षेत्रको योगदान ६८.४८ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षको योगदान क्रमशः ३१.३१ र ६८.६९ प्रतिशत रहेको थियो।

१.१२ प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन बढ्दै गएको छ। आर्थिक वर्ष २०८२/८३ मा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ५ सय १३ अमेरिकी डलर रहने अनुमान छ भने कर्णाली प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार १ सय ८ अमेरिकी डलर रहने अनुमान छ।

१.१३ जनगणना २०६८ अनुसार नेपालीको औषत आयु ६६.६ वर्ष रहेको थियो भने जनगणना २०७८ अनुसार नेपालीको औषत आयु ७१.३ वर्ष रहेको छ। सबैभन्दा बढी औषत आयु भएको प्रदेश कर्णालीको ७२.५ वर्ष रहेको छ भने सबैभन्दा कम औषत आयु भएको प्रदेश लुम्बिनीको ६९.५ वर्ष रहेको छ।

१.१४ नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/०८०) अनुसार नेपालमा निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या २०.२७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा गरिबीको रेखामुनी रहेको जनसङ्ख्या २६.६९ प्रतिशत रहेको छ।

१.१५ नेपालमा गरिबीको विषमता ४.५२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा गरिबीको विषमता ६.२५ प्रतिशत रहेको छ।

१.१६ नेपालमा गरिबीको गहनता दर १.४८ रहेको छ भने कर्णाली प्रदेशमा गरिबीको गहनता दर २.१६ रहेको छ।

१.१७ कर्णाली प्रदेशको शहरी क्षेत्रमा गरिबीको दर १८.३४ प्रतिशत रहेको छ भने ग्रामीण क्षेत्रमा गरिबीको दर २४.६६ प्रतिशत रहेको छ।

१.१८ बहुआयामिक गरिबी दर राष्ट्रिय औषतमा १७.४० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको बहुआयामिक गरिबी दर ३९.५ प्रतिशत छ।

१.१९ आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेश सरकारको खर्च कुल रू. २० अर्ब ९ करोड ९६ लाख ८ हजार भएको छ जुन सुरू विनियोजनको ६०.५५ प्रतिशत हुन आउँछ।

१.२० आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेश सरकारको आन्तरिक राजस्व (रोयल्टी बाहेक) को लक्ष्य रू.९३ करोड ५५ लाख ५१ हजार रहेकोमा आर्थिक वर्षको अन्त्य सम्म रू.८८ करोड ९९ लाख ५१ हजार राजस्व प्राप्ति भएको छ, जुन कुल राजस्व लक्ष्यको ९५.१२ प्रतिशत हो।

१.२१ आर्थिक वर्ष २०७५/७६ देखि २०८२/८३ सम्म कर्णाली प्रदेश सरकारको कुल आन्तरिक राजस्वको लक्ष्य रू.४ अर्ब ९७ करोड ९ लाख अनुमान गरिएकोमा आ.व. २०८२/८३ सम्म रू.४ अर्ब ४६ करोड ९२ लाख प्राप्ति भएको छ, जुन कुल लक्ष्यको ९० प्रतिशत हुन आँउछ।

१.२२ कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ मा कुल विनियोजित बजेट मध्ये ४४.९५ प्रतिशत प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेटको हिस्सा रहेको छ। गत आर्थिक वर्ष यस्तो हिस्सा ४३.८ प्रतिशत रहेको थियो।

१.२३ कर्णाली प्रदेशका सबै स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ जसले गर्दा जनताको वित्तीय पहुँच समेत वृद्धि भएको छ।

परिच्छेद- दुई

बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

२.१ समष्टिगत खर्चको स्थिति

१.१ कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ मा क्षेत्रगत नीति र कार्यक्रमहरुको कार्यान्वयनका लागि पुँजीगततर्फ (वित्तीय व्यवस्थासमेत) रू. २० अर्ब ५९ करोड ९३ लाख ३८ हजार (६२.०५ प्रतिशत) र चालुतर्फ (वित्तीय हस्तान्तरण समेत) रू. १२ अर्ब ५९ करोड ४३ लाख १७ हजार (३७.९५ प्रतिशत) बजेट विनियोजन भएको थियो।

१.२ आर्थिक वर्ष २०८२/८३ मा कुल विनियोजनको चालुतर्फ (वित्तीय हस्तान्तरण समेत) रू. ८ अर्ब ७७ करोड ९० लाख २८ हजार अर्थात् ६९.७१ प्रतिशत र पुँजीगततर्फ (वित्तीय व्यवस्थासमेत) रू. ११ अर्ब ३१ करोड ७ लाख ५६ हजार अर्थात् ५४.९१ प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०८१/८२ मा चालुतर्फ (वित्तीय हस्तान्तरण समेत) रू. ९ अर्ब ७ करोड ९ लाख ५९ हजार अर्थात ७३.३१ प्रतिशत र पुँजीगततर्फ (वित्तीय हस्तान्तरण समेत) रू. १० अर्ब ९२ करोड ६५ लाख ४ हजार अर्थात ५७.४० प्रतिशत खर्च भएको थियो।

१.३ २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन, प्रतिनिधि सभाको निर्वाचन तथा मध्यपूर्वमा भएको युद्धका कारण इन्धनमा मुल्यवृद्धि र बिटुमिनको आपूर्ति समयमा हुन नसक्दा अपेक्षितरुपमा बजेट खर्च हुन सकेन। साथै अधिकांश कार्यक्रमहरु कार्यविधि तथा मापदण्ड निर्माण गरी कार्यान्वयन गर्नुपर्ने, लागत सहभागिता सम्बन्धी प्रावधान र अन्य प्रकृयागत ढिलाई प्रमुख कारण रहेका छन्। आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ को शीर्षकगत विनियोजन र खर्चको तुलनात्मक विवरण तालिका १ मा प्रस्तुत गरिएको छ।

१.४ कर्णाली प्रदेश सरकारको सुरु विनियोजन बजेटको आर्थिक वर्ष २०८२/८३ मा रू.३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार भएकोमा आर्थिक वर्षको बीचमा संघीय ससर्त अनुदान रू.१९ करोड ७० लाख थप भई कुल विनियोजन रू.३३ अर्ब १९ करोड ३६ लाख ५५ हजार कायम रहेको छ। कुल विनियोजन मध्ये आ.व. २०८२/८३ मा ६०.५२ प्रतिशत खर्च भएको छ भने आ.व. २०८१/८२ मा ६३.६७ प्रतिशत खर्च भएको थियो।

१.१ तालिका : कर्णाली प्रदेश सरकारको समष्टिगत खर्चको तुलनात्मक स्थिति (रू. हजारमा)


क्र. सं.	शीर्षक	आ.व. २०८१/८२			आ.व. २०८२/८३		
		विनियोजन	खर्च	खर्च प्रतिशत	कुल विनियोजन	खर्च	खर्च प्रतिशत
१	चालु	१२३७४०२८	९०७०९५९	७३.३१	१२५९४३१७	८७७९०२८	६९.७१
२	पुँजीगत	१९०३६०१३	१०९२६५०४	५७.४०	२०५९९३३८	११३१०७५६	५४.९१
	जम्मा	३१४१००४१	१९९९७४६४	६३.६७	३३१९३६५५*	२००८९७८५	६०.५२

- *संघीय ससर्त अनुदान रू. १९ करोड ७० लाख थप भएको समेत।*

***स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश ।*

१.५ कर्णाली प्रदेश सरकारको कुल बजेट विनियोजन मध्ये आ.व. २०८२/८३ मा चालुतर्फ ६९.७१ प्रतिशत र पुँजीगततर्फ ५४.९१ प्रतिशत खर्च भएको छ भने आ.व. २०७४/७५ मा चालुतर्फ २७.९२ प्रतिशत र पुँजीगततर्फ १९.२१ प्रतिशत खर्च भएको थियो।

१.१ चार्टः कर्णाली प्रदेश सरकारको आ.व. २०७४/७५ देखि २०८२/८३ सम्म कुल बजेट विनियोजन र खर्चको तुलनात्मक स्थिति (चालु र पुँजीगत)




***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

१.६ माथिको चार्ट अनुसार पुँजीगत खर्चको तुलनामा चालु खर्चको भार बढी देखिएको छ। विषयगत मन्त्रालयका विभिन्न शीर्षकमा सीप विकास, जनचेतना अभिवृद्धि, सचेतना कार्यक्रम र उत्पादनसँग सम्बन्धित कार्यक्रम लगायतका चालु प्रकृतिका खर्चहरुमा ठुलो रकम विनियोजित हुने गरेको र स्थानीय तहमा पुँजीगत कार्यको लागि हस्तान्तरण हुने रकम समेत चालु खर्चमा लेखाङ्कन हुने भएकोले पुँजीगत खर्चको अंश न्यून देखिएको हो।

१.७ कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना साउनमा महिनासम्म कुल विनियोजनको ०.१४ प्रतिशत खर्च भएको छ। कुल विनियोजन मध्ये जेठ महिनासम्ममा ३६.२६ प्रतिशत मात्र खर्च भएको छ भने असार महिनासम्ममा ६०.५२ प्रतिशत खर्च भएको छ।


१.२ चार्टः कर्णाली प्रदेश सरकारको २०८२/८३ मा सुरु बजेट विनियोजनको तुलनामा मासिक खर्चको स्थिति (प्रतिशतमा)



स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

१.८ कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ मा वार्षिक बजेटको तुलनामा सो आर्थिक वर्षमा ३४.०१ प्रतिशत यथार्थ बचत रहेको छ।


१.३ चार्टः कर्णाली प्रदेश सरकारको आ.व. २०७४/७५ देखि २०८२/८३ सम्म बजेटको तुलनामा बचत सम्बन्धी विवरण (रू. हजारमा)



***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

१.९ आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेश सरकारको बजेटको तुलनामा सङ्घीय सरकारबाट राजस्व बाँडफाँटबाट प्राप्त हुने आय ३०.१७ प्रतिशत रहेको छ भने आन्तरिक आय संकलन २.८ प्रतिशत रहेको छ। त्यस्तै आ.व. २०८१/८२ मा बजेटको तुलनामा सङ्घीय सरकारबाट राजस्व बाँडफाँटबाट प्राप्त हुने आय २६.६७ प्रतिशत रहेको थियो भने आन्तरिक आय संकलन २.०९ प्रतिशत रहेको थियो।

१.४ चार्टः कर्णाली प्रदेश सरकारको आ.व. २०७४/७५ देखि २०८२/८३ सम्म बजेटको तुलनामा राजस्व प्राप्ति सम्बन्धी विवरण (रू. करोडमा)



***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

२.२ लक्ष्य अनुसार बजेट खर्च हुन नसक्नुका कारण

२.२.१ बजेटको ठूलो अंश विनियोजन रहेका मन्त्रालय तथा मातहतका निकायमा तोकिएको कार्यसम्पादनका लागि दरबन्दी अनुसार आवश्यक जनशक्ति अभाव भई अपेक्षित रुपमा विकास आयोजना समयमै सम्पन्न नभएको,

२.२.२ बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि, मापदण्ड तर्जुमाको कार्यमा बढी समय खर्चिनु परेको र सो पश्चात मात्र अवण्डा रकमको बाँडफाँट हुने हुँदा समयमा निर्देशिका, कार्यविधि, मापदण्ड तर्जुमा हुन नसकेकोले खर्च न्यून भएको,

२.२.३ बजेट विनियोजन भएका आयोजनाको समयमै खरिद प्रक्रिया शुरु हुन नसक्दा आयोजना कार्यान्वयनमा ढिलाई हुन गएको,

२.२.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग र विषयगत मन्त्रालयको अनुगमन प्रभावकारी हुन नसकेको,

२.२.५ बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा योजनाबद्ध रुपमा प्राथमिकता प्राप्त कार्यक्रमहरु छनोट नभई विभिन्न स-साना कार्यक्रममा बजेट विनियोजन हुने प्रवृत्तिले कार्यचाप बढ्न गई तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेको,

२.२.६ मातहत कार्यालयहरुबाट कार्यान्वयन हुने कार्यक्रमको बजेट विषयगत मन्त्रालयमा राख्ने प्रवृत्तिले गर्दा समयमै बजेट कार्यान्वयन नभएको,

२.२.७ कतिपय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन, जग्गा प्राप्ति लगायतका पूर्वतयारी बिना बजेट विनियोजन गर्ने प्रवृत्तिले बजेट कार्यान्वयन हुन नसकेको,

२.२.८ आयोजनाको लागत बढी हुने तर विनियोजन न्यून भएका कतिपय आयोजनालाई बहुवर्षीय वा स्रोत सुनिश्चितताको लागि विषयगत मन्त्रालयले स्वीकृति प्राप्तिको लागि समयमा प्रदेश योजना आयोगमा प्रस्ताव नगर्ने तथा प्रक्रियागत ढिलाईका कारण बजेट खर्च हुन नसकेको,

२.२.९ स्थानीय तहबाट कार्यान्वयन हुने ससर्त अनुदानका आयोजना/कार्यक्रमहरु स्थानीय तहको समन्वयमा छनोट नभएको कारण कार्यान्वयनमा स्थानीय तहको अपनत्व र सहभागिता न्यून भई अपेक्षित रुपमा वित्तीय तथा भौतिक प्रगति हुन नसकेको,

२.२.१० बजेट कार्यान्वयनको क्रममा अन्तर-निकाय साझेदारी, समन्वय र सहकार्यमा कमी हुँदा बजेट तथा कार्यक्रममा दोहोरोपना हुनुको साथै समयमा कार्यान्वयनमा समस्या हुनु,

२.२.११ आर्थिक वर्षको अन्त्यसम्म आयोजना संशोधन तथा रकमान्तरले कार्यसम्पादनमा असर गरेको,

२.२.१२ Over Site Agency का कारणले कतिपय आयोजना कार्यान्वयन अगाडी बढ्न नसक्नु।

२.३ आ.व. २०८२/८३ मा मन्त्रालयगत/निकायगत खर्चको विवरण

२.३.१ आ.व. २०८२/८३ मा आन्तरिक मामिला तथा कानून मन्त्रालयको खर्च प्रगति ९३.६४ प्रतिशत देखिएको छ। यसो हुनुमा उक्त मन्त्रालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिन गई सम्पूर्ण बजेट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सारिएकोले सो मन्त्रालयको प्रगति बढि देखिएको हो। समग्रमा मुख्य न्यायाधिवक्ताको कार्यालयको खुद बजेट विनियोजनको तुलनामा ८२.४८ प्रतिशत खर्च भएको छ भने भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको खुद बजेट विनियोजनको तुलनामा ४९.१७ प्रतिशत खर्च भएको छ।


१.२ तालिकाः कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को मन्त्रालय/निकायको विनियोजन र खर्चको विवरण (रू. लाखमा)

मन्त्रालय/ निकाय	विनियोजन				खर्च				खर्च प्रतिशत			
	चालु	पुँजीगत	वित्तीय व्यवस्था	जम्मा बजेट	चालु	पुँजीगत	वित्तीय व्यवस्था	जम्मा खर्च	चालु	पुँजीगत	वित्तीय व्यवस्था	जम्मा
प्रदेश व्यवस्थापिका	१२५९४३	१९९८४३	६१५०	३३१९३७	८७७९०	१११३३३	१७७५	२००८९८	६८	६२		६७
प्रदेश लोक सेवा आयोग	१३४८	९९	०	१४४७	९१५	६१	०	९७६	५७	१८		५३
मुख्य न्यायाधिवक्ताको कार्यालय	८११	८६	०	८९७	४५९	१५	०	४७४	८८	१००		८८
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१७२	५	०	१७७	१५१	५	०	१५६	६०	३७		५५
आर्थिक मामिला तथा योजना मन्त्रालय	४९८३	१११३	०	६०९६	२९६५	४०७	०	३३७२	७४	७४		७४
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१८७६	१३८	०	२०१३	१३८९	१०३	०	१४९१	७४	५८		६४
जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	९९७७	१४३०३	०	२४२८०	७३४६	८२५२	०	१५५९८	७३	७६		७६

मन्त्रालय/ निकाय	विनियोजन				खर्च				खर्च प्रतिशत			
	चालु	पुँजीगत	वित्तीय व्यवस्था	जम्मा बजेट	चालु	पुँजीगत	वित्तीय व्यवस्था	जम्मा खर्च	चालु	पुँजीगत	वित्तीय व्यवस्था	जम्मा
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२७४६	३५५५८	०	३८३०४	२००६	२७०७७	०	२९०८३	५७	५७		५७
आन्तरिक मामिला तथा कानून मन्त्रालय	१९२९५	६४१६	०	२५७११	१०९८५	३६८४	०	१४६६९	९५	६२		९४
भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	६७४	३५	०	७०९	६४२	२२	०	६६४	७६	४८		४९
सामाजिक विकास मन्त्रालय	२८०६	१०७३१५	०	११०१२१	२१२८	५२०१६	०	५४१४३	७४	७१		७३
कर्णाली प्रदेश योजना आयोग	३१८८६	२७८४१	०	५९७२७	२३६७३	१९६७३	०	४३३४५	७७	२७		७०
अर्थ-वित्तीय व्यवस्था	३७१	६७	०	४३८	२८८	१८	०	३०६			२९	२९
अर्थ - विविध	०	०	६१५०	६१५०	०	०	१७७५	१७७५				
स्थानीय तह	३०००	६८६८	०	९८६८	०	०	०	०	७६			७६
कुल जम्मा	**४५९९८**	**०**	**०**	**४५९९८**	**३४८४६**	**०**	**०**	**३४८४६**	**७०**	**५६**	**२९**	**६१**

स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश*

१.५ चार्टः कर्णाली प्रदेश सरकारको आ.व. २०८२/८३ मा खुद बजेट विनियोजनको तुलनामा मन्त्रालयगत खर्चको स्थिति (प्रतिशतमा)



स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

२.४ स्रोतगत खर्च विश्लेषण

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारको स्रोततर्फ विनियोजित बजेट रू.१६ अर्ब ९३ करोड ७२ लाख ५५ हजार मध्ये समीक्षा अवधिमा रू. १० अर्ब ३७ करोड ९० लाख ९५ हजार अर्थात ६१.२८ प्रतिशत खर्च भएको देखिन्छ। त्यसैगरी सङ्घीय स्रोत तर्फको रू.१६ अर्ब २५ करोड ६४ लाख मध्ये रू.९ अर्ब ७१ करोड ६ लाख ९० हजार अर्थात ५९.७३ प्रतिशत खर्च भएको देखिन्छ।

१.३ तालिकाः कर्णाली प्रदेश सरकारको स्रोतगत खर्चको विश्लेषण

(रू. हजारमा)

खर्च व्यहोर्ने स्रोत	आ.व. २०८०/८१			आ.व. २०८१/८२			आ.व. २०८२/८३		
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत
प्रदेश	१७०८७११७	८८५२५९२	५१.८१	१५३५७८९०१००३०१९८		६५.३१	१६९३७२५५१०३७९०९५		६१.२८
सङ्घ	१६३२८७४३११०१५६१५		६७.४६	१६०५२१५१	९९६७२६५	६२.०९	१६२५६४००	९७१०६९०	५९.७३
जम्मा	३३४१५८६०१९८६८२०७		५९.४६	३१४१००४१	१९९९७४६३	६३.६७	३३१९३६५५२००८९७८५		६०.५२

स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

२.५ प्रादेशिक कुल आय

आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेश सरकारले रू.३२ अर्ब ९९ करोड ६७ लाख आयको अनुमान गरेकोमा नेपाल सरकारबाट प्राप्त हुने अनुदानमा कटौती हुनुका साथै लक्ष्य अनुसार आन्तरिक राजस्व सङ्कलन नहुँदा आर्थिक वर्षको अन्तिम सम्ममा कुल रू.३१ अर्ब ३३ करोड ४६ लाख मात्र प्राप्त भएको छ जुन लक्ष्यको ९४.९६ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०८२/८३ मा रू.३३ अर्ब १९ करोड ३६ लाख ५५ हजारको कुल बजेट (संघीय ससर्त अनुदानबाट थप समेत) मध्ये नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँडबाट रू.१० अर्ब २७ करोड ३० लाख प्राप्त हुने अनुमान गरिएको थियो। संघीय सरकारबाट प्राप्त हुने अनुदान रू.१६ अर्ब ४ करोड ७ लाख प्राप्त हुने बजेट सीमा प्राप्त भएको थियो। यस अवधिमा विभिन्न शीर्षकहरुमा संकलन भएको राजस्व तथा अनुदान प्राप्तिको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

१.४ तालिकाः आर्थिक वर्ष २०८२/८३ को कर्णाली प्रदेशको आयको लक्ष्य र प्राप्ति (रू. करोडमा)


विवरण	लक्ष्य	प्राप्ति	प्राप्ति प्रतिशत
नेपाल सरकारबाट प्राप्त अनुदान	१,६०४.०७	१,२५८.४९	७८.४६
नेपाल सरकारबाट प्राप्त राजस्व बाडफाँड	१,०२७.३०	९९५.५१	९६.९१
नेपाल सरकारबाट प्राप्त रोयल्टी	३.१९	३.२५	१०२.०२
प्रदेशको आन्तरिक राजस्व	८६.२५	८४.०६	९७.४६
स्थानीय तहबाट प्राप्त राजस्व	७.३०	५.१०	६९.८७
गत बर्षको मौजदात	५६९.६८	७८५.५६	१३७.८९
सोझै भुक्तानी हुने अनुदान	१.८७	१.४९	७९.६७
कुल जम्मा	**३,२९९.६७**	**३,१३३.४६**	**९४.९६**

स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय,सुर्खेत*

२.६ प्रदेशको आन्तरिक आय

आन्तरिक आयतर्फ आर्थिक वर्ष २०८१/८२ मा रू.८३ करोड ४४ लाख अनुमान गरिएकोमा रू.६५ करोड ९४ लाख प्राप्त भएको थियो जुन कुल अनुमानको ७९.०३ प्रतिशत हुन आउँछ भने आर्थिक वर्ष २०८२/८३ मा रू.९६ करोड ७४ लाख (रोयल्टी समेत) अनुमान गरिएकोमा रू.९२ करोड ४० लाख प्राप्त भएको छ जुन कुल अनुमानको ९५.५१ प्रतिशत हुन आउँछ।

१.६ चार्ट : कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ देखि २०८२/८३ सम्मको आन्तरिक आयको अनुमान र प्राप्ति (रू. करोडमा)



२.७ प्रदेशको आन्तरिक राजस्व

आन्तरिक राजस्वतर्फ आर्थिक वर्ष २०८१/८२ मा रू.८३ करोड ४४ लाख अनुमान गरिएकोमा रू.६५ करोड ९४ लाख प्राप्त भएको थियो जुन कुल अनुमानको ७९.०३ प्रतिशत हुन आउँछ भने आर्थिक वर्ष २०८२/८३ मा रू.९६ करोड ७४ लाख अनुमान गरिएकोमा रू.९२ करोड ४० लाख प्राप्त भएको छ जुन कुल अनुमानको ९५.५१ प्रतिशत हुन आउँछ।

१.५ तालिकाः कर्णाली प्रदेश सरकारको विगत छ आर्थिक वर्षको आन्तरिक राजस्व लक्ष्य र प्राप्ति (रू. लाखमा)

विवरण	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
लक्ष्य	३००६	६०००	७१२९	८३६२	८३४४	९,६७४
प्राप्ति	६३९४	६६२४	५७१७	७२५४	६५९४	९,२४०
प्राप्ति प्रतिशत	**२१२.७१**	**११०.४०**	**८०.१९**	**८६.७५**	**७९.०३**	९५.५१

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत*

२.८ स्थानीय तहबाट सङ्कलन तथा बाँडफाँट भई प्राप्त राजस्व

आर्थिक वर्ष २०८२/८३ मा स्थानीय तहबाट सङ्कलन तथा बाँडफाँट भई प्रदेश सरकारलाई कुल रू.२९ करोड ३१ लाख ९८ हजार राजस्व प्राप्त भएको छ जुन आ.व. २०८१/८२ को तुलनामा १९ प्रतिशतले बढी हो। स्थानीय तहबाट बाँडफाँट भई प्राप्त राजस्वमा सबैभन्दा बढी घरजग्गा रजिष्ट्रेशन दस्तुर रहेको छ भने मनोरञ्जन करमा सबैभन्दा कम राजस्व प्राप्त भएको छ।

१.६ तालिका : विगत छ आर्थिक वर्षको स्थानीय तहबाट सङ्कलन तथा बाँडफाँट भई प्राप्त राजस्व (रू.हजारमा)

विवरण	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
घरजग्गा रजिष्ट्रेशन दस्तुर	१९,१८९	१०१,८५४	१०४,२१५	१२८,५६९	१६३,६८९	२४२,१६८
मनोरञ्जन कर	-	-	-	१४	-	५४५
विज्ञापन कर	-	-	-	-	९९२	९१३
दहत्तर बहत्तर शुल्क	९४०	१७,९४०	११,०८३	२२,४०७	३८,७८१	४९,५७२
जम्मा	**२०,१२९.००**	**११९,७९४.००**	**११५,२९८.००**	**१५०,९९०.००**	**२०३,४६२.००**	**२९३,१९८**

स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत*


२.९ नेपाल सरकारबाट प्राप्त अनुदान

कर्णाली प्रदेश सरकारलाई आ.व. २०८२/८३ मा नेपाल सरकारबाट कुल रू.१२ अर्ब ५८ करोड अनुदान प्राप्त भएको थियो। गत आर्थिक वर्षको तुलनामा समानीकरण र ससर्त अनुदान बढेको छ भने विशेष र समपूरक अनुदान घटेको छ।

१.७ तालिकाः नेपाल सरकारबाट विगत छ वर्षको प्राप्त अनुदानको विवरण (रू. करोडमा)

अनुदान	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
समानीकरण	९६३	१,०१४	९३८	७५३	९५१	९६६
ससर्त	४३१	४९२	३३९	२६८	१९२	२३२
विशेष	४४	६१	४०	२९	४०	२९
समपुरक	२५	८१	३३	४८	४७	३१
जम्मा	**१,४६३**	**१,६४८**	**१,३५०**	**१,०९८**	**१,२३०**	१,२५८

१.७ चार्टः नेपाल सरकारबाट विगत छ वर्षमा प्राप्त भएको अनुदानको विवरण (रू. करोडमा)



२.१० अनुदान फिर्ता

कर्णाली प्रदेश सरकारलाई नेपाल सरकारबाट प्राप्त ससर्त, विशेष र समपूरक अनुदान पछिल्लो दुई आ.व. मा करिब पुर्णरुपमा नै खर्च भएको छ।

१.८ तालिकाः नेपाल सरकारलाई फिर्ता भएको अनुदान रकम (रू.लाखमा)

अनुदान	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
ससर्त अनुदान	१२,८८२	१२,२५२	(१०९)	३११	-	०.८
विशेष अनुदान	२,४३५	२,३७४	१६	-	-	-
समपुरक अनुदान	१,५२२	६,५८०	१२५	-	-	०.१
जम्मा	**१६,८३९**	**२१,२०६**	**३२**	**३११**	**-**	०.९

परिच्छेद-तीन

क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

३.१ प्रदेश सभा सचिवालय

१. पृष्ठभूमि

नेपालको संविधानको धारा १७५ बमोजिम प्रदेश सभाको गठन हुने प्रावधान बमोजिम कर्णाली प्रदेशका १० जिल्लाका ४० जना माननीय सदस्यहरू रहने गरी कर्णाली प्रदेशसभाको गठन हुने भएको छ। शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम प्रदेश सभाको प्रमुख कार्य सरकार निर्माण गर्नु, प्रादेशिक कानून बनाउनु, प्रदेश सरकारको काम कारवाहीको निगरानी गर्नु र प्रादेशिक जनसरोकार विषय प्रदेश सभामा छलफल गर्नु हो। नेपालको संविधानको भाग १४ मा प्रदेश व्यवस्थापिका, भाग १५ मा प्रदेश व्यवस्थापन कार्यविधि उल्लेख भए अनुसार प्रदेश सभाले कानून निर्माण गर्नुपर्ने हुन्छ।

यस प्रदेश सभाको पहिलो कार्यकालको पहिलो बैठक २०७४ साल माघ २१ गते बसेको थियो। पहिलो हुने निर्वाचित हुने प्रणालीबाट २४ जना, समानुपातिक निर्वाचन प्रणालीबाट १६ जना गरी जम्मा ४० माननीय सदस्यहरू कर्णाली प्रदेशसभामा रहनु भएको छ। कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको आठौं अधिवेशन सम्पन्न भएको छ। कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालमा सभामुखमा माननीय श्री नन्दा गुरूङ्ग र उपसभामुखमा माननीय श्री यसोदा न्यौपाने हुनुहुन्छ।

२. दीर्घकालीन सोच

सक्षम, प्रभावकारी, पारदर्शी, जनउत्तरदायी तथा मर्यादित प्रदेश सभामार्फत उत्कृष्ट संसदीय सेवा र सुशासन प्रवर्द्धन गर्ने सक्षम प्रदेश सभा सचिवालय निर्माण।

३. ध्येय

सक्षम, प्रभावकारी, पारदर्शी, जनउत्तरदायी तथा मर्यादित प्रदेश सभामार्फत उत्कृष्ट संसदीय सेवा र सुशासन प्रवर्द्धन गर्ने सक्षम प्रदेश सभा सचिवालय निर्माण गर्ने।

४. कार्यक्षेत्र

४.१ प्रदेशसभा तथा प्रदेशसभाको समितिलाई विधायिकी कार्यमा सहयोग गर्ने।

४.२ प्रदेश सभाको काम कारवाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

४.३ प्रदेशसभा, प्रदेशसभाका समिति र सदस्यलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने।

४.४ प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने।

४.५ प्रदेशसभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने।

४.६ प्रदेशसभाको दलका कार्यालयलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने।

४.७ संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने।

४.८ प्रदेशसभा परिसरमा सुरक्षा व्यवस्थापन गर्ने।

१.९ तालिकाः प्रदेश सभा सचिवालयको आ.व. २०८०/८१ देखि २०८२/८३ मा बजेट विनियोजन र खर्चसम्बन्धी विवरण (रू. हजारमा)

विवरण	आ.व. २०८०/८१			आ.व. २०८१/८२			आ.व. २०८२/८३		
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत
चालु	१३९,२६८	१०४,३५३	७४.९	१३६,३५०	१०६,३९०	७८	१३४,७८७	९१,४५३	६७.९
पुँजीगत	११,६५०	५,४४१	४६.७	८,६५०	६,०३२	६९.७	९,९३३	६,१३७	६१.८
जम्मा	१५०,९१८	१०९,७९४	७२.८	१४५,०००	११२,४२२	७७.५	१४४,७२०	९७,५९०	६७

स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

५. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

५.१ २०८२ साल भाद्र २३ र २४ गते भएको आदोलनको क्रममा भएको आगजनीका कारण सचिवालयको कार्यकक्ष तथा बैठक कक्ष पूर्ण रुपमा क्षतिग्रस्त भएकोमा पदाधिकारी भवन, विषयगत समितिका बैठक कक्षहरु, राजनीतिक दलका बैठक कक्षको मर्मत सुधारको कार्य भएको।

५.२ अस्थायी सभाहल निर्माण गरी सभा सञ्चालन गरिएको।

५.३ सचिवालय, सभा हल र समितिमा आवश्यक पर्ने फर्निचर तथा कम्प्युटर, प्रिन्टरजन्य सामाग्रीको व्यवस्थापन गरिएको।

५.४ विषयगत समितिका निर्णयअनुसारका कार्य सम्पादन गरिएको।

५.५ २०८२ साल भाद्र २३ र २४ गते भएको आन्दोलनका क्रममा सभा सचिवालय परिसरभित्र भएको फोहोरमैला व्यवस्थापन र सरसफाईजन्य कार्य सम्पन्न भएको।

६. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या/चुनौती

६.१ २०८२ साल भाद्र २३ र २४ गते भएको आन्दोलनको क्रममा आगजनीबाट नष्ट भएका अभिलेखहरुको सुरक्षित डिजिटल ब्याकअप तथा विद्युतीय अभिलेख प्रणालीको पर्याप्त व्यवस्था नहुँदा आवश्यक अभिलेख पुनःप्राप्ति तथा व्यवस्थापनमा समस्या उत्पन्न भएको।

६.२ २०८२ साल भाद्र २३ र २४ गते भएको आन्दोलनको क्रममा प्रदेश सभा हल तोडफोड र आगजनी भई नष्ट भएको हुँदा सभा संचाललनको लागि मर्मत सम्भार गर्नु पर्ने।

६.३ संसदीय समितिहरूका लागि पर्याप्त हल, प्रविधिमैत्री कार्यकक्ष र आधुनिक संसद् सचिवालयका लागि आवश्यक पूर्वाधार निर्माण र व्यवस्थापनमा समयमै बजेट खर्च हुन नसक्नु।

६.४ संसदीय समितिहरूको अनुगमन भ्रमण, जनतासँग संसदीय अन्तर्क्रिया तथा संसदीय प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्न पर्याप्त बजेट तथा सोको कार्यान्वयन हुन नसक्नु।

६.५ माननीय सदस्य तथा सचिवालयका कर्मचारीहरुको संसदीय कार्य, विधायन, सूचना प्रविधि तथा अन्य समसामयिक विषयमा समयानुकूल क्षमता अभिवृद्धि गर्ने तालिम, अध्ययन तथा अनुभव आदान प्रदानका अवसरहरु पर्याप्त रुपमा हुन नसकेको।

७. आगामी आ.व. मा सुधार गर्नुपर्ने क्षेत्र

७.१ २०८२ साल भाद्र २३ र २४ गते भएको आन्दोलनबाट क्षति पुगेको सचिवालय, सभा हल तथा अन्य भौतिक संरचनाको पुननिर्माण तथा पुनःस्थापनाको कार्यलाई उच्च प्राथमिकतामा यथासिघ्र सम्पन्न गरिनुका साथै भविष्यमा यस्ता विपद्को प्रभाव न्युनीकरण गर्न आवश्यक पूर्वतयारी र सुरक्षा व्यवस्थालाई संस्थागत गरिनुपर्ने।

७.२ आधुनिक डिजिटल अभिलेख व्यवस्थापन प्रणाली विकास गरी सबै अभिलेखहरुको सुरक्षित विद्युतीय ब्याकअप तथा विपद् पुनः प्राप्ति लागु गरिनुपर्ने।

७.३ माननीय सदस्य तथा सचिवालयका कर्मचारीहरुको संसदीय कार्य, विधायन, सूचना प्रविधि तथा अन्य समसामयिक विषयमा समयानुकूल क्षमता अभिवृद्धि गर्ने तालिम, अध्ययन तथा अनुभव आदान प्रदानका अवसरहरु पर्याप्त रुपमा उपलब्ध हुने व्यवस्था गरिनुपर्ने।

१.१० तालिकाः प्रदेश सभा सचिवालयको आ.व. २०८२/८३ को बेरुजु सम्बन्धी विवरण

सि. नं.	बेरुजुको विवरण			जम्मा बेरुजु	कैफियत
	असुल उपर गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेश्की बेरुजु		
१.	५३२०००/-	-	-	५३२०००/-	
	जम्मा			५३२०००/-	

स्रोतः *प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश।*

३.२ प्रदेश लोक सेवा आयोग

१. पृष्ठभूमि

नेपालको संविधानको भाग २३, धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने र प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने व्यवस्था गरिएको छ। प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको प्रयोजनका लागि सङ्घीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था गरिएको छ।

२. कार्यक्षेत्र

२.१ प्रदेश सेवा र स्थानीय सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनोट गर्न परीक्षा सञ्चालन गर्ने,

२.२ प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने,

२.३ प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्ने,

२.४ प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्ने,

२.५ प्रदेश सेवाको पदमा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनुपर्ने।

२.६ देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश सेवाको शर्त सम्बन्धी कानुनको विषयमा,

(ख) प्रदेश सेवाको पदमा छ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ग) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेशका अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) प्रदेश निजामती सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

१.११ तालिकाः प्रदेश लोक सेवा आयोगको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्मको खुद बजेट विनियोजनको तुलनामा खर्चसम्बन्धी विवरण (रू. हजारमा)

विवरण	आ.व. २०८०/८१			आ.व. २०८१/८२			आ.व. २०८२/८३		
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत
चालु	९९,२०५	६४,७७२	६५.३	९७,०००	८२,६२५	८५.२	८१,१०४	४५,८५८	५६.५

विवरण	आ.व. २०८०/८१			आ.व. २०८१/८२			आ.व. २०८२/८३		
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत
पुँजीगत	१०,९००	५,०३७	४६.२	२,०००	१,७७८	८८.९	८,५९०	१,५१६	१७.७
जम्मा	**११०,१०५**	**६९८,०९६**	**६३.४**	**९९,०००**	**८४,४०४**	**८५.३**	**८९,६९४**	**४७,३७४**	**५३.०**

स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

१.१२ तालिकाः प्रदेश लोक सेवा आयोगको आ.व. २०८२/८३ को आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (शीर्षकगत रुपमा) (रू. हजारमा)

सि.नं.	राजस्व शीर्षक	आ.व. २०८०/८१
१	१४२२४-परीक्षा शुल्क	५२१३००.००
२	१४२२९- अन्य प्रशासनिक सेवा शुल्क	२४००.००
	१५१११- बेरुजु	२२००.००

स्रोतः *प्रदेश लोकसेवा आयोग, कर्णाली प्रदेश।*

३. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

३.१ प्रदेश तथा स्थानीय तहका विभिन्न पदमा रिक्त पदहरुको पदपूर्तिबाट सेवा प्रवाहमा सुधार भएको।

१.१३ तालिकाः प्रदेश लोक सेवा आयोगको आ.व. २०८२/८३ प्रदेश र स्थानीय तहमा गरी निम्नानुसार सिफारिस गरिएको विवरण

तह	प्रदेश तर्फ			स्थानीय तह तर्फ			कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
चौथो	१३	३६	४९	३३	५७	९०	१३९
पाँचौं	३५	४२	७७	०	०	०	७७
जम्मा	४८	७८	१२६	३३	५७	९०	२१६

स्रोतः *प्रदेश लोकसेवा आयोग, कर्णाली प्रदेश।*

४. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या/चुनौती

४.१ वार्षिक कार्यतालिका अनुसार समयमै सबै रिक्त पदको माग प्राप्त गर्नु,

४.२ आफ्नै कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्ति गर्नु,

४.३ आयोगका पाठ्यक्रमसँग कार्यक्षेत्रमा आवश्यक पर्ने ज्ञान, सिप र शिक्षण संस्थाका पाठ्यक्रमको सामन्जस्यता कायम गर्नु,

४.४ नयाँ परीक्षण प्रविधिहरूको पहिचान, परीक्षण र प्रयोग गर्नु,

४.५ नयाँ परीक्षण पद्धतिको विकास, परीक्षा सञ्चालन प्रक्रियामा सुधार र क्षमता विकास लगायत कार्यमा बढ्दो खर्चको आवश्यकताअनुसार स्रोत प्राप्त गर्नु,

४.६ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विकसित नवीन सूचना प्रविधिका अभ्यासहरूसँग आयोगका कार्यसम्पादनलाई अनुकूल बनाउनु,

४.७ आयोगको कार्यसम्पादनमा जनशक्तिको दक्षता र सिपको आवश्यकता एवम् आपूर्तिबिच सामान्जस्य कायम गर्नु।

५. आगामी आ.व. मा सुधार गर्नुपर्ने क्षेत्रहरुः-

५.१ रिक्त पदहरुको माग समयमै प्राप्त हुनुपर्ने।

५.२ वार्षिक कार्यतालिका बमोजिम कार्यसम्पादन गर्नुपर्ने।

५.३ नवीनतम सूचना प्रविधिका अभ्यासहरुको अनुकूलन गर्ने।

५.४ विश्वविद्यालय/क्याम्पसका मेधावी छात्र/छात्राहरुलाई सरकारी सेवामा आकर्षित गर्न अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्ने।

१.१४ तालिकाः प्रदेश लोक सेवा आयोगको आ.व. २०८१/८२ को बेरुजुको विवरण

बेरूजुको किसिम	लगत	फछ्यौंट	बाँकी
असुल उपर गर्नुपर्ने	२,६१,०००.००	०	२६२०००

स्रोतः *प्रदेश लोकसेवा आयोग, कर्णाली प्रदेश।*

३.३ मुख्य न्यायाधिवक्ताको कार्यालय

१. पृष्ठभूमि

नेपालको संविधानको धारा १६०(१) मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने र मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने संवैधानिक व्यवस्था रहेको छ। प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हकहित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने, प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने, प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यान्वयनको अनुगमन गर्ने, प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानुन बनाउनु पर्ने वा भइरहेको कानुन संशोधन गर्नुपरेमा त्यसको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी लिखतमा स्तर कायम गर्न आवश्यक समन्वय गर्ने, प्रदेशभित्र रहेका हिरासत, थुनुवा कक्ष तथा कारागारमा रहेका थुनुवा तथा कैदी उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा निरीक्षण गरी सो सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने लगायतका काम, कर्तव्य र अधिकार मुख्य न्यायाधिवक्तामा निहित छन्। मुख्य न्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताको कार्यालयबाट उपलब्ध गराइएका सरकारी वकिल र प्रदेश सरकारबाट समायोजन भई आएका जनशक्तिबाट कार्यालयमा कार्यसम्पादन हुदै आएको छ। मुख्य न्यायाधिवक्तामा निहित अधिकारहरू मातहतका अधिकृत कर्मचारीहरूलाई सुम्पन सक्ने कानुनी व्यवस्था समेत रहेको छ।

२. दीर्घकालीन सोच

संवैधानिक एवम् कानुनी विषयमा प्रदेश सरकार र प्रदेश सरकारले तोकेको अन्य अधिकारीलाई राय सल्लाह दिने, प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको मुद्दामा प्रदेश सरकारको तर्फबाट उपस्थित भई सम्बन्धित अदालतमा वहस पैरवी र प्रतिरक्षा गर्ने, मानव अधिकारको संरक्षण गर्दै कानुनी शासनको सुनिश्चितता कायम गर्नु समेत दीर्घकालीन सोच रहेको छ।

३. लक्ष्य

संवैधानिक र कानुनी विषयमा अध्ययन, अनुसन्धान, प्रशिक्षण, अन्तरक्रिया, छलफल गर्ने र प्रहरी हिरासत र कारागारमा रहेका थुनुवा तथा कैदीहरुको मानव अधिकारको अवस्थाबारे जानकारी लिई सुधारका लागि संघीय सरकार तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने।

४. कार्यक्षेत्र

४.१ प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट सम्बन्धित अदालतमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने,

४.२ प्रदेश सरकार र मातहतका निकायका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश स्थित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कानुन कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

४.३ प्रचलित प्रदेश कानुनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानुन बनाउनु पर्ने वा भइरहेको कानुन संशोधन गर्न वा बनिरहेको कानुन लागु गर्नुपर्ने देखिएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

४.४ प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी मस्यौदामा कार्यालय वीच आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने,

४.५ प्रदेशस्थित हिरासत थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्तसंग वा कानुन व्यवसायी मार्फत् भेटघाट गर्न नदिएको वा मानवोचित व्यवहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,

४.६ प्रदेश सरकारको सरोकारमा पर्ने मुद्दामा प्रतिरक्षाको माग भई आएमा प्रतिरक्षा गर्ने,

४.७ प्रदेश सरकारको हक हित वा सार्वजनिक हितमा असर पर्नेगरी भएको निर्णय वा आदेश विरुद्ध मुद्दा दायर, पुनरावेदन वा पुनरावलोकनका लागि निवेदन दिन वा उपचार प्राप्त गर्न कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको कर्मचारीले गर्न सक्नेछ,

४.८ प्रदेश कानुन बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीबाट प्रदेश सरकारको हकहित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानुनको उल्लङ्घन वा सार्वजनिक हित विपरित भएको छ भन्ने लागेमा कानुनी उपचार प्राप्त गर्न सक्ने,

४.९ बहस, पैरवी तथा प्रतिरक्षा सम्बन्धी फैसला/आदेशको कार्यान्वयन भए नभएको अवलोकन गर्ने।

१.१५ तालिकाः मुख्य न्यायाधिवक्ताको कार्यालयको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्चसम्बन्धी विवरण

(रू. हजारमा)

विवरण	आ.व. २०८०/८१			आ.व. २०८१/८२			आ.व. २०८२/८३		
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत
चालु	१७,३७९	१४५०५	८३.५	१७,२००	१५,९४२	९२.७	१७,२००	१५,०९३	८७.८
पुँजीगत	४५०	१९९	४४.२	५००	४९१	९८.२	५००	४९८	९९.७
जम्मा	**१७,८२९**	**१४,७०४**	**८२.५**	**१७,७००**	**१६,४३३**	**९२.८**	**१७,७००**	**१५,५९१**	**८८.०**

स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

५. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

५.१ प्रदेशभित्रका १० वटै जिल्लामा रहेका कारागार तथा हिरासत कक्ष निरीक्षण र कारागारहरुसंग अन्तर्क्रिया गरिएको।

५.२ ९ वटा जिल्लाका कार्यालय प्रमुखहरुसंग लिखित जवाफ तथा कानूनी राय सम्बन्धी समन्वयात्मक बैठक तथा अन्तरक्रिया कार्यक्रम गरिएको।

५.३ प्रदेशका मन्त्रालयहरुका सचिवहरु र कानून अधिकृतहरुको लिखित जवाफ तथा कानूनी राय सम्बन्धी समन्वयात्मक बैठक तथा अन्तर्क्रिया कार्यक्रम गरिएको।

५.४ सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरुमा परेका रिटको प्रतिरक्षा गरिएको।

५.५ प्रदेशका मन्त्रालय, निकाय र कार्यालयहरुबाट माग भएको विभिन्न राय प्रदान गरिएको।

६. बजेट तथा कार्यक्रम कार्यान्वयन क्रममा देखिएका समस्या/चुनौती

६.१ प्रदेश सरकार र सो मातहतका मन्त्रालय तथा विभागका अधिकारीहरूबाट कानूनी राय माग गर्दा विधि प्रक्रिया नपुर्‍याई आउने गरेकोले कानूनी राय प्रदान गर्नमा असहजता भएको।

६.२ एउटै मुद्दामा विपक्षी बनाइएका फरक फरक सरकारी निकायबाट लिखित जवाफ पेश गर्दा आपसी समन्वय नहुँदा लिखित जवाफमा एकरूपता नहुँदा प्रतिरक्षा गर्न कठिनाई भएको।

६.३ कार्यालयको आफ्नै जग्गा र भवन नहुँदा सुर्खेत उपत्यका नगर विकास समितिको मातहतमा रहेको भवनमा बस्नु परेको।

६.४ प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय र कार्यालयहरूमा रहेका कानूनी अधिकृतहरूको दरबन्दी पूर्ति नहुँदा लिखित जवाफमा गुणस्तरीयता नहुनुका साथै निर्धारित ढाँचामा लिखित जवाफ प्राप्त हुन नसकेको।

६.५ मन्त्रालय, विभाग, कार्यालयहरूले लिखित जवाफ तयार गर्दा मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समन्वय र सम्पर्क नगर्ने प्रवृत्ति रहेको साथै आवश्यक कागजात बिना समुचित तथ्य समेत उल्लेख नगरी लिखित जवाफ पेश गर्दा प्रतिरक्षामा कठिनाई परेको।

६.६ रिट निवेदनमा विपक्षी बनाइएका मन्त्रालय, विभाग, कार्यालयहरूले प्रतिरक्षा गरिदिने सम्बन्धमा कार्यालयलाई लिखित पत्राचार नगर्ने प्रवृत्तिले बिना कागजात र सम्बन्धित कानूनका प्रतिनिधि उपस्थित नहुँदा अन्तरिम आदेश छलफलमा प्रतिरक्षा गर्न कठिनाई हुने गरेको।

६.७ मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकील र कर्मचारीहरूलाई कामको प्रकृति अनुसारको क्षमता अभिवृद्धि तालिमको सञ्चालन नहुनु।

६.८ दिन प्रतिदिन मुद्दाको संख्या बढ्दै गएको हुँदा प्रदेश अन्तर्गतका जिल्ला अदालत, उच्च अदालत, सर्वोच्च अदालत, प्रशासकीय अदालत समेतमा बहस पैरवी र प्रतिरक्षाका लागि उपस्थित हुन पर्याप्त मात्रामा बजेट नहुनु।

६.९ प्रदेश तहमा अदालतबाट सजाय पाएका व्यक्तिलाई सुधार, पुनर्स्थापना र समाजमा पुनःएकीकरण गर्न प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड सक्रिय नभएको।

७. आगामी आ.व. मा सुधार गर्नुपर्ने क्षेत्र

७.१ दूरदृष्टि सहित प्रदेश तथा मुख्य न्यायाधिवक्ताको भूमिका प्रभावकारी रूपमा स्थापित गर्नका लागि तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन रणनीतिक कार्ययोजना तर्जुमा गरी सोको कार्यान्वयन गर्नुपर्ने।

७.२ यस प्रदेश अन्तर्गतका हिरासत तथा कारागारमा रहेका व्यक्तिको मानव अधिकारको संरक्षणका लागि यस कार्यालयबाट हुने हिरासत तथा कारागारको अनुगमन, निरीक्षणको प्रतिवेदन प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।

७.३ प्रदेश अन्तर्गतका प्रत्येक जिल्लामा रहेको जिल्ला कानूनी सहायता समितिको प्रभावकारिता अभिवृद्धि गर्न प्रदेश सरकारले आवश्यक समन्वय र सहयोग गर्नुपर्दछ। त्यसैगरी प्रदेश सरकारबाट आवश्यक बजेटको व्यवस्था गरी प्रत्येक स्थानीय तहमा एकजना कानून अधिकृतको व्यवस्था गर्नुपर्ने।

७.४ प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड सक्रिय बनाउनुपर्ने।

७.५ प्रदेश सरकारका मन्त्रालयहरूबाट विषयगत कानून निर्माण गर्दा मुख्य न्यायाधिवक्ताको सहभागितालाई अनिवार्य गरिनुपर्ने।

७.६ प्रदेश सरकारका सचिवस्तरीय बैठक तथा गोष्ठीहरूमा मुख्य न्यायाधिवक्ताको कार्यालयको उपस्थितिलाई अनिवार्य गराइनुपर्ने।

७.७ प्रदेश सरकारबाट मुख्य न्यायाधिवक्ताको कार्यालयको भूमिकालाई समेत मुख्य प्राथमिकता दिनु पर्ने। मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी ऐन, २०७५ मा तोकिए बमोजिमका कार्यहरू पूर्ण र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले यथाशीघ्र नियमावली तथा कार्यविधि निर्माण गर्नुपर्ने।

७.८ प्रदेश सरकार र अन्तर्गतका कार्यालयहरूले यस कार्यालयबाट कानूनी राय माग्दा कानूनले तोकेको प्रक्रिया पुर्‍याई संवैधानिक एवं कानूनी विषयमा राय माग गर्नुपर्ने अभ्यास विकास गर्दै लैजानुपर्ने।

७.९ मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरूले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूमा मुख्यतया रिट सम्बन्धी मुद्दाहरू हेर्नुपर्ने हुँदा संवैधानिक कानूनको विषयमा क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरी दक्षता अभिवृद्धि गरिनुपर्ने।

७.१० मुख्य न्यायाधिवक्ताको कार्यालयको लागि सरकारले तत्काल आवश्यकताअनुसारको सरकारी भवन उपलब्ध गराउनुपर्ने देखिन्छ वा सरकारी जग्गा उपलब्ध गराई सरकारी भवनको निर्माण गर्नुपर्ने।

७.११ कर्णाली प्रदेश मातहतका सम्बन्धित निकायहरूले यस कार्यालयमा लिखित जवाफ पेश गर्दा मुद्दा, रिटसँग सम्बन्धित प्रमाणहरू समयमै रीत पुर्‍याएर पठाउने परिपाटीको विकास गरी बहस, पैरवी र प्रतिरक्षा प्रणालीलाई अनुमानयोग्य र न्यायसंगत बनाउनुपर्ने।

१.१६ तालिकाः मुख्य न्यायाधिवक्ताको कार्यालयको आ.व. २०८२/८३ सम्मको कायम बेरूजु र फछ्यौट बेरुजुको विवरण

आ.ब.२०८१/०८२ सम्मको बाँकी बेरुजु रू.	आ.ब. २०८२/०८३ मा थप भएको बेरुजु रू.	आ.ब. २०८२/०८३ मा फछ्यौट भएको बेरुजु रू.	बाँकी बेरुजु रू.
२२५३८८.००	०.००	२०७०३५.००	१८३५३.००

स्रोतः *मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश।*

३.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

१. पृष्ठभूमिः

नेपालको संविधान बमोजिम सङ्घीयता कार्यान्वयनसँगै प्रदेश सरकारको सर्वोच्च प्रशासकीय निकायको रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। वि.सं. २०७४ साल फागुन ३ गते प्रदेश मन्त्रिपरिषद्को गठन भएसँगै यस कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को प्रशासकीय निकायको मन्त्रिपरिषद्, प्रदेश निजामती तथा अन्य सरकारी सेवा, सुशासन, मानव अधिकार, प्रदेश सरकारका निकायहरूबीच समन्वय, निर्देशन र सुपरीवेक्षण, अन्तर सरकार समन्वय लगायतका कार्यजिम्मेवारी रहेको छ। मिति २०८२/०८/०१ को कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबाट साविक आन्तरिक मामिला तथा कानून मन्त्रालय समेत यसै कार्यालयमा गाभिन गई यस कार्यालयको कार्यक्षेत्रमा साविक आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्दै आएका कार्यहरू समेत थपिएका छन्। जसबाट कानूनसँग सम्बन्धित विषय, विपद् व्यवस्थापन, शान्ति सुरक्षा, आमसञ्चार र अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनी स्पष्ट रूपमा नतोकिएको कार्य यस कार्यालयको कार्यक्षेत्रमा थप हुन गएका छन्।

२. दीर्घकालीन सोच

स्वच्छ, सक्षम, जवाफदेही र सुशासनयुक्त प्रशासन र शासन।

३. ध्येय

प्रदेश शासकीय र प्रशासकीय सक्षमता तथा जवाफदेहिता मार्फत् सार्वजनिक सेवामा प्रभावकारिता ल्याउने।

४. कार्यक्षेत्र

कर्णाली प्रदेश कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस कार्यालयको कार्यक्षेत्र तथा कार्यजिम्मेवारी देहाय बमोजिम रहेका छन्।

४.१ प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी कार्य गर्ने।
४.२ प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
४.३ प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन,
४.४ प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
४.५ प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
४.६ प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण,

४.७ प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,

४.८ प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,

४.९ प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्बोधन,

४.१० मानव अधिकारको संरक्षण र प्रवर्द्धन,

४.११ सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार गर्ने,

४.१२ संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय,

४.१३ सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन र प्रदेशमा कार्यरत विकास साझेदारहरूको समन्वय तथा अनुगमन,

४.१४ प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,

४.१५ राष्ट्रिय समन्वय परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,

४.१६ प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन,

४.१७ निर्वाचन कार्यमा सहयोग र समन्वय,

४.१८ प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन,

४.१९ प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन,

४.२० प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण,

४.२१ प्रदेश प्रशिक्षण प्रतिष्ठान सञ्चालन, प्रदेशस्तरीय तालिम, नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय,

४.२२ प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक अध्ययन तथा भ्रमण सम्बन्धी,

४.२३ प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन,

४.२४ गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन तर्जुमा,

४.२५ प्रदेशिक नीति अनुसन्धान र नीति प्रयोगशाला सञ्चालन सम्बन्धी।

४.२६ प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसँगको समन्वय र सहकार्य।

४.२७ अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा।

४.२८ अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा।

४.२९ सङ्घीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन।

४.३० प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय।

४.३१ कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी।

४.३२ प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी।

४.३३ अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग।

४.३४ आधारभूत मानव अधिकारको संरक्षण, नागरीक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग।

४.३५ प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारकोसंरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी।

४.३६ सामुदायिक प्रहरी।

४.३७ प्रदेशभित्रकोसडक सुरक्षा र ट्राफिक व्यवस्थापन।

४.३८ प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन।

४.३९ प्रदेशभित्रकागैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख र समन्वय।

४.४० गुनासो र विवाद व्यवस्थापन।

१.१७ तालिकाः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेटको तुलनामा खर्चसम्बन्धी विवरण (रू. हजारमा)

विवरण	आ.व. २०८०/८१			आ.व. २०८१/८२			आ.व. २०८२/८३		
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत
चालु	५७५,५९६	१९९,१४३	३५	२९२,४५७	१४०,७३६	४८	४९८,३४८	२९६,४९६	६०
पुँजीगत	१,४०१,४७४	१३०,८७५	९	१२३,६८३	९४,०१५	७६	१११,२७२	४०,६७१	३७
जम्मा	१,९७७,०७०	३३०,०१८	१६	४१६,१४०	२३४,७५१	५६	६०९,६२०	३३७,१६७	५५

स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

५. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

५.१ मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ। सोही कार्यविधि बमोजिम कार्यक्रम अन्तर्गतका आयोजना स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।

५.२ दैलेख, जाजरकोट, सल्यान, रुकुम पश्चिम (भाग) जिल्लाका विभिन्न स्थानीय तहमा मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको अनुगमन भएको।

५.३ मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अनलाइन प्रणालीलाई सहज रुपमा आयोजना माग र प्रतिवेदन प्राप्त गर्न सकिने गरी मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम अद्यावधिक गरी सञ्चालन गरिएको।

५.४ बजेट तथा कार्यक्रमको त्रैमासिक र वार्षिक समीक्षासम्बन्धी कार्यसम्पादन गरिएको।

५.५ आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी कर्णाली प्रदेश प्रमुखबाट प्रदेश सभामा प्रस्तुत गरिएको।

५.६ प्रदेश समन्वय परिषद्को बैठक भाद्र र वैशाख महिनामा गरी दुई पटक सम्पन्न भएको। जसबाट प्रदेश र स्थानीय तहबीचको सम्बन्ध र स्थानीय तहमा रहेका समस्याहरू समाधान गर्न सहयोग पुगेको।

५.७ कर्णाली प्रदेश लोकसेवा आयोगबाट २०७९ देखि हालसम्म प्रदेश कार्यालयमा तथा स्थानीय तहमा सिफारिस भएका सम्पूर्ण कर्मचारीको सिटरोल दर्ता र PIS प्रणालीमा प्रविष्टि सम्पन्न भएको।

५.८ कर्णाली प्रदेशका सरकारी निकायहरुबाट सम्पादन हुने कामकारबाहीका सम्बन्धमा नागरिकको गुनासो, उजुरी, माग र सुझावहरुको शीघ्र सम्बोधन गर्ने, सेवा प्रवाह र विकास निर्माणका काममा पारदर्शिता तथा जवाफदेहिता स्थापित गर्ने, समग्र प्रदेशमा सुशासन कायम गर्ने उद्देश्यले निःशुल्क हटलाइन सेवा (१०९६) सञ्चालनमा रहेको छ। हालसम्म प्राप्त गुनासो ११९०, कुल दर्ता गुनासो ११९०, फर्स्यौंट भएको गुनासो ११५०, प्रकृयामा रहेको ४० वटा रहेको छ।

५.९ हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, भूकम्प, बाढी/जलमग्न, पहिरो/जमिन धासिने, भासिने डुवान, हावाहुरी तथा आँधीबेरी, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, आगलागी, डढेलो, जङ्गली जनावरको आक्रमण, भिरबाट लडेर, भिरबाट खसेको ढुङ्गाको कारण, खोला वा नदीमा डुबेर वा बगाएर भएको मृत्यु वा यस्तै अन्य प्राकृतिक विपद्लाई समावेश गरी बीमा गरिएको।

५.१० प्रदेशको प्रशासनिक संरचनालाई चुस्त, छरितो बनाउनको लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिएको। साथै मानव संशाधन विकास केन्द्र, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र सुर्खेतलाई कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमा गाभिएको।

५.११ प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमबाट यातायात व्यवस्था कार्यालय सुर्खेतमा एकद्वार सेवा प्रवाह प्रणालीको विकास भई सुरूवात भएको।

५.१२ नवप्रवर्तन साझेदारी परियोजना अन्तर्गत नलगाड नगरपालिका, जाजरकोट, नारायण नगरपालिका दैलेख, चौरजहारी नगरपालिका र सानीभेरी गाउँपालिका रूकुम पश्चिम (भाग), रास्कोट नगरपालिका कालीकोट र मुगुमकार्मारोङ गाउँपालिका मुगुमा रकम अख्तियारी प्रदान गरिएको र उक्त कार्यक्रमबाट नवप्रवर्द्धनात्मक कार्यक्रम सुरूवात गरिएको।

५.१३ भ्रष्टाचार न्यूनीकरण तथा सुशासन प्रवर्द्धनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोग सुर्खेतसँगको सहकार्यमा विषयगत मन्त्रालयका प्रदेश सचिव, योजना हेर्ने महाशाखा प्रमुख तथा सुर्खेतजिल्लास्थित कार्यालयका कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखबिच एक दिने कार्यक्रम सम्पन्न गरिएको।

५.१४ कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको सभाहल र सेमिनार हल व्यवस्थापन गरिएको।

५.१५ कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कम्पाउण्ड वाल निर्माण कार्यको थालनी भई कार्यालय परिसरको पूर्वीभागको कम्पाउण्डवाल निर्माण सम्पन्न भएको र गेट निर्माणको कार्य भइरहेको।

५.१६ मन्त्रिपरिषद्को बैठक ७ पटक बसी २२ वटा निर्णयहरु भएको।

६. बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य उपलब्धीहरुः

६.१ मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गतका आयोजना ७९ वटै स्थानीय तहका ७१८ वटा वडामा वित्तीय हस्तान्तरण गरिएको।

६.२ विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बिमा कार्यक्रम मार्फत हालसम्म ३८२ जना मृतकका परिवारले बिमा बापतको रकम भुक्तानी भएको।

६.३ रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्र मार्फत प्रदेश विशेष कार्यक्रम र खस भाषामा समाचार उत्पादन तथा प्रसारण कार्यक्रम भई भाषा संरक्षणमा योगदान पुगेको।

६.४ सशस्त्र सङ्घर्ष, जनआन्दोलन तथा प्रदेश प्राप्तिको लागि भएका सहिद वा वेपत्ता परिवारलाई सहिद स्मृति भत्ता स्थानीय तह मार्फत वितरण गरी सहिद वा वेपत्ता परिवारजनको सामाजिक सुरक्षा अभिवृद्धिमा योगदान पुगेको।

६.५ पत्रकार कल्याणकोष अनुदान सात लाख रकम पत्रकार कल्याण कोषमा जम्मा भएको।

६.६ पत्रकारिता अध्ययन छात्रवृत्ति कार्यक्रम अन्तर्गत मध्यपश्चिम विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत सामाजिक कार्य पत्रकारिता र आमसञ्चारसँग सम्झौता गरी ६ जनालाई छात्रवृत्ति वितरण गरिएको।

६.७ डिजिटल साक्षरता, साइबर अपराध र सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम जिल्ला प्रहरी कार्यालय सुर्खेतसँग सम्झौता गरी १४ वटा सुर्खेत जिल्लाभन्दा बाहिरका विद्यालयमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको।

६.८ सञ्चारकर्मी क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत मिथ्या सूचना र तथ्य जाँचसम्बन्धी तालिम सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, कालिकोट र रुकुम पश्चिमका ४० जना पत्रकारहरुलाई सहभागी गराई तालिम सञ्चालन गरिएको।

६.९ ११० वटा सञ्चार माध्यमहरुसँग सम्झौती गरी लोककल्याणकारी विज्ञापन कार्यक्रम मार्फत सञ्चार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन प्रकासन/प्रशारणको जिम्मा दिई कार्यक्रम सम्पन्न भएको।

६.१० प्रदेश स्थापना दिवस, प्रजातन्त्र दिवस, गणतन्त्र दिवस मनाउन समारोहको आयोजना गरी विभिन्न कार्यक्रमहरु सम्पन्न भएको।

६.११ एकीकृत कार्यालय व्यवस्थापन प्रणाली, केन्द्रिकृत इ-हाजिरी प्रणाली र एकीकृत वेवसाइट व्यवस्थापन प्रणालीहरूको अभिमुखीकरण तथा कार्यान्वयन कार्यक्रम सम्पन्न भएको।

६.१२ प्रदेश र स्थानीय तहका विभिन्न तहका कर्मचारीहरूलाई सेवा प्रवेश, सेवाकालीन, सार्वजनिक खरिद, आन्तरिक नियन्त्रण प्रणाली, बेरूजु फर्स्यौट, राजस्व अभिवृद्धि सम्बन्धी लगायतका विभिन्न किसिमका तालिमहरू प्रदान गरिएको।

७. कार्य सम्पादनको क्रममा देखिएका समस्या/चुनौती

७.१ कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि तर्जुमा नहुनु तथा कार्यविधि अद्यावधिक नभएको।

७.२ प्रदेश र स्थानीय तहको नीति, योजना तथा कार्यक्रममा तादात्म्यता कायम गर्न प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयन र सोको अनुगमन तथा मूल्याङ्कन गर्नु।

७.३ कर्मचारीको क्षमता विकास (सार्वजनिक खरिद, कार्यालय व्यवस्थापन, सूचना प्रविधि र सेवाकालीन) गर्नु,

७.४ आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्नु।

७.५ सङ्घ र स्थानीय तहसँगको र अन्तरनिकाय समन्वय र सहकार्य न्यून हुनु।

७.६ सफ्टवयेर प्रणालीहरुको अद्यावधिक गरी सञ्चालन गर्नु।

७.७ सम्पत्ति विवरणको अभिलेख व्यवस्थापन (स्थान र संरक्षण) गर्नु।

७.८ कार्यसम्पादन सम्झौताको निरन्तरता र कार्यान्वयनमा लक्ष्य प्रगति वीच आबद्धता कायम गर्नु।

७.९ संस्थागत स्मरणलाई सुदृढ बनाउनु।

८. सुधार गर्नुपर्ने क्षेत्रहरु

८.१ कार्यक्रम कार्यान्वयन गर्न समयमा नै कानून तर्जुमा गर्नुपर्ने।

८.२ प्रदेश र स्थानीय तहको नीति, योजना तथा कार्यक्रममा तादात्म्यता कायम गर्नु पर्ने।

८.३ कर्मचारीको क्षमता विकासमा जोड दिने।

८.४ अन्तरनिकाय समन्वय र सहकार्य कायम गर्ने।

८.५ निरन्तर रुपमा बहुसरोकारवाला सहभागी गराई अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने।

८.६ प्रदेश र स्थानीय तहको नीति, योजना तथा कार्यक्रममा तादात्म्यता कायम गर्नु पर्ने।

१.१८ तालिकाः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आ.व. २०८२/८३ सम्मको बेरुजुको विवरण

कार्यालयको नाम	बाँकी बेरुजु				कैफियत
	नियमित गर्नुपर्ने	पेश्की	असुलउपर गर्नुपर्ने	बाँकी जम्मा बेरुजु	
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	७४३५५१५३.५०	-	६०१४००.१५	७४९५६५५३.६५	

स्रोतः *मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश।*

३.५ आर्थिक मामिला तथा योजना मन्त्रालय

१. पृष्ठभूमि

वि.सं. २०७४ माघ २४ गते प्रदेश सरकारको स्थापनासँगै आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालयको मुख्य जिम्मेवारी आर्थिक मामिला र योजना गरी दुईवटा प्रमुख विषयहरु रहेका छन्। यसै सन्दर्भमा वार्षिक बजेट तर्जुमा गर्ने, आर्थिक नीति तथा सोको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने, आर्थिक तथा वित्तीय अनुशासन कायम राख्दै सार्वजनिक खर्चलाई प्रभावकारी बनाउने र स्रोत परिचालन भरपर्दो र दिगो बनाउने उद्देश्यमा केन्द्रित रही मन्त्रालयले कार्य सम्पादन गर्दै आएको छ।

सङ्घीयताको अभ्यासको प्रारम्भिक चरणमा नयाँ-नयाँ सिकाई तथा अनुभव, नीतिगत तथा कानुनी अन्योलता, समन्वयको उपयुक्त संयन्त्रको अभाव र जनशक्तिको अभाव लगायतका समस्याहरुसँग जुध्दै प्रदेश स्थापनाको छोटो अवधिमा नै कानुनी र संरचनात्मक ठोस आधारहरु तयार भई समृद्धिको दिशामा अगाडी बढेको छ। आगामी दिनमा नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा आफ्नै मौलिक विशेषता तथा नागरिकको अपेक्षाबमोजिम "समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" को दीर्घकालीन सोच बमोजिम प्रदेशको समृद्धि र सन्तुलित विकासमा मन्त्रालयले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने मन्त्रालयको रणनीति छ।

२. दीर्घकालीन सोच

समृद्ध कर्णाली सुखारी कर्णालीवासीको सपना साकार पार्ने।

३. ध्येय

प्रदेशको सर्वाङ्गीण विकासको लागि आर्थिक नीति तथा योजना तर्जुमा गरी आवश्यक साधन स्रोतको व्यवस्था सहित वित्तीय अनुशासन कायम गर्दै प्रदेशवासीको समृद्धिको चाहना पूरा गर्ने।

४. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहाय बमोजिम रहेका छन्:-

४.१ प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,

४.२ प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,

४.३ प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,

४.४ सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,

४.५ प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,

४.६ प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,

४.७ राष्ट्रिय तथा अन्तर प्रदेश विकास योजनाको समन्वय र ससर्त अनुदानको सदुपयोग,

४.८ प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन,

४.९ प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,

४.१० सङ्घीय नीति अनुरुप सह-वित्तीयकरण,

४.११ प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन,

४.१२ प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन तथा वित्तीय सुशासनको लेखाजोखा,

४.१३ प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,

४.१४ प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,

४.१५ प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

४.१६ प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखापरीक्षण,

४.१७ घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,

४.१८ सङ्घीय कानुन अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण,

४.१९ राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.२० सङ्घसँगको अन्तर सरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,

४.२१ तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा सङ्घ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,

४.२२ बिमा र बिमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,

४.२३ प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,

४.२४ आर्थिक विकासमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्य।

१.१९ तालिकाः आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्चसम्बन्धी विवरण

(रू. हजारमा)

विवरण	आ.व. २०८०/८१			आ.व. २०८१/८२			आ.व. २०८२/८३		
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत
चालु	१७४,३५७	१२२,७०६	७०.४	१६१,१५६	१२६,१२०	७८.३	१८७,५५५	१३८,८७२	७४.०
पुँजीगत	१९,४५०	११,२२४	५७.७	१४,१९९	१३,६७३	९६.३	१३,७९०	१०,२७३	७४.५
जम्मा	१९३,८०७	१३३,९३०	६९.१	१७५,३५५	१३९,७९३	७९.७	२०१,३४५	१४९,१४५	७४.०

स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

५. आ.व. २०८२/८३ मा मन्त्रालयबाट सम्पादन भएका प्रमुख कार्यः

५.१ बजेट कार्यान्वयनको लागि ७१ बुँदे मार्गदर्शन सहितको खर्च गर्ने अख्तियारी तथा बजेट कार्यान्वयन कार्यतालिका विषयगत मन्त्रालयलाई पठाइएको,

५.२ स्थानीय तहमा हस्तान्तरण भएको बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि २७ बुँदे मार्गदर्शन सहितको खर्च गर्ने अख्तियारी स्थानीय तहमा पठाइएको,

५.३ लेखा समुहका कर्मचारीको सरुवा तथा व्यवस्थापन गरिएको,

५.४ आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशन गरिएको र विषयगत मन्त्रालयहरुमा पठाइएको,

५.५ आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमको अर्धवार्षिक मूल्याङ्कन पुस्तिका तयार गरी प्रकाशन गरिएको,

५.६ कर्णाली प्रदेश वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ बमोजिम मन्त्रालयको आ.व. २०८१/८२ को वित्तीय जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गरिएको,

५.७ आर्थिक वर्ष २०८२/८३ को प्रथम, दोस्रो र तेस्रो त्रैमासिकमा सम्पादन भएका कार्यहरुको सूचनाको हकसम्बन्धी ऐन बमोजिम स्वतः प्रकाशन गरिएको,

५.८ विषयगत मन्त्रालयबाट माग भएका ऐन, नियम, कार्यविधि उपर राय, सुझाव, सहमति प्रदान गरिएको,

५.९ प्रदेश लेखा नियन्त्रक/इकाई कार्यालयहरुबाट आर्थिक वर्ष २०८१/८२ को प्रदेश अन्तरगतका कार्यालयहरुको आन्तरिक लेखा परीक्षण सम्पन्न भएको,

५.१० प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हिसाब भिडान कार्य सम्पन्न भएको,

५.११ आर्थिक वर्ष २०८१/८२ को एकिकृत वार्षिक वित्तीय विवरण तयार गरी प्रकाशन गरिएको,

५.१२ सङ्घीय सरकारलाई फिर्ता गर्नुपर्ने आ.व. २०८२/८३ को अनुदान फिर्ता गरिएको,

५.१३ आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा कार्य सम्पन्न गरी देहायका पुस्तिकाहरु प्रकाशन गरिएको,

- कर्णाली प्रदेश विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता
- बजेट वक्तव्य, २०८३
- कर्णाली प्रदेश विनियोजन ऐन, २०८३
- कर्णाली प्रदेश आर्थिक ऐन, २०८३
- मन्त्रालयगत प्रगति विवरण २०८२/८३
- आर्थिक सर्वेक्षण, २०८२/८३
- वार्षिक विकास कार्यक्रम पुस्तिका २०८३/८४
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण २०८३/८४
- आय व्ययको अनुमानित विवरण २०८३/८४

५.१४ आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम मन्त्रालयहरुको आवश्यकता/ माग अनुसार तथा प्रचलित कानुन बमोजिम रकमान्तर तथा कार्यक्रम संशोधन गरी बजेट कार्यान्वयनमा सहजता प्रदान गरिएको।

५.१५ यस मन्त्रालयबाट आ.व. २०८२/८३ का तर्जुमा तथा संशोधन गरिएका कानूनः

- कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ तर्जुमा,
- कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ तर्जुमा,
- आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२ तर्जुमा,
- कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२ तर्जुमा
- कर्णाली प्रदेश समपूरक, विशेष, ससर्त अनुदान सम्बन्धी कार्यविधि संशोधन,
- कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड संशोधन,

५.१६ आ.व. २०८३/८४ को लागि स्रोत अनुमान तथा आय व्ययको प्रक्षेपण गरिएको,

५.१७ आयोजनाको वहुवर्षीय स्रोत सहमति प्रदान गरिएको,

५.१८ मालपोत, यातायात, वन तथा स्थानीयतहसँग आन्तरिक राजस्व परिचालनका सम्बन्धमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको,

५.१९ प्रदेश भित्रका मालपोत कार्यालय प्रमुख र स्थानीय तहका राजस्व शाखा प्रमुख हरूलाई आन्तरिक राजस्व क्षमता अभिवृद्धि सम्बन्धी अभिमुखिकरण प्रदान गरिएको,

५.२० समपुरक, विशेष तथा ससर्त अनुदान तर्फका आयोजना प्रस्ताव तथा छनोटका सम्बन्धमा स्थानीय तहहरूलाई अभिमुखीकरण प्रदान गरिएको,

५.२१ बेरुजुको अभिलेखीकरणको लागि कार्यदल गठन गरी प्रतिवेदन तयार गरिएको,

५.२२ अधुरा, रुग्ण र बहुवर्षीय आयोजनाहरूको बाँकी दायित्वको अभिलेख तयार गरिएको,

५.२३ राजस्व परामर्श समिति गठन गरी सुझाव सहितको प्रतिवेदन पेश भएको,

५.२४ आर्थिक वर्ष २०८३/८४ को सरोकारवालासंग बजेट तथा राजस्व सम्वन्धी गोष्ठी गरिएको।

६. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या/चुनौती

६.१ अस्थिर संगठन संरचना रहेको कारण बजेट प्रविष्टि, रकमान्तर तथा भुक्तानी प्रणालीमा कठिनाइ उत्पन्न हुने गरेको।

६.२ विषयगत मन्त्रालयबाट अवण्डा बजेट बाँडफाँटको प्रस्ताव गर्दा प्रस्तावित क्रियाकलापलाई पुष्टि गर्ने तथा प्रचलित कानूनबमोजिम आवश्यक न्यूनतम/अनिवार्य कागजातहरू संलग्न नहुने कारण बजेट बाँडफाँटको कार्य समयमै सम्पन्न गर्न कठिनाइ हुने गरेको।

६.३ आयोजना संशोधनका लागि आवश्यक बहुनिकाय समन्वय गरी सम्बन्धित मन्त्रालयबाट आवश्यक कागजातसहित प्रस्ताव पेश हुनुपर्नेमा त्यसो नगरी सोझै आर्थिक मामिला मन्त्रालयमा प्रस्ताव आउने गरेकोले समयमै निर्णय गर्न कठिनाइ हुने गरेको।

६.४ बजेट कार्यान्वयनका लागि निर्माण गरिएका कार्यविधिका कतिपय प्रावधानहरूमा एकरूपता कायम हुन नसकेको।

६.५ बहुवर्षीय आयोजना तथा स्रोत सहमतिका लागि अत्यधिक प्रस्ताव तथा कार्यचाप हुने गरेको।

६.६ आवश्यक प्रक्रिया पूरा नगरी स्रोत सहमति माग हुने गरेकोले प्रस्तावमाथि समयमै निर्णय गर्न कठिनाइ हुने गरेको।

६.७ सम्बन्धित मन्त्रालयले चालु आर्थिक वर्षमा प्रदान गर्न सक्ने क्षमताभन्दा बढी कार्यक्रम तथा आयोजनाका प्रस्ताव पेश हुने गरेकोले निर्णय गर्न कठिनाइ हुने गरेको।

६.८ विगतका आर्थिक वर्षहरूमा प्रदान गरिएको स्रोत सहमतिको वास्तविक बाँकी दायित्व यकिन गरी समयमा नै विवरण पेश नगर्ने गरेकोले आगामी आर्थिक वर्षका लागि आवश्यक स्रोतको यथार्थ आँकलन गर्न कठिनाइ हुने गरेको।

६.९ आवश्यक प्रक्रिया पूरा नभएका आयोजनाहरूमा समेत स्रोत सहमतिको माग हुने गरेको।

६.१० अनिवार्य दायित्व तथा बहुवर्षीय आयोजनाहरूमा आवश्यकताअनुसार पर्याप्त रकम विनियोजन हुन नसकेको।

६.११ ससर्त, समपूरक तथा विशेष अनुदानतर्फ विनियोजित रकमको खर्च न्यून हुने गरेको।

६.१२ टुक्रे तथा साना प्रकृतिका कार्यक्रमहरू स्थानीय तहमा ससर्त अनुदानमार्फत हस्तान्तरण गर्न नसकिएको।

६.१३ सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदान अन्तर्गतका कार्यक्रमहरू समयमै बाँडफाँट हुन नसक्दा कार्यक्रम कार्यान्वयनमा समस्या देखिने गरेको।

६.१४ सुरु विनियोजनको तुलनामा तोकिएको सीमाभन्दा बढी रकम रकमान्तरका लागि माग हुने गरेको।

६.१५ विषयगत मन्त्रालय/निकायबाट रकमान्तरका लागि घटाउने तथा बढाउने दुवै क्रियाकलापसँग सम्बन्धित न्यूनतम आवश्यक पुष्टि गर्ने कागजातहरू संलग्न नगरी प्रस्ताव पेश हुने गरेको।

६.१६ सहमति मागका लागि यस मन्त्रालयमा प्रस्ताव पठाउँदा उल्लेख गर्नुपर्ने न्यूनतम विषयवस्तुहरू स्पष्ट रूपमा उल्लेख नगरी वा अपूर्ण रूपमा प्रस्ताव प्राप्त हुने गरेको।

६.१७ यस मन्त्रालयको राय लिन आवश्यक तथा अनिवार्य नभएका विषयहरूमा समेत राय/सहमति माग हुने गरेको।

६.१८ स्थानीय तहले बाँडफाँट गर्नुपर्ने राजस्व विभाज्य कोषमा रकम जम्मा नगरी सोझै सम्बन्धित निकायको सञ्चित कोषमा दाखिला गर्ने गरेको।

६.१९ सम्बन्धित निकायहरूबीच आवश्यक अन्तरनिकाय समन्वय तथा सहकार्य प्रभावकारी रूपमा हुन नसकेको।

७. सुधार गर्नुपर्ने क्षेत्र

७.१ मन्त्रालय तथा सम्बन्धित निकायहरूको संगठन संरचनालाई स्थिर, स्पष्ट र कार्यबोझअनुकूल बनाउने।

७.२ बजेट कार्यान्वयनसँग सम्बन्धित कार्यविधि तथा निर्देशिकामा एकरूपता कायम गर्ने।

७.३ उपलब्ध स्रोत, संस्थागत क्षमता र कार्यान्वयनयोग्यताका आधारमा यथार्थपरक बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने।

७.४ अनिवार्य दायित्व तथा बहुवर्षीय आयोजनाका लागि पर्याप्त बजेट विनियोजन गर्ने।

७.५ साना, टुक्रे तथा छरिएका आयोजना तथा कार्यक्रमको संख्या घटाई प्राथमिकताप्राप्त तथा प्रतिफलमुखी आयोजना तथा कार्यक्रममा बजेट केन्द्रित गर्ने।

७.६ अवण्डा बजेट बाँडफाँट गर्दा आवश्यक कागजात तथा स्पष्ट आधार अनिवार्य रूपमा पूरा गरी प्रस्ताव पेश गर्ने व्यवस्था मिलाउने।

७.७ आयोजना छनोटपूर्व आवश्यक अध्ययन, तयारी र प्राथमिकता निर्धारण गर्ने।

७.८ आयोजना संशोधनका लागि सम्बन्धित सबै निकायबीच आवश्यक समन्वय गरी पूर्ण कागजातसहित प्रस्ताव पेश गर्ने व्यवस्था गर्ने।

७.९ स्रोत सहमति माग गर्नुपूर्व पूरा गर्नुपर्ने प्रक्रिया पुरा गरेर मात्र स्रोत सहमतिको लागि प्रस्ताव गर्ने,

७.१० विगतमा प्रदान गरिएको स्रोत सहमतिको वास्तविक दायित्व यकिन गरी आगामी वर्षको स्रोत निर्धारण गर्ने।

७.११ उपलब्ध स्रोत तथा मन्त्रालयको वित्तीय क्षमतासँग मेल खाने गरी मात्र नयाँ दायित्व सिर्जना गर्ने।

७.१२ रकमान्तर प्रस्तावसँग अनिवार्य रूपमा आवश्यक पुष्टि गर्ने कागजात संलग्न गर्ने व्यवस्था कडाइका साथ लागू गर्ने।

७.१३ बारम्बार रकमान्तर गर्नुपर्ने अवस्थाको विश्लेषण गरी बजेट तर्जुमाकै चरणमा सुधार गर्ने।

७.१४ विनियोजित बजेट खर्च गर्न सक्ने संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि गर्ने।

७.१५ कार्यक्रम कार्यान्वयनको वार्षिक कार्ययोजना र खरिद योजना समयमै तयार गर्ने।

७.१६ न्यून खर्च हुने ससर्त, समपूरक तथा विशेष अनुदानका कार्यक्रमको नियमित समीक्षा गरी कार्यान्वयनमा देखिएका अवरोध हटाउने।

७.१७ सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदानको समयमै बाँडफाँट तथा कार्यान्वयन सुनिश्चित गर्ने।

७.१८ अनुदानको उपयोग तथा उपलब्धिको नियमित अनुगमन गर्ने।

७.१९ आर्थिक मामिला तथा योजना मन्त्रालयबाट राय/सहमति लिनुपर्ने विषय स्पष्ट रूपमा वर्गीकरण गर्ने।

७.२० अनिवार्य नभएका विषयमा राय/सहमति माग गर्ने प्रवृत्ति निरुत्साहित गर्ने।

७.२१ स्थानीय तहले बाँडफाँट गर्नुपर्ने राजस्व सम्बन्धित विभाज्य कोषमा समयमै दाखिला गर्ने व्यवस्था प्रभावकारी बनाउने।

७.२२ बजेट तथा कार्यक्रमको कार्यान्वयन प्रगतिको नियमित अनुगमन गर्ने।

७.२३ भौतिक तथा वित्तीय प्रगतिबीचको सम्बन्धलाई समेत मूल्याङ्कन गर्ने।

७.२४ न्यून प्रगति भएका कार्यक्रमको कारण पहिचान गरी समयमै सुधारात्मक कदम चाल्ने।

७.२५ बजेट, लेखा, सार्वजनिक खरिद, आयोजना व्यवस्थापन तथा वित्तीय अनुशासन सम्बन्धी कर्मचारीको क्षमता विकास गर्ने।

७.२६ स्रोतको उपलब्धता र कार्यान्वयन क्षमताका आधारमा मात्र कार्यक्रम तथा बजेट स्वीकृत गर्ने।

७.२७ विगतका कार्यक्रमको उपलब्धि, खर्च र प्रभावको मूल्याङ्कनका आधारमा आगामी वर्षको बजेट तथा कार्यक्रम निर्धारण गर्ने।

७.२८ विषयगत मन्त्रालय, आर्थिक मामिला मन्त्रालय, स्थानीय तह तथा अन्य सम्बन्धित निकायबीच नियमित समन्वय संयन्त्र विकास गर्ने।

१.२० तालिकाः आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०८२/८३ सम्मको कायम बेरूजु र फछ्यौट बेरुजुको विवरण

कार्यालयको नाम	नियमित गर्नुपर्ने	बाँकी बेरुजु पेश्की	बाँकी बेरुजु असुलउपर गर्नुपर्ने	बाँकी बेरुजु जम्मा बेरुजु	कैफियत
आर्थिक मामिला तथा योजना मन्त्रालय	-	-	-	-	
प्रदेश लेखा नियन्त्रक कार्यालय/इकाई कार्यालय (मातहातका निकाय)	**१५७०७३३७**	०	५८१२१	१५७६५४५८	

स्रोतः *आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश।*

३.६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

१. पृष्ठभूमि

प्रदेशलाई औद्योगिकीकरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्दै औद्योगिक क्षेत्रमा निजी, स्वदेशी, तथा विदेशी लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधारको निर्माण गर्दै लैजाने, मौजुदा पूर्वाधारको उपयोग गर्ने, कच्चा पदार्थको प्रशोधन गरी निर्यातजन्य पदार्थको उत्पादन तथा निर्यात गर्ने, लघु, घरेलु, तथा साना उद्योगहरुको माध्यमबाट गरिबी न्यूनीकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउँदै, वाणिज्य क्षेत्रलाई सबल तुल्याउँदै आन्तरिक, अन्तर प्रादेशिक तथा बाह्य व्यापारको सहजीकरण, प्रवर्द्धन र नियमन गर्दै, कर्णाली प्रदेशमा रहेको मूर्त तथा अमूर्त साँस्कृतिक तथा धार्मिक र प्राकृतिक सम्पदाहरुको संरक्षण र विकास गर्दै प्रदेशको आर्थिक विकासको प्रमुख आधारको रुपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सृजना, आर्थिक क्रियाकलापमा वृद्धि र समग्र प्रादेशिक आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउदै, वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानी मुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोग मार्फत् अर्थतन्त्रमा योगदान पुऱ्याउने लक्ष्यका साथ मिति २०७४/११/०३ गते यो मन्त्रालयको स्थापना भएको हो।

२. दीर्घकालीन सोच

दिगो वन व्यवस्थापन, उद्योग, उद्यमशीलता, पर्यटन र सन्तुलित पर्यावरण मार्फत् प्रदेशको समृद्धि।

३. ध्येय

व्यवस्थित वन क्षेत्र, उद्योग, उद्यमशीलता, पर्यटनको विकास र सन्तुलित पर्यावरण मार्फत् प्रदेशको आर्थिक, सामाजिक, साँस्कृतिक समृद्धिमा योगदान पुऱ्याउने।

४. कार्यक्षेत्र

कर्णाली प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्र र जिम्मेवारी देहाय अनुसार रहेका छन्:-

४.१ व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण,

४.२ प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन,

४.३ ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,

४.४ नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता,

४.५ व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन,

४.६ खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङ्कलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन्, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र सङ्घसँग समन्वय,

४.७ भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी कार्य,

४.८ कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.९ उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन,

४.१० प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जूमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,

४.११ औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन,

४.१२ सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.१३ उपभोक्ताको हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन,

४.१४ मुल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन,

४.१५ सङ्घीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन,

४.१६ उपभोक्ता अदालत गठन र सञ्चालन,

४.१७ अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तर प्रादेशिक र स्थानीय तहबिच समन्वय,

४.१८ लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन,

४.१९ करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,

४.२० सङ्घसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन,

४.२१ दामासाहिमा परेका उद्योग, व्यावसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.२२ प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,

४.२३ प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन,

४.२४ सङ्घीय कानुन बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन,

४.२५ प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.२६ औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन,

४.२७ उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग,

४.२८ स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता,

४.२९ प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन,

४.३० पर्यटक प्रहरी व्यवस्थापन,

४.३१ पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, च्याफ्टिङ आदिको दर्ता, अनुमति, नवीकरण र नियमन,

४.३२ प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.३३ वन्यजन्तु र वन पैदावार ओसार-पसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,

४.३४ वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन,

४.३५ प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन,

४.३६ हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन,

४.३७ जडिबुटी खेती, प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन-अनुसन्धान तथा तथ्याङ्क सङ्कलन,

४.३८ वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह,

४.३९ वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग,

४.४० प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन,

४.४१ प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट,

४.४२ प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन,

४.४३ प्रदेशभित्र भू-स्खलन नियन्त्रण,

४.४४ प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन,

४.४५ प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.४६ प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना,

४.४७ प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार,

४.४८ प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन,

४.४९ प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण तथा फोहरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहजीकरण,

४.५० प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन,

४.५१ प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन,

४.५२ प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,

४.५३ भू-परिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन,

४.५४ संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण,

४.५५ अन्तर प्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन,

४.५६ वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीऊ उत्पादन, बीऊ वगैंचा स्थापना र व्यवस्थापन,

४.५७ प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.५८ प्रदेशभित्र जडिवुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन,

४.५९ बन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.६० प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग,

४.६१ वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास,

४.६२ विज्ञान सङ्ग्रहालय र प्लोटोरियमको स्थापना र सञ्चालन र ब्यवस्थापन।

१.२१ तालिकाः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्चसम्बन्धी विवरण (रू. हजारमा)

विवरण	आ.व. २०८०/८१			आ.व. २०८१/८२			आ.व. २०८२/८३		
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत
चालु	९९७,९०९	७०८,८७७	७१.०	८३६,७२७	६८५,८००	८२.०	९९७,६६७	७३४,६१५	७३.६
पुँजीगत	१,१९४,९४४	७०७,९८६	५९.३	१,११५,२७१	७३१,८४८	६५.६	१,४३०,३३१	८२५,१५३	५७.७
जम्मा	२,१९२,८५३१,४१६,८६३		६४.६	१,९५१,९९८१,४१७,६४८		७२.६	२,४२७,९९८१,५५९,७६८		६४.०

स्रोतः *उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश।*

१.२२ तालिकाः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वहुवर्षीय तथा स्रोत सुनिश्चितता प्राप्त आयोजनाहरुको प्रगति विवरण

आयोजनाको नाम	कार्यालय	सम्झौता मिति	समाप्त हुने मिति	सम्झौता रकम	वित्तीय खर्च	प्रगति प्रतिशत	
						भौतिक	वित्तीय
काक्रेविहार वरिपरि कम्पाउण्ड वाल निर्माण	डिभिजन वन कार्यालय, सुर्खेत	२०८१-०१-१२	२०८२-०३-३०	११८५४२५६२.५	५४९०२३८७	५५.००	४६.३१
रारा पर्यटकीय पूर्वाधार निर्माण	डिभिजन वन कार्यालय, मुगु	२०७९-०३-२४	२०८४-०५-०१	४५२९१०४७९.७	१२४१८८०५३.५	२०.००	२७.४२
खारा जनयुद्ध संग्रहालय	डिभिजन वन कार्यालय, रुकुम पश्चिम	२०८०-०४-१४	२०८२-०३-३०	१२८९२६७९३.६	६२१६५९९१.९२	६०.००	४८.२२
बुलबुले गुरुयोजना कार्यान्वयन	भू तथा जलाधार व्यवस्थापन कार्यालय, सुर्खेत	२०८१-०५-११	२०८२-०६-२८	११२३६८६३.८७	६३८३७४७.८८	७५.००	५६.८१
कुपिण्डे जलाधार संरक्षण विशेष आयोजना	डिभिजन वन कार्यालय, सल्यान	२०८२-१२-११	२०८५-०४-३०	४३७१६२५०.२३	७७५००००	१५.००	१७.७३

आयोजनाको नाम	कार्यालय	सम्झौता मिति	समाप्त हुने मिति	सम्झौता रकम	वित्तीय खर्च	प्रगति प्रतिशत	
						भौतिक	वित्तीय
डिभिजन वन कार्यालय भेरी भवन निर्माण	डिभिजन वन कार्यालय, भेरी सुर्खेत	२०८२-११-१२	२०८५-१०-०२	२६९५७०५८.७२	२३८५०००	१५.००	८.८५
चौहान पार्क	डिभिजन वन कार्यालय, सुर्खेत	२०८२-०३-१९	२०८४-०३-३०	२२७०००००	६१२९०००	३०.००	२७
				जम्मा	**८०४९९०००८.६**	**२६३९०४१८०.३**	**३९.०० ३३.१९**

स्रोतः *उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश।*

१.२३ तालिकाः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०८२/८३ सम्मको आन्तरिक राजश्व लक्ष्य र प्राप्ति

राजस्व शीर्षक	जम्मा प्राप्ति रकम
११६११-व्यवसायले भुक्तानी गर्ने	११,१०,३५०.००
१४१५१-सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१६,२०,२२५.७४
१४१९१-पर्यटन शुल्क	११,२२,४००.००
१४२१२-सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम	५,०१,९५५.००
१४२१३-अन्य विक्रीबाट प्राप्त रकम	६,०१,०२८.००
१४२२९-अन्य प्रशासनिक सेवा शुल्क	९५,३८,२८८.००
१४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर	५९,४७,००४.००
१४२६४-वन क्षेत्रको अन्य आय	५,५३,७९,२६५.४६
१४३११-न्यायिक दण्ड, जरिवाना र जफत	२,२८,२४८.००
१४३१२-प्रशासनिक दण्ड, जरिवाना र जफत	८६,२२२.००
१४३१३-धरौटी सदरस्याहा	३८,३१,७९१.३०
१४५२९-अन्य राजस्व	८५,३४५.००
१५१११-बेरूजू	६१,१४,१६७.९०
१५११२-निकासा फिर्ता	४२,१०,०००.००
३३३६१-वन क्षेत्रको रोयल्टी	५,८५,१८,०२७.४६
कुल जम्मा	**१४,८८,९४,३१७.९०**

स्रोतः *उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश।*

१.२४ तालिकाः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०८२/०८३ असार मसान्तसम्मको वन र उद्योगको आन्तरिक राजश्व प्राप्ति

सि.नं.	क्षेत्र	रकम
१	वन तर्फ	१२,७५,५०,२९०.३१
२	उद्योग तर्फ	२,१२,१५,०६१.४५

स्रोतः *उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश।*

५. बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य उपलब्धी

५.१ ऐन/नियमावली तथा कार्यविधि तर्फः

- **<u>स्वीकृत भएको कार्यविधीः</u>**

✓ वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधी, २०८२

✓ कर्णाली प्रदेश बिजनेस ईन्क्युवेसन सेन्टर स्थापना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

✓ व्याज अनुदान कार्यक्रम कार्यविधि, २०८२

✓ कर्णाली प्रदेश वन सेवाका कर्मचारिको फिल्ड स्तरमा प्रयोग हुने पोशाक सम्वन्धी ड्रेसकोड कार्यविधि, २०८२

✓ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि, २०८२

✓ वन संरक्षण तथा व्यवस्थापन सम्वन्धी तथ्याङ्क व्यवस्थापन दिग्दर्शन, २०८२

- **<u>मस्यौदा चरणमा रहेका कार्यविधीः</u>**

✓ पर्यटन सुचना केन्द्र सञ्चालन सम्वन्धी कार्यविधी, २०८२

✓ पर्यटकीय क्षेत्रको पूर्वाधार विकास एवं संरक्षण, सञ्चालन र व्यवस्थापन कार्यविधी, २०८२

✓ कर्णाली प्रदेशको जलवायु परिवर्तन रणनीति तथा कार्ययोजना, २०८२

✓ काठ दाउरा संकलन तथा बिक्री सम्वन्धी निर्देशिका, २०८२

५.२ कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम कर्मचारीहरुको स्तरवृद्धि गरिएको।

५.३ कर्णाली प्रदेशमा ३८.५७ प्रतिशत वन क्षेत्रको संरक्षण, सदुपयोग तथा व्यवस्थापन भएको।

५.४ ३० हेक्टर वनक्षेत्रमा भएको अतिक्रमण नियन्त्रण गरिएको।

५.५ १,९८,५५३ क्यू फिट काठ तथा १६२.५५ चट्टा दाउरा उत्पादन भई विक्री वितरण भएको

५.६ उत्तरी जलाधार गुरुयोजना कार्यान्वयन, डिभिजन वन कार्यालय भेरीको कार्यालय भवन निर्माण कार्यान्वयनमा गएको।

५.७ ६,५७,८४८ विरुवा उत्पादन गरी २२८ हे. क्षेत्रमा ३६४८०० हजार विरुवा वृक्षारोपण गरिएको।

५.८ प्रदेशस्तरीय जलवायु परिवर्तन समन्वय समितिका सदस्यहरुको मनोनयन भई कार्य भईरहेको।

५.९ बायु प्रदुषण मापन यन्त्र मर्मत तथा स्थापना सम्वन्धमा बातावरण विभाग, काठमाण्डौमा समन्वय गरी पत्राचार समेत भएको।

५.१० उत्तरी जालधार संरक्षण क्षेत्रको गुरुयोजना निर्माण गरिएको।

५.११ वातावरणीय अध्ययनहरु

बातावरणीय अध्ययन	संख्या
बातावरणीय अध्ययन सहमति	६
वातावरणीय अध्ययन सम्बन्धी चलिरहेका कार्यहरु	१२
EIA को Scoping स्वीकृत भएका कार्ययोजना/आयोजना	२
EIA को प्रतिवेदन स्वीकृत भएका आयोजना	१
EIA/IEE को ToR स्वीकृत भएका कार्य/आयोजना	१८
IEE को Report स्वीकृत भएका कार्य/आयोजना	८
जम्मा	**४७**

५.१२ आर्थिक वर्ष २०८२/८३ मा १५२३ वटा उद्योग र ७३२ वटा वाणिज्य तर्फ फर्म दर्ता भएको।

५.१३ मन्त्रालयका मातहतका निकायबाट १० लाख ४८ हजार ३ सय २६ श्रमदिन रोजगारी सृजना भएको।

५.१४ आर्थिक वर्ष २०८२/८३ मा २ ओटा रिभर गाईड अनुमति पत्र नवीकरण तथा १ ट्राभल/ट्रेकिङ्ग एजेन्सी ईजाजत पत्र प्रदान गरिएको।

५.१५ सामुदायिक वन कार्ययोजना नवीकरण - ५७९

५.१६ कबुलियती वन कार्ययोजना नवीकरण - ४४

५.१७ वन वन्यजन्तु अपराध नियन्त्रण (गस्ती २३५६ पटक) र वन डढेलो व्यवस्थापन ३९८ स्थानमा भएको।

५.१८ वन्यजन्तु उद्दार तथा व्यवस्थापन-१३० पटक, वन तथा बन्यजन्तु अपराध अनुसन्धान १६६, मुद्दादायर-१०४, मुद्दा फैसला ३७ वटा सम्पन्न भएको।

५.१९ वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण १५२ घरधुरीलाई रू.४९ लाख ९५ हजार ३ सय ५९ मात्र भएको।

५.२० PWCCB-1, DWCCB meetings-१५ पटक, DFCC-१८ पटक-जिल्ला सुरक्षा समिति बैठक-४१

५.२१ गल्छी तथा पहिरो नियन्त्रण, नदी/खोला किनारा संरक्षण १८८ वटा सम्पन्न, १० वटै जिल्लाहरुको सहभागीतामुलक वन व्यवस्थापनमा सशक्तिकरण (सा.व.उ.स.भेला सहजीकरण-१६१४, Audit/PaN सहयोग ९३४, स्थानीय तहसंग ३१७ र वडासंग मिटीङ २९९ पटक) भएको।

५.२२ बहुउद्देशीय/बहुसरोकार व्यवस्थापन मोडालिटीमा १० बर्षे Rangeland (चरण खर्क पाटन) व्यवस्थापन रणनिती तथा कार्ययोजना तयारी र कार्यान्वयन प्रारम्भ कर्णाली प्रदेशमा ८३२ वटा चरण खर्क पाटन क्षेत्रहरुको पहिचान।

५.२३ "पर्यावरण" मासिक पत्रिका प्रकाशन गरिएको

५.२४ "हाम्रो पर्यावरण रेडियो" कार्यक्रम सञ्चालन गरिएको।

५.२५ "वन क्षेत्रको एकिकृत तथ्यांक दिग्दर्शन" प्रकाशन गरिएको।

६. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

६.१ प्रदेश व्यापार व्यावसाय दर्ता तथा सञ्चालन नियमावली, २०७९ (दोस्रो संशोधन) स्वीकृत भएको,

६.२ खोटो सङ्कलन कार्यविधि, २०८१ स्वीकृत भएको,

६.३ बिउ पुँजी सहयोग (स्टार्ट अप विजनेश) कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मस्यौदा तयारी चरणमा रहेको,

६.४ प्रदेश बजार अनुगमन नियमावली, २०८० मस्यौदा तयारी चरणमा रहेको,

६.५ लघु औद्योगिक ग्राम तथा कोशेली गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० मस्यौदा तयारीको अन्तिम चरणमा रहेको,

६.६ कर्णाली प्रदेशको वन क्षेत्रको रणनितिक योजना र वन डढेलो नियन्त्रण रणनितिक योजना तयार भएको,

६.७ प्रदेशका सबै डिभिजन वन कार्यालयहरुको वन व्यवस्थापन योजना नवीकरण भई कार्यान्वयन भएको,

६.८ गत आ.व. मा १६ वटा सामुदायिक वनको रुपमा जम्मा ७ हजार ७ सय ८ हेक्टर वन क्षेत्र सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न समुदायलाई हस्तान्तरण भएको,

६.९ विगत एक आ.व. मा वर्षमा १५ वटा थप सामुदायिक वनको रुपमा जम्मा १ हजार ७ सय २८ हेक्टर वन क्षेत्र सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न समुदायलाई हस्तान्तरण भएको,

६.१० गत आ.व. मा ६ सय १८ हेक्टर अतिक्रमित वन क्षेत्र पुनर्स्थापना भई वन क्षेत्रमा परिणत भएको,

६.११ विगत १ वर्षमा वन अपराध सम्बन्धी २९ वटा मुद्धा दर्ता भई १९ वटा मुद्धा फर्स्यौट भएको,

६.१२ गत आ.व. मा सरकारद्वारा व्यवस्थित वनबाट १९ हजार ९९ र सामुदायिक वनबाट ९१ हजार ३ सय ६५ गरी राष्ट्रिय वन क्षेत्रबाट १ लाख १० हजार ४ सय ६४ क्यू फिट काठ उत्पादन तथा बिक्री वितरण भएको,

६.१३ विगत १ वर्षमा कर्णाली प्रदेशको राष्ट्रिय वन बाट ५ हजार ३ सय ७६.३८ मे.टन. जडिबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन तथा बिक्री बितरण भएको,

६.१४ बिगत आ.व. मा काठजन्य, जडिबुटी र अन्य गरी ७ लाख ८६ हजार ६ सय ८० बिरुवा उत्पादन भएको र निजी र सार्वजनिक र वन क्षेत्र गरी १६८.७५ हेक्टर क्षेत्रफलमा वृक्षारोपण सम्पन्न भएको,

६.१५ विगत १ वर्षमा १६४ स्थानहरुमा भू तथा जलाधार संरक्षणका कामहरु (पहिरो नियन्त्रण, तटबन्ध, पानी पूनःर्भरण र पानीमुहान संरक्षण कार्यहरु) सम्पन्न भएको,

६.१६ प्रदेशभरी १०९ स्थानमा पर्यटन पूर्वाधारहरु निर्माण तथा स्तरोन्नती भएको।

७. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/चुनौती

७.१ संगठन र व्यवस्थापन (O&M) तथा जनशक्ति व्यवस्थापन

- मन्त्रालयको मौजुदा संगठन संरचनामा कुनै पनि कार्यालयहरु हटाउन उपयुक्त नरहेको, दरबन्दी मिलान, कार्यालय तथा सम्पर्क कार्यालयहरु विस्तार आवश्यक रहेकोले संगठन संरचना एवम् कार्यालय विस्तार पुनरावलोकन गरिनु पर्ने,
- कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८०, कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० तथा प्रदेश सरकार (कार्यविभाजन नियमावली), २०७४ (संशोधित समेत) को आधारमा मन्त्रालयको कार्य विवरणका आधारमा संगठन र व्यवस्थापन (O&M) गरिनुपर्ने,

७.२ उद्योग उपभोक्ता हित संरक्षण निर्देशनालय

- अनुदान र सीप विकासको उपयोगिता बढाउने गरी एकिकृत वा वर्गिकृत कार्यक्रम आवश्यक साथै सोमा उद्योग नियमनलाई जोड्दा प्रतिवद्ध गराउन सकिने त्यसैगरी एकिकृत तथ्याङ्क प्रणाली विकास गरी प्रविधिकरण गरिनुपर्ने।
- प्रदेशको ऐन/नियममा प्रकृयागत विस्तृतिकरण नहुँदा सोको निकारण हेतु थप अभ्यासको खाचो। निर्देशनालयको भूमिका हटाइदा कार्यसम्पादनमा जटिलता।
- बजार अनुगमनमा समन्वयकारी नीतिको खाचो। तहगत क्षेत्राधिकार अस्पष्ट।
- मन्त्रालयगत क्षेत्राधिकार बाँझिएको। संस्थागत स्मरण, विज्ञता, सेवाको अन्तरसम्बन्ध, दोहोरापना, गुणस्तर र नतिजामा केन्द्रित रही क्षेत्राधिकार स्पष्टतामा पुनर्अभ्यासको आवश्यकता।
- नियमित कार्यक्रमको नक्साङ्कन, नीतिगत स्थाईकरणको आवश्यकता।
- तहगत समन्वय, अभिलेखिकरण, प्रतिवेदन, प्रविधिकरण तथा अभिमुखिकरणको आवश्यकता।

७.३ भू तथा जलाधार व्यवस्थापन कार्यालय

- विनियोजित वजेट र समस्या वीचको तालमेल नहुनु।
- दैवी प्रकोपमा पहिरोका कारण हुने आकस्मिक समस्या समाधान गर्न नसकिनु।
- ५ जिल्ला हेर्ने हुदा भौगोलिक असहजता।
- स्थानीय तहले समयमा योजना सम्बन्धी सहजीकरण नगर्नु।
- कार्य सम्पन्न पश्चात त्यसको संरक्षण र मर्मतको जिम्मेवारी समितिको भएता पनि व्यवहारमा नदेखिएको।
- सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भए अनुसार कार्यविधि नभएको (निर्मित कार्यविधि विपरित गर्न समुह समिति गठन गर्ने प्रवृत्ति)।
- समुदाय परिचालन गरी कार्यक्रममा अप्रत्यक्ष रुपमा निर्माण व्यवसायी संलग्न हुने।
- वायो ईन्जिनियरिङ्गका कार्यहरु आषाढमा हुने तर कार्यक्षेत्र ठुलो हुदा अनुगमनमा चुनौती।
- भेजिटेटिभका काममा कम खनजोत गरि भू क्षय नियन्त्रण र जिविकोपार्जनको उपयूक्त विकल्पको रुपमा फलफुल रोपण कार्य गर्दा महालेखा परीक्षकवाट प्रश्न गर्ने गरेको।
- उपभोक्ताहरु संझौताका लागि समयमा कार्यालयमा सम्पर्क नगर्ने।

- सम्झौता अनुसार कार्यसञ्चालन र सम्पन्न गर्ने समय सीमालाई उपभोक्ताहरुले अनुसरण नगर्ने।

७.४ डिभिजन वन कार्यालयहरु

- कर्णाली प्रदेशको वन क्षेत्रको रणनीति, काठ दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका, निजी आवादीको सालको रुख संकलन गर्ने कार्यविधि, लगायतका कानुनहरु यथाशिघ्र पारित गर्नुपर्ने विषय।
- डिभिजन वन कार्यालयको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना स्वीकृती प्रकृयामा स्पष्टता आउन बाँकी रहेकोले कार्यान्वयनमा जटिलता रहेको विषय।
- वन तथा उद्योगमा सांगठनिक संरचना र पद सोपान अनुसार कर्मचारी व्यवस्थापन।
- सव डिभिजन कार्यालयमा भौतिक पुर्वाधार नभएको।
- पर्यटन पुर्वाधारको लागि इन्जिनियरको दरवन्दी नभएको साथै विषय विज्ञ नभएको पर्यटन कार्य गर्नुपरेको।
- वन्यजन्तु उद्दार केन्द्र सञ्चालनको लागि डिभिजन वन कार्यालय सुर्खेतमा भेटेरीनरी डाक्टरको दरबन्दी आवश्यक रहेको।
- वन क्षेत्रमा पुर्वाधार/ जग्गा प्राप्ति प्रक्रिया जटिल भएकोले संघमा सुझाव पठाउने विषय।
- बहुवर्षीय योजनामा ठेकेदारको ढिलासुस्ती, काक्रेविहार ठेक्का प्रक्रिया सार्वजनिक खरिद ऐन नियमावली संशोधनको लागि प्रस्ताव गर्ने विषय।

७.५ विज्ञान तथा वातावरण महाशाखा

- प्रदेशमा वायु र ध्वनी प्रदुषण मापन यन्त्र नभएको।

७.६ पर्यटन प्रवर्द्धन

- सुर्खेतबाट दुर्गम जिल्लाहरुमा हुने हवाई उडान व्यवस्थापन गर्नु पर्ने विषय।
- सुर्खेत विमानस्थल विस्तार वा वैकल्पिक विमानस्थाल सम्बन्धी विषय।
- कालिकोट जिल्लाको सान्नी त्रिवेणी गा.पा. त्रिवेणी पाटनमा रहेको बडीमालिकाको सीमा विवाद तथा आवश्यक व्यवस्थापनसँग सम्बन्धित विषय।
- पर्यटन पूर्वाधारका लागि छुट्टै इकाइको व्यवस्थापन गर्नुपर्ने।

८. आगामी आ.व. मा सुधार गर्नुपर्ने क्षेत्र

८.१ प्राविधिक/अप्राविधिक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने।

८.२ सुर्खेत देखि प्रदेशका अन्यजिल्लामा नियमित हवाई उडान हुनुपर्ने।

८.३ भू तथा जलाधार तर्फका कार्यालयहरुको कार्यक्षेत्र धेरै, सवारी साधनको अभाव पुर्ति हुनुपर्ने।

८.४ अव्यवस्थित Drai nage लाई व्यवस्थित वनाउनुपर्ने।

८.५ खाद्य प्रविधि र गुण नियन्त्रणसँग सम्बन्धित जनशक्ति परिपुर्ति गर्नुपर्ने।

८.६ उपयुक्त र विषय क्षेत्रगत कार्यक्रम, स्थान छनोट र प्रकृति व्यवस्थित गर्नुपर्ने।

८.७ पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने।

८.८ प्रविधि एवं श्रोत साधनको अभावले वन्यजन्तु उद्धारमा भएको समस्या समाधान गर्नुपर्ने।

८.९ भुकम्पले क्षतिग्रस्त सव डिभिजन वन कार्यालयको भवन व्यवस्थित तथा नयाँ निर्माण हुनुपर्ने।

१.२५ तालिकाः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०८२/८३ सम्मको कायम बेरुजु र फछ्यौंट बेरुजुसम्बन्धी विवरण

हाल सम्मको जम्मा बेरुजु	कुल असुल उपर गर्नुपर्ने बेरुजु रू.	चालु आ.व.मा असुल भएको बेरुजु रू.	असुल गर्न बाँकी रू.
३५४४७६५३४.८४	७३२५६४४४.४७	८३२९७२१	६४९२६७२३.४७

स्रोतः *उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश।*

३.७ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

१. पृष्ठभूमि

(अ) जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा

कर्णाली जलविद्युत उत्पादन लगायत जलस्रोतको बहु-उपयोगको अधिक सम्भावना भएको प्रदेश हो। जलस्रोत तथा ऊर्जा, प्रदेशको समृद्धिको प्रमुख आधार हो। विश्वभर वातावरण संरक्षणका लागि दिगो, उत्थानशील तथा वातावरणमैत्री हरित ऊर्जाको उत्पादन र उपयोग, पहिलो प्राथमिकतामा रहेको सन्दर्भमा क्षमता अनुसारको जलविद्युत उत्पादन तथा जलस्रोतको उपयोग गरी कृषि, उद्योग, पर्यटन र यातायात लगायतका प्रमुख आर्थिक क्षेत्रको विकास गर्नुका साथै विद्युत निर्यातबाट आर्थिक वृद्धि हासिल गरी प्रदेशबासीको जीवनस्तर उकास्न महत्त्वपूर्ण योगदान पुऱ्याउन सकिने सम्भावना रहेको छ।

जलविद्युत उत्पादन, वितरण तथा उपयोगमा निजी क्षेत्र तथा विकास साझेदारको भूमिका महत्त्वपूर्ण रहेको छ। यस प्रदेशमा जलस्रोत तथा जलविद्युत र स्वच्छ ऊर्जा उत्पादन, उपयोग र निर्यातमा संघ तथा प्रदेश सरकारले प्राथमिकता दिँदै आएका छन्। यसैअनुरुप प्रदेश सरकारले पहिलो पञ्चवर्षीय योजना मार्फत "कर्णालीको पानी जनताको लगानी" लगायत यस क्षेत्रमा जनचाहना अनुसारको कार्यक्रम सञ्चालनको प्रयास अगाडी बढाएको थियो। प्रदेशको शतप्रतिशत घरधुरीमा विद्युत सेवाको पहुँच पुऱ्याउन र अन्य क्षेत्रमा बढ्दै गएको यसको मागलाई सम्बोधन गर्न तथा विद्युतमा आत्मनिर्भर भई निर्यात गर्न प्रदेशको जलविद्युत उत्पादनमा लगानी बढाउन आवश्यक छ।

प्रदेशभित्रको जलविद्युत उत्पादन न्यून रहेको र राष्ट्रिय प्रसारण लाइन उपलब्ध नभएका स्थानमा वैकल्पिक र नविकरणीय ऊर्जा मार्फत कर्णाली उज्यालो कार्यक्रम सफल पार्न सकिने आधार रहेको छ। यसबाट नै हाल छरिएर रहेका गाउँ-बस्तीलाई उज्यालो बनाउन सफल हुनुका साथै नागरिकको ऊर्जाको आवश्यकता सुलभ रुपमा र सुपथ मुल्यमा प्राप्त गर्न धेरै मात्रामा सफलता समेत मिलेको छ। वैकल्पिक तथा नविकरणीय ऊर्जा, तुलनात्मक रुपमा कम लगानीमा स्थानीयस्तरमै तत्काल उपलब्ध हुन सक्ने ऊर्जा भएकोले ग्रामीण विद्युतीकरणका लागि यसको ठुलो महत्त्व रहेको छ। वैकल्पिक ऊर्जा अन्तर्गत सौर्य ऊर्जा नै प्रदेशमा हाल उपयोग भएका ऊर्जाको स्रोतमा प्रमुख भएतापनि लघु जलविद्युत, वायु ऊर्जा, जैविक ऊर्जा तथा हाल विश्वमा विकसित हुँदै गएको हाइड्रोजन ऊर्जाबाट समेत धेरै फाइदा लिन सकिने सम्भावना रहेको छ।

(आ) सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन

सिंचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापन प्रदेश विकास तथा समृद्धिका लागि प्रमुख क्षेत्रका रुपमा रहेको छ। प्रदेशमा उपलब्ध उर्वर खेतीयोग्य जमिनमा वर्षैभरी पर्याप्त सिँचाइ सुविधा उपलब्ध गराई उच्चमूल्य अन्नबाली, तरकारी तथा अन्यबालीको उत्पादन र उत्पादकत्व बढाई खाद्यन्नमा आत्मनिर्भर, खाद्य सुरक्षा तथा पोषणमा अभिवृद्धि र निकासी प्रबर्द्धन गर्न सक्ने संभावना रहेको छ। यसैगरी जलस्रोतको उचित व्यवस्थापन तथा सिंचाइ विद्युत, पर्यटन, कृषि, उद्योग तथा खानेपानी लगायतका क्षेत्रमा बहुउपयोग गर्न सक्ने संभावना रहेको छ। नदीनालाहरुमा तटबन्धको व्यवस्था गरी जलउत्पन्न प्रकोपको नियन्त्रण, खेतीयोग्य भूमिको संरक्षण र बगरखेतीका लागि उल्लेख्य मात्रामा जमिन उपलब्ध हुन सक्ने संभावना पनि रहेको छ। साथै नदीनाला लगायत संभाव्य स्थानमा उच्च बाँध निर्माण गरी बहुउद्देश्यीय सिल्टेसन जलाशय निर्माण गरी विद्युत् उत्पादन, सिंचाइ, जलक्रिडा तथा सेडिमेन्टसन समेतमा उपयोग गर्न सकिने पनि संभावना रहेको छ।

प्रदेशभित्र उपलब्ध खेतीयोग्य जमिनलाई हिमाली क्षेत्रको हकमा हिउँ सङ्कलन पोखरी तथा टार र अन्य स्थानहरुका लागि वर्षातको पानी सङ्कलन पोखरी, मूलको पानी सङ्कलन संरचना जस्ता वैकल्पिक उपाय तथा जलाशयसहितका ठूला बहुउपयोगी जलस्रोत विकास आयोजना निर्माण र बाढी पहिरो लगायत विभिन्न कारणले सञ्चालनमा नरहेका सिंचाइ आयोजनालाई आवश्यक मर्मतसम्भारको उचित प्रबन्ध गरी पुनःसञ्चालनमा ल्याउन सकिने संभावना रहेको छ।

(इ) खानेपानी, सरसफाइ तथा स्वच्छता

नेपालको संविधानको धारा ३५ (४) ले स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा प्रत्येक नागरिक पहुँच हुने व्यवस्थालाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। मानव जीवनको लागि अत्यावश्यक सेवामा पर्ने स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा परिपूर्तिका लागि प्रदेशमा स्वच्छ खानेपानीका स्रोत, अनुकुल धरातलीय बनौट, बसोबास र जनचेतना, संस्थागत आधार, पूर्वाधार तथा प्रविधिको विकास र विस्तार लगायतका संभावना तथा अवसर उपलब्ध रहेका छन्।

नेपाल सरकारले खानेपानी तथा सरसफाइसम्बन्धी संवैधानिक व्यवस्था कार्यान्वयन गर्न नीति, कानुन र मापदण्ड अनुरुप खानेपानी, सरसफाइ तथा स्वच्छता प्रर्वद्धनका कार्यक्रम उच्च प्राथमिकताका साथ सञ्चालन गरिरहेको छ। यसैअनुरुप प्रदेश सरकारले पनि खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य समेत राष्ट्रिय लक्ष्य तथा प्रदेशको लक्ष्य हासिल गर्ने गरी विभिन्न नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था गरी यससम्बन्धी कार्यक्रम तथा आयोजना सञ्चालन गरिरहेको छ।

२. दीर्घकालीन सोच

२.१ जल विद्युतको उत्पादनबाट समृद्धि।

२.२ वैकल्पिक ऊर्जा मार्फत ऊर्जामा पहुँच विस्तार।

२.३ दिगो सिंचाई उपलब्धताबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि।

२.४ स्वच्छ, सुलभ र सुरक्षित खानेपानी, सफा सुग्घर वातावरण।

३. लक्ष्य

(अ) जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा

१) जलस्रोतको बहु-उपयोगबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास गर्नु,

२) जलविद्युतको उत्पादन, उपभोग र निर्यात बढाउनु,

३) वैकल्पिक तथा नवीकरणीय ऊर्जाको विकास, विस्तार तथा उपयोगमा वृद्धि गर्नु ।

(आ) सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन

१) कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाइ सुबिधा उपलब्ध गराई वृद्धि गर्नु,

२) सिंचाइ सुविधाको विकास, विस्तार र सञ्चालन नयाँ प्रविधिमा आधारित, जलवायुमैत्री र दिगो बनाउनु,

३) जलउत्पन्न प्रकोप नियन्त्रण तथा असर न्यूनीकरण गर्नु ।

(इ) खानेपानी, सरसफाइ तथा स्वच्छता

१) आधारभूत तथा स्वच्छ खानेपानी र सरसफाइ सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु,

२) उच्च तथा मध्यमस्तरको खानेपानी सेवा तथा सुविधाको विकास र विस्तार गर्नु,

३) सरसफाइ र स्वच्छता सेवा तथा सुविधाको विकास तथा विस्तार गर्नु ।

४. कार्यक्षेत्र

४.१ प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन,

४.२ खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.३ सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता,

४.४ प्रदेशस्तरको ऊर्जा, विद्युत, सिँचाइ, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन र खानेपानी तथा सरसफाइ सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन,

४.५ प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिँचाइ तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,

४.६ ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,

४.७ राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन,

४.८ प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

४.९ प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,

४.१० प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,

४.११ मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,

४.१२ जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन।

१.२६ तालिका : जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्चसम्बन्धी विवरण (रू. हजारमा)

विवरण	आ.व. २०८०/८१			आ.व. २०८१/८२			आ.व. २०८२/८३		
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत
चालु	२७२,५८८	१६८,४५७	६१.८	२५९,४१३	१७४,७३९	६७.४	२७४,५६५	२००,५९५	७३.१
पुँजीगत	३,२६७,१५०	२,२४४,५२९	६८.७	२,६०९,००३	२,१०५,५४४	८०.७	३,५५५,७९३	२,७०७,७४३	७६.२
जम्मा	३,५३९,७३८	२,४१२,९८५	६८.२	२,८६८,४१६	२,२८०,२८३	७९.५	३,८३०,३५८	२,९०८,३३८	७६.०

स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

५. समीक्षा अवधिमा सम्पादित प्रमुख कार्य

५.१ कार्यालय प्रमुखहरुको भौतिक उपस्थितिमा वार्षिक प्रगति समीक्षा सम्पन्न भएको,

५.२ स्थलगत निरीक्षण तथा सुपरीवेक्षण गरी राय सुझाव प्रदान गरिएको,

५.३ आयोजना बैङ्कमा प्रविष्टी गर्ने प्रयोजनार्थ आयोजनाहरु माग गरिएको साथै Screening भई आएका आयोजनाहरु आ.व. २०८३/०८४ को वार्षिक विकास कार्यक्रमका लागि प्रविष्टी गरिएको,

५.४ बहुवर्षीय ठेक्का सहमतिको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने गरिएको,

५.५ जिल्ला कार्यालयको प्रगति विवरण मासिक रूपमा अद्यावधिक गरी आवश्यक सल्लाह, सुझाव र समन्वय गर्ने काम गरिएको,

५.६ विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्यको लागि नियमित बैठक गरी Cluster member हरूलाई उच्च सतर्कतामा (High-alert) रहन निर्देशन दिईएको,

५.७ WASH सम्बन्धी विभिन्न तालिमहरु सम्पन्न गरिएको,

५.८ प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धी विधेयक विभिन्न चरणको छलफल भई निर्माणको अन्तिम चरणमा रहेको,

५.९ जगदुल्ला हाइड्रोपावर (१०६MW) मा शेयर लगानी वापतको प्रदेश सरकारको अंश रू.३५ करोड ५० लाख भुक्तानी गरिएको,

५.१० Bheri Pumping आयोजनामा रू.२५ करोड भुक्तानी गरिएको,

५.११ विभिन्न जिल्लाहरुमा संचालित ग्रामिण लघु जलविद्युत आयोजनाको पहिचान/अध्ययन गरी मर्मत सुधार/पुनर्स्थापना सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरिएको,

५.१२ सिंचाई योजनाहरुको मुहानबाट नहरमा पानी सञ्चालन गर्न असहज भएको आयोजनाहरुको मुहान (खोला/नदी) को पहिचान तथा आवश्यक अध्ययन गरी प्रतिवेदन तयार गर्नुका साथै खेतीयोग्य जमिन/टार क्षेत्रहरुको पहिचान/अध्ययन गरी प्रोफाईल तयार गर्ने कार्य गरिएको।

६. बजेट तथा कार्यक्रम कार्यान्वयन को क्रममा देखिएका समस्या/चुनौती

६.१ स्रोत सुनिश्चित गर्नुपर्ने योजनाहरूमा पर्याप्त बजेट विनियोजन गर्न नसकिएको।

६.२ मन्त्रालयबाट पेश गरिएका आयोजनाहरूको स्रोत सुनिश्चित समयमै हुन नसकेको।

६.३ सहलगानी तथा लागत साझेदारीमा आधारित कार्यक्रमहरू सञ्चालनमा ल्याउन नसकिएको।

६.४ समस्याग्रस्त (रुग्ण) योजनाहरूमा नै बजेट विनियोजन गर्नुपर्ने बाध्यता रहेको।

६.५ एउटै प्रकृतिको कार्यका लागि दोहोरो बजेट विनियोजन (डुप्लिकेशन) हुने गरेको।

६.६ भौगोलिक विकटताका कारण अनुगमन तथा मूल्याङ्कन र आवतजावतमा कठिनाइ हुने गरेको।

६.७ निर्माण सामग्री परीक्षण प्रयोगशाला (Construction Material Testing Lab) र सो सञ्चालनका लागि आवश्यक प्राविधिक जनशक्तिको दरबन्दी नै नभएको।

६.८ समग्रमा जनशक्तिको अभाव, विशेषतः उच्च तहका प्राविधिक पदहरू र ऊर्जा क्षेत्रका विशेषज्ञ पदहरू रिक्त रहेको।

६.९ भदौ २३-२४ गते भएको आन्दोलनपछि सिर्जित अन्योलता र त्यसपछि संघीय सरकारले जारी रू.१० लाखभन्दा माथिको निर्माण कार्य अनिवार्य रूपमा बोलपत्र मार्फत गर्नुपर्ने गरी गरेको परिपत्रका कारण योजना कार्यान्वयनमा ढिलाइ भएको।

६.१० प्रतिनिधि सभा निर्वाचनको समयमा मन्त्रालय, निर्देशनालय तथा कार्यालयहरूले सम्पादन गर्नुपर्ने नियमित कार्यहरू प्रभावित भएको।

६.११ मध्यपूर्वमा भएको द्वन्द्वका कारण निर्माण सामग्रीको बजार मूल्यमा व्यापक वृद्धि भएकोले निर्माण कार्य प्रभावित भएको।

७. आगामी आ.व.मा सुधार गर्नुपर्ने क्षेत्र

७.१ आयोजना तथा कार्यक्रम छनोट कार्यमा स्पष्ट आधार, मापदण्ड, प्रणाली बनाई प्राथामिकताको आधारमा गरिनुपर्ने ।

७.२ मागमा आधारित, प्रतिफलयुक्त आयोजनाको छनोट गर्दा विनियोजन कुशलता तथा कार्यान्वयन दक्षता बढाउने ।

७.३ पूर्व सम्भाव्यता अध्ययन पुरा गरी सम्भाव्य देखिएका आयोनाहरुमा मात्र पर्याप्त बजेट विनियोजन गर्ने ।

७.४ आयोजना छनोट प्रणालीलाई थप आधुनिक, वैज्ञानिक बनाई अत्यावश्यक आयोजनाहरुमा प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने ।

७.५ मन्त्रालयको कार्यक्षेत्र अनुरूप आवश्यक जनशक्तिगत योजना तथा संगठन संरचना तय गर्ने,

७.६ सुचकमा आधारित अनुगमन तथा मूल्याङ्कन र नियमन कार्य नियमित रुपमा गर्ने व्यवस्था मिलाउने ।

७.७ आयोजना कार्यान्वयन कार्ययोजना, खरिद गुरुयोजना बनाई समयमै कार्यतालिका बमोजिम कार्य-सम्पादन गर्ने ।

७.८ प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि र उपभोक्ताको समितिका पदाधिकारी तथा उपभोक्तालाई आयोजना कार्यान्वयन तथा गुणस्तर सम्बन्धी क्षमता अभिवृद्धि तालिम उपलब्ध गराउने ।

१.२७ तालिकाः जलस्रोत तथ ऊर्जा विकास मन्त्रालयमार्फत बजेटको हालसम्म प्राप्त उपलब्धिको विवरण

क्र. सं.	क्षेत्र	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	कुल जम्मा
१	खानेपानी (लाभान्वित संख्या)	२१४६७	३०८३४	५४९१७	१०३३०५	७४४४८	१०६४०३	४१८८७	४३३२६१
२	सिंचाइ (हेक्टर)	२९५५	२१२५	२२१०	२२६९	१५५२	१८७७	२९८१.२९	१५९६९.२९
३	जग्गा उकास (हेक्टर)	८५	१८०	१७६	१५२	३५२	२७६	३६९.५३	१५९०.५३
४	विद्युत (लाभान्वित संख्या)		३५४०	५९२३	१७५८६	११३७८	२१७३५	४२७	६०५८९

स्रोतः *जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश।*

१.२८ तालिकाः जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आ.व. २०८२/८३ को बेरुजु सम्बन्धी विवरण

बाँकी बेरुजु				कैफियत
नियमित गर्नुपर्ने	पेश्की	असुल उपर गर्नुपर्ने	बाँकी जम्मा बेरुजु	
४६१२९४६४४	१६५६६२४१८	५९४७४३६५.०६	६८६४३१४२७.१	

स्रोतः *जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश।*

३.८ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

१. पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ। संविधान बमोजिम संघको एकल अधिकार अनुसूची-५ मा, प्रदेशको एकल अधिकार अनुसूची-६ मा, संघ र प्रदेशको साझा अधिकार अनुसूची-७ मा, स्थानीय तहको एकल अधिकार अनुसूची ८ मा, संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लेख छ। संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपालको संविधानको भाग-१३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था अनुरूप नेपाल सरकारको मिति २०७४/१०/१० गतेको निर्णयानुसार सातै प्रदेशमा सात/सातवटा मन्त्रालयहरुको स्थापना गरिएको थियो। यसै व्यवस्था अनुसार कर्णाली प्रदेशमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय स्थापना भएको हो।

प्रदेशको कृषि, पशु विकास तथा खाद्य पोषण, गरिवी न्युनीकरण, सहकारी संघ संस्था सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, नियमन, समन्वय र सहकार्य गर्ने मुख्य उद्देश्यका साथ यस मन्त्रालयको स्थापना भएको छ ।

२. दीर्घकालीन सोच

प्राङ्गारिक कृषिको माध्यमबाट स्वच्छ, स्वस्थ, पोषणयुक्त खाद्य र बहुउपयोगी कृषि उपजको उत्पादन गरी आय आर्जन र रोजगारी सिर्जना गर्दै **समृद्ध कर्णाली, सुखारी कर्णालीवासी**को प्रत्याभूति दिने।

३. ध्येय

प्राङ्गारिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यावसायिक, मर्यादित, वातावरणमैत्री र प्रतिस्पर्धी बनाई कृषकहरुको आय वृद्धि गर्ने।

४. कार्यक्षेत्र

कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदबाट २०७४/११/०६ मा स्वीकृत र २०७४/११/२६ मा पहिलो पटक संशोधन गरिएको प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ तथा कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/२४ गतेको निर्णयानुसार प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा भएको संशोधन पश्चात भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कार्य जिम्मेवारी देहाय बमोजिमको रहेको छ।

४.१ कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन।

४.२ कृषि तथा पशुपन्छीजन्य रोग कीरा एवम् महामारी नियन्त्रण।

४.३ कृषि औद्योगिकीकरण र पशुपक्षी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन।

४.४ कृषि तथा पशुपन्छीको यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार।

४.५ कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन।

४.६ कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छी जन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बीउ बिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन ।

४.७ प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर।

४.८ कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र श्रोत संरक्षण ।

४.९ कृषि मल, बीउ, र विषादी आफूर्ति व्यवस्था र नियमन ।

४.१० कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण।

४.११ कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन।

४.१२ कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन।

४.१३ साना सिचाइ, कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन।

४.१४ राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन।

४.१५ सामुहिक खेती तथा करार खेतीको कार्यान्वयन र प्रवर्द्धन ।

४.१६ चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन ।

४.१७ कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सुक्ष्म खाद्यतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन ।

४.१८ भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन ।

४.१९ निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन ।

४.२० जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाणपूर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन ।

४.२१ संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेख व्यवस्थापन ।

४.२२ नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना।

४.२३ क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन।

४.२४ भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरूवा चरुवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।

४.२५ सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

४.२६ सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन।

४.२७ गुठी तथा गुठीजग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठीजग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय ।

४.२८ गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरीब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण

४.२९ सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान ।

४.३० सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन।

४.३१ सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य ।

४.३२ सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन। जलचर तथा जलीय जीवको संरक्षण, व्यवस्थापन, दिगो उपयोग र सो बाट प्राप्त लाभांशको समन्यायिक वितरण सम्बन्धी नीति, ऐन, नियम, मापदण्ड, योजना तर्जुमा र नियमन।

१.२९ तालिकाः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ. व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्चसम्बन्धी विवरण (रू. हजारमा)

विवरण	आ.व. २०८०/८१			आ.व. २०८१/८२			आ.व. २०८२/८३		
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत
चालु	१,५४८,६८३	९६८,७३१	६३	१,३७२,०६६	९४९,६९०	६९	१,९२९,४७११,०९८,४७७		५७
पुँजीगत	६००,६१५	४९५,६२५	८३	४९५,१५०	३४३,३१७	६९	६४१,६२९	३६८,४२२	५७
जम्मा	२,१४९,२९८१,४६४,३५५		६८	१,८६७,२१६	१,२९३,००७	६९	२,५७१,१००१,४६६,८९९		५७

स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

५. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

५.१ कृषि, पशुपन्छी तथा सहकारी क्षेत्र सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यविधि तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।

५.२ कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन।

५.३ कृषि व्यवसायीकरण, औद्योगिकीकरण तथा आधुनिकीकरण प्रवर्द्धन।

५.४ उच्च मूल्यका फलफूल, तरकारी, मसला तथा अन्य बालीहरूको व्यावसायिक खेती विस्तार।

५.५ स्याउ, ओखर, सुन्तला, कागती, किवी लगायत फलफूलका बगैंचा स्थापना तथा विस्तार।

५.६ गुणस्तरीय बीउ, बिरुवा तथा कृषि सामग्रीको उत्पादन, वितरण र प्रवर्द्धन।

५.७ साना सिँचाइ, कृषि पूर्वाधार तथा संरचना निर्माण/सुदृढीकरणका कार्यक्रम सञ्चालन।

५.८ जैविक तथा दिगो कृषि प्रवर्द्धनका लागि प्राङ्गारिक मल तथा जैविक विषादीको प्रयोग विस्तार।

५.९ माटो परीक्षण, बीउ परीक्षण तथा बाली उपचार शिविर सेवा विस्तार।

५.१० पशुपन्छीजन्य रोग महामारी नियन्त्रणका लागि कार्यक्रम सञ्चालन

५.११ कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन

५.१२ कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छी जन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बीउ विजन एवं नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, प्रमाणीकरण र नियमन

५.१३ प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर

५.१४ कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवं विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण।

५.१५ कृषिमल, बीउ, र विषादी आपूर्ति व्यवस्था र नियमन।

५.१६ कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण।

५.१७ कृषि बजार पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन।

५.१८ राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन।

५.१९ कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म खाद्यतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यन्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन ।

५.२० भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यन्वयन र नियमन।

५.२१ निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन।

५.२२ सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन ।

५.२३ कृषक तथा कृषि प्राविधिकका लागि तालिम, गोष्ठी, अभिमुखीकरण तथा प्राविधिक सेवा प्रदान।

५.२४ कृषि उद्यम तथा व्यवसाय प्रवर्द्धनका लागि अनुदान तथा प्रोत्साहन सम्बन्धी कार्यक्रम सञ्चालन

५.२५ पशुपन्छीको उत्पादन, उत्पादकत्व तथा नस्ल सुधारसम्बन्धी कार्यक्रम सञ्चालन।

५.२६ पशु स्वास्थ्य सेवा, रोग नियन्त्रण तथा खोप कार्यक्रम सञ्चालन।

५.२७ पशुपन्छी जन्य जुनोटिक रोग नियन्त्रण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन।

५.२८ पशुपन्छीपालक कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन तथा राहत सहयोग प्रदान।

५.२९ दूध, मासु, अण्डा तथा अन्य पशुपन्छीजन्य उत्पादनको व्यवसायीकरण प्रवर्द्धन।

५.३० मत्स्य विकास तथा व्यावसायिक माछापालनसम्बन्धी कार्यक्रम सञ्चालन।

५.३१ सहकारी क्षेत्रको दर्ता, नियमन, अनुगमन तथा संस्थागत क्षमता विकाससम्बन्धी कार्य।

५.३२ कृषि तथा पशुपन्छी क्षेत्रका तथ्याङ्क संकलन, अद्यावधिक, तथा व्यवस्थापन।

५.३३ प्राकृतिक विपद्, बाढी, पहिरो, आगलागी तथा अन्य कारणबाट प्रभावित कृषक तथा पशुपन्छीपालकलाई राहत तथा पुनर्स्थापना सहयोग।

५.३४ कृषि अनुसन्धान, प्रविधि प्रसार तथा नवप्रवर्तनलाई प्रोत्साहन।

५.३५ संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय, सहकार्य तथा कार्यक्रम कार्यान्वयन।

५.३६ कृषक समूह, सहकारी, निजी क्षेत्र तथा कृषि उद्यमीसँग साझेदारी तथा सहकार्य गरी कृषि विकासका कार्यक्रम सञ्चालन।

५.३७ बजार व्यवस्थापन, कृषि उपजको मूल्य अभिवृद्धि, प्रशोधन, भण्डारण तथा बजारीकरणमा सहयोग प्रवर्द्धन।

५.३८ कृषि, पशुपन्छी सहकारी क्षेत्रको अनुगमन, मूल्याङ्कन तथा प्रगति समीक्षा गरी आगामी कार्यक्रमका लागि आवश्यक सुधार तथा सुझाव कार्यान्वयन।

६. बजेट तथा कार्यक्रम कार्यान्वयनका समस्या/चुनौती

६.१ सामुदायिक कृषि पूर्वाधार निर्माण (साना सिचाई, रष्ट्रिक स्टोर, संकलन केन्द्र, हाटबजार लगायत) कार्यक्रममा कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ मा ५०% लागत सहभागिताको विषय स्पष्टता नभएकोले कार्यान्वयनमा समस्या भएको।

६.२ ब्याज अनुदान कार्यक्रममा ब्याजमा अनुदान रकम भूक्तानीको लागि कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ मा ५०% लागत सहभागिताको विषय स्पष्टता नभएकोले बैंकसँगको सम्झौता अनुसार भुक्तानी दिन समस्या भएको।

६.३ अन्तर सरकारी वित्तिय हस्तान्तरण कार्यक्रमको कार्यविधि र प्रदेश सरकारबाट निर्माण भएका कार्यविधिमा एकरुपता नहुँदा अनुदानको सीमा फरक परेको।

७. गर्नुपर्ने सुधारका क्षेत्र

७.१ कर्णाली प्रदेश आर्थिक ऐन, २०८२ मा देखिएका कानुनी जटिलतालाई समाधान गर्नुपर्ने।

७.२ कार्यक्रमको प्राथमिकता निर्धारण गर्नुपर्ने।

७.३ स्थानीय तहसँग प्रभावकारी समन्वय गर्नुपर्ने।

७.४ डिजिटल अनुगमन प्रणाली विकास गर्नुपर्ने।

७.५ बेरुजु न्यूनिकरणमा विशेष ध्यान दिनुपर्ने।

७.६ जैविक मल तथा जैविक बिषादी प्रयोगमा प्रोत्साहन दिनुपर्ने।

७.७ उत्पादन क्षेत्र केन्द्रित सिचाइ प्रणाली कार्यक्रम लागु गर्नुपर्ने।

७.८ उत्पादन क्षेत्र केन्द्रित बजार स्थापना गर्नुपर्ने।

७.९ कृषि तथा पशुपालन क्षेत्रमा पूर्वाधार बिकासमा सहयोग गर्नुपर्ने।

८. बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य उपलब्धिहरु

क्र.सं.	बजेट उपशीर्षक	मुख्य मुख्य उपलब्धीहरु
१	व्यवसायिक फलफुल बगैचा स्थापना तथा विकास	• ८८ हजार विभिन्न जातका फलफूलका बिरुवा (स्याउ, ओखर, सुन्तला, कागती, किवी, आँप, लिची, हलुवाबेद आदि) वितरण गरिएको। • ३२५ वटा विभिन्न फलफूलका बगैंचा स्थापना गरि करिब ३०० हेक्टर क्षेत्रफल विस्तार भएको। • जुम्ला जिल्लामा मात्रै ३८ वटा स्याउ तथा ओखरका वगैचा स्थापनाबाट स्याउको २२.२१ हेक्टर र ओखर २४.९० हेक्टर क्षेत्र विस्तार भएको। • ४५ भन्दा बढी कृषक समूह, सहकारी तथा संस्थाहरू, २१५० भन्दा बढी घरधुरी प्रत्यक्ष लाभान्वित भएका र करिब ४०० जनालाई प्रत्यक्ष रोजगारी श्रृजना भएको।
२	ब्याज अनुदान कार्यक्रम	• यस आ.व.मा ६ वटा बैंक मार्फत ४२१ जना कृषि तथा पशुपन्छी व्यवसायी/उद्यमीलाई रू.१ करोड १५ लाख रुपैयाँ कृषि ऋणमा व्याज अनुदान प्रदान गरिएको।
३	सहकारी विकास कार्यक्रम	• सहकारी सम्बन्धी COPOM S, PEARLS, सहकारी व्यवस्थापन, सहकारी लेखा व्यवस्थापन, उद्यमशीलता तथा व्यावसायिक योजना निर्माण, सहकारी प्रशिक्षक प्रशिक्षण लगायत १३ वटा तालिम मार्फत ३७० जना सहकारी संस्थाका संचालक, लेखा सुपरीवेक्षण समिति, व्यवस्थापक/कर्मचारीहरु र प्रदेश तथा स्थानीय तहका कर्मचारीहरु तालिममा सहभागी भएका।
४	प्रांगारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम	• विभिन्न जिल्लामा ७ वटा प्राङ्गारिक कृषक पाठशाला तथा आई.पी.एम. पाठशाला सञ्चालन गरी कृषकहरूको प्राविधिक ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गरिएको। • अर्गानिक अदुवा उत्पादन प्रवर्द्धन अन्तर्गत सल्यानका ७ वटा कृषक समूहका १४८ घरधुरीले उत्पादन गरेको ११५.६ मेट्रिक टन अर्गानिक अदुवा प्रमाणीकरण गरिएको। • प्राङ्गारिक कृषिलाई टेवा पुऱ्याउने विभिन्न प्रदर्शनीहरु जस्तै ट्राइकोडर्मा उत्पादन तथा कृषकस्तरमा प्रभावकारिता अध्ययन, आई.पि.एम एप्रोच प्रदर्शनी, बाली संरक्षण नविनतम

क्र.सं.	बजेट उपशीर्षक	मुख्य मुख्य उपलब्धीहरु
		कृषि प्रविधि प्रदर्शन, विभिन्न मोहनी पासोको प्रभावकारीता अध्ययन आदि कार्यक्रम सञ्चालन गरिएको। • जैविक विषादी तथा जैविक मलको प्रयोग प्रवर्द्धन अन्तर्गत ५० प्रतिशत अनुदानमा विभिन्न जैविक सामग्री वितरण गरिएको। • स्थानीय जातका पशुपन्छी प्रवर्द्धन भकारो सुधार कार्यक्रम र घाँसको बीउ वितरण कार्यक्रम अन्तर्गत ४५० भन्दा बढी घर धुरी लावान्वित भएको। • पशुपन्छी विकास कार्यक्रम अन्तर्गत कृषकहरुलाई कुखुराको खोर, बाख्राको खोर निर्माणमा सहयोग र पशुपन्छी पालन व्यवसाय विस्तारका लागि १०६ गोटा बाख्रा, ६८५ गोटा स्थानीय जातका कुखुरा र ८ गोटा चौरी वितरण गर्ने कार्य सम्पन्न भएको।
५	कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम	• कृषकको मागमा आधारित गुणस्तरीय बीउबिजन, कृषि सामग्री तथा कृषि औजार वितरण गरी उत्पादन लागत न्यूनीकरण तथा उत्पादन वृद्धि गर्न सहयोग पुऱ्याइएको। कम्तिमा २० वटा जिल्लास्तरीय,स्थलगत कृषक तालिमहरू सञ्चालन गरी आधुनिक खेती प्रविधि, बीउ उत्पादन, फलफूल बगैंचा व्यवस्थापन, जलवायुमैत्री कृषि तथा पशुपन्छी व्यवसाय व्यवस्थापन सम्बन्धी व्यवहारिक ज्ञान प्रदान गरिएको। • हाल सम्म माटोको गुणस्तर निर्धारणका जम्मा १८५०४ वटा माटोको नमूना परीक्षण गरि आवश्यक प्राविधिक सल्लाह प्रदान गरिएको। • यस आ.व मा २० वटा घुम्ती माटो शिविर मार्फत २०९४ माटोको नमूना परीक्षण भएको, १२ वटा घुम्ती बाली उपचार शिविर मार्फत ५३४ वटा बालीको नमूना परीक्षण भएको साथै २०३ वटा बीउका नमूनामा विभिन्न परीक्षण (उमारशक्ती, शुद्धता, चिस्यान आदि) गरिएको। • आ.व २०८२/८३ मा कर्मचारीस्तरबाट जम्मा ३८९ जना र कृषकस्तरबाट जम्मा २३५ जना गरी जम्मा ६२४ जना विभिन्न विषयवस्तुमा सम्बन्धी तालिमबाट लाभान्वित भई

क्र.सं.	बजेट उपशीर्षक	मुख्य मुख्य उपलब्धीहरु
		ज्ञान, सिप तथा क्षमता अभिबृद्धि भई प्रविधि प्रसारमा सहजता भई कृषिजन्य उत्पादन बृद्धिमा भएको।
६	कृषि तथा पशुपंक्षी स्रोत केन्द्र विकास कार्यक्रम	• कृषि स्रोत केन्द्र अन्तर्गत फलफूल नर्सरी स्रोतकेन्द्र, मौरी स्रोत केन्द्र, तरकारी वीउको स्रोत केन्द्र गरी कर्णाली प्रदेशमा ३३ वटा स्रोतकेन्द्र स्थापना र पशुपन्छी तर्फ ४ भैसी, १ कुखुरा, १ बाखा, १ वंगुर, २ चौरी १ भेडा श्रोतकेन्द्र गरि १० वटा पशुपंक्षी स्रोत केन्द्र स्थापना भएको ।
७	कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम	• सुन्तलाको ६८ हेक्टर, आँप र लिचीको ३३ हेक्टर क्षेत्रफल विस्तार भएको। • ७९०० किलो गहुको बीउ, २५२३ किलो धानको बीउ, ६५२५ किलो आलुको बीउ १००० भन्दा बढी तरकारीको मिनिकिट वितरण भएको। • ३७ जना कृषक तथा फर्महरुलाई चिनो कोदो, आलु, जौ, गहु, उवा, फापर, मार्से र भटमास लगायतका वालीको १० मे टन वीउ वितरण र करिब २२ हेक्टर क्षेत्रफल विस्तार भएको। • विभिन्न जिल्लामा जम्मा ९५५ मौरी घार र मौरीपालन सामग्री वितरण भएको।
८	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	• १९५ वटा साना सिचाई निर्माण तथा मर्मत सम्भार योजना मार्फत करिव थप ५५५ हेक्टर क्षेत्रफलमा सिंचाई सुधार तथा करिव ६० हजार घर धुरी लाभान्वित भएको।
९	दुग्ध प्रवर्द्धन तथा पशुपन्छी आहारा विकास कार्यक्रम	• संगठित वजारमा दुध विक्री गर्ने दुग्ध उत्पादक कृषकलाई प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत १९९२ कृषकहरुलाई १६ लाख ४४ हजार ७० ली. दुध विक्रि वापतको रू.१ करोड ४ लाख ३१ हजार अनुदान रकम उपलव्ध गराईएको। • विभिन्न ७ स्थानहरुमा दुग्ध चिस्यान केन्द्र स्थापना भई सेवा प्रदान भैरहेको। • कार्यक्रमवाट ३१ जना कृषकहरुलाई ३७ गोटा भैसी वितरण गर्ने कार्य सम्पन्न भएको।

क्र.सं.	बजेट उपशीर्षक	मुख्य मुख्य उपलब्धीहरु
१०	कृषि पूर्वाधार विकास कार्यक्रम	• ४ वटा कृषि उपज संकलन केन्द्र निर्माण र १ वटा सामुदायिक बीउ बैंक स्थापना, १ वटा सेलार स्टोर निर्माण र ३०० जनालाई रोजगारी सृजना भएको।
११	गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम	• तरकारी खेती, फलफुल खेती, मसला बाली खेती, फलफुल बगैचा स्थापना, सिंचाई संरचना निर्माण, संरक्षित संरचना निर्माण, यन्त्र/उपकरण वितरण, जैविक मल जैविक विषादीमा सहयोग, उन्नत जातका पशुपन्छी वितरण गरि १०६० घरधुरी प्रत्यक्ष लाभान्वित भई रोजगारी तर्फ ५९० जनालाई आंशिक र २१० जनालाई पुर्ण रोजगारी सृजना भएको।
१२	कृषि यान्त्रिकिकरण कार्यक्रम	• कृषि तथा पशुपन्छी क्षेत्रमा प्रयोग हुने २४६ वटा यन्त्र/औजार/उपकरण वितरणमा भई करिब ७५० घरधुरी लाभान्वित भएको र ३४० जनालाई रोजगारी सृजना भएको साथै कृषि/पशुपन्छी उत्पादनमा वृद्धि भएको।
१३	पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम	• पशु स्वास्थ्य सेवा मार्फत १ लाख ६९ हजार ३ सय ५७ पशुहरुमा उपचार सेवा प्रदान भएको। • २५८० गाई, ३११५ भैसी र ४८ बाखा गरी जम्मा ५७४३ पशुहरुमा कृत्रिम गर्भाधान सेवा प्रदान भएको। • उत्पादनमा आधरित प्रोत्साहन कार्यक्रमवाट ४ गाई, १३ भैसी, १३४ भेडा, ४८८ बाखा, ३५८३ कुखुरा, १०८ च्याङ्ग्रा र १४ चौरी वितरण तथा ७ गोठ र ३८ खोर निर्माण भई करिब २००० घरधुरी लाभान्वित भएको र करिब १८५ जनालाई_रोजगारी सृजना भएको।
१४	मत्स्य व्यवसाय प्रबर्द्धन कार्यक्रम	• प्राकृतिक जलासयमा माछाको संरक्षणको लागी १ लाख १० हजार २ सय गोटा रहु र नैनि जातका भुरा छाड्ने कार्यक्रम सम्पन्न भएको। १६ वर्ग मिटरमा रेन्ब्रो ट्राउट माछाको रेसवे निर्माण गरी ट्राउट पालनको क्षेत्र विस्तार भएको। माछापालक कृषकहरुलाई ९१ हजार २ सय गोटा माछाको भुरा वितरण गर्ने कार्य सम्पन्न भएको।
१५	प्रधानमन्त्री कृषि आधुनिकिकरण	• विभिन्न ब्लक विकास कार्यक्रम (आलुबाली/सुन्तला जात फलफूल/स्याउ/ओखर/अदुवा/अलैची/चौरी) अन्तर्गत बिउ, विरुवा, यन्त्र उपकरण जैविक मल, विषादीमा, गोठ निर्माण, पशु विमा आदिमा सहयोग कार्यक्रम सञ्चालन भई

क्र.सं.	बजेट उपशीर्षक	मुख्य मुख्य उपलब्धीहरु
	परियोजना (संघ शसर्त अनुदान)	२८० घरधुरी लाभान्वित भएको र करिब ३५ जनालाई रोजगारी सृजना भएको।
१६	कृषि विभाग (शसर्त अनुदान)	• विभिन्न व्यवसायिक बाली (कफी) को प्रवर्द्धन कार्यक्रम सञ्चालन भई ५५ हेक्टर क्षेत्र विस्तार तथा ५७ जनालाई पुर्ण रोजगारी सृजना भएको।
१७	पशु विभाग (संघ ससर्त अनुदान)	• पशुपन्छीका रोग नियन्त्रणका लागि खोप अभियान कार्यक्रम अन्तर्गत ३१३० डोज रेविज रोग विरुद्ध खोप खोप लगाइएको, ७३१४ डोज HSBQ रोग विरुद्ध खोप लगाईएको, १३६८६ डोज खोरेत रोग विरुद्ध खोप लगाइएको र कर्णाली प्रदेशको पशुपन्छी तथा मत्स्य सम्बन्धी तथ्याङ्क प्रमाणीकरणको लागि १ वटा प्रदेश स्तरीय तथ्याङ्क भ्यालीडेशन गोष्ठी सम्पन्न गरिएको।
१८	उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम(संघ शसर्त अनुदान)	• RHVP कर्णाली प्रदेशको अस्थायी दरबन्दी स्वीकृत भई सुर्खेतमा PMO तथा जुम्लामा र जाजरकोटमा CO कार्यालय सहित ३ ओटा कार्यालय स्थापना भएको। • Palika agro-ecological plan (PAP) तर्जुमाका लागि स्थानीयतहसँग समन्वय बैठक सञ्चालन भएको। • पर्यावरणीय कृषि उपज उत्पादनका लागि सम्भावित क्षेत्रको प्राविधिक अनुगमन निरीक्षण सम्पन्न भएको।

१.३० तालिकाः भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य उपलब्धीहरु

प्रमुख सूचक	इकाई	आ.व. २०७४/७५	आ.व. २०८२/८३ को प्रगति	कैफियत
प्रमुख खाद्यान्न बालीहरूको उत्पादनमा वृद्धि	मे.टन.	५३९.१३	२६६४	
प्रमुख खाद्यान्न बालीहरूको उत्पादकत्व	मे.टन/हे	२.२२	२.५७	
प्रमुख पशुपन्छीजन्य उत्पादनहरूको वृद्धि दर	प्रतिशत	३.५	६.३७	
मासु उत्पादन	मे.टन.	३२३८३	२४४२३.५	
दुध उत्पादन (हजारमा)	लिटर	१०६३५४	१०५८९५.८८	

प्रमुख सूचक	इकाई	आ.व. २०७४/७५	आ.व. २०८२/८३ को प्रगति	कैफियत
अण्डा उत्पादन (हजारमा)	गोटा	२६८९५	३६५६२.३६	ह.गोटा
माछा उत्पादन	मे.टन.	५१.८३	१३०.७२	
मह उत्पादन	मे.टन.	१७.५	२२२	
डेरी तथा दुग्ध सङ्कलन केन्द्र	सङ्ख्या	१२	५२	
दुग्ध प्रशोधन केन्द्र	सङ्ख्या	२	४	
गाई पालन (हजारमा)	सङ्ख्या	५३२.४३	५९८.८१	
भैंसी पालन (हजारमा)	सङ्ख्या	३२९.९६६	१९५.५६	
बाख्रा पालन (हजारमा)	सङ्ख्या	१५९०.९१	१८५५.५७	
भेडा पालन (हजारमा)	सङ्ख्या	३१८.१०	२६०.३९३	
कुखुरा पालन (हजारमा)	सङ्ख्या	१७५९.१५	२१०२.७६९	
हाँस पालन (हजारमा)	सङ्ख्या	८	२३.८	
कालिज पालन (हजारमा)	सङ्ख्या	८१८	३४२०	
पशु खोप सेवा (हजारमा)	सङ्ख्या	१०१५	१७१९.०६५	
पन्छी खोप सेवा (हजारमा)	सङ्ख्या	१५०	२१२.	
भकारो सुधार (हजारमा)	सङ्ख्या	१५०	१८ गोटा भकारो सुधार	जिल्ला स्थित कार्यालयहरुबाट

स्रोतः *भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।*

१.३१ तालिकाः प्रति व्यक्ति, प्रति वर्ष कृषि उत्पादनको उपलब्धता सम्बन्धी विवरण

प्रमुख सूचक	इकाई	आ.व. २०७५/०७६	आ.व. २०८२/८३ को प्रगति	कैफियत
खाद्यान्न	कि.ग्रा.	१७४	१९५.	
मासु	कि.ग्रा.	१२.७८	१४.४६	
दुध	लिटर	५९.३५	६२.७१	
अण्डा	गोटा	१८	२२	
माछा	कि.ग्रा.	३	०.१	
दलहन	कि.ग्रा.	२०	१५.१६	
तरकारी	कि.ग्रा.	८०	९४.३	
फलफूल (स्याउ सुन्तला केरा आदि)	कि.ग्रा.	६.१	५५.९३	

स्रोतः *भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।*

१.३२ तालिकाः आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (सेवा शुल्क/टेण्डर) सम्बन्धी विवरण

राजस्व सङ्कलन गर्ने निकाय	राजस्व (रू. हजारमा)
कृषि विकासतर्फ	९२०८
पशुसेवातर्फ	४६१६
मन्त्रालय, प्रशिक्षण केन्द्र, प्रयोगशाला, सहकारी रजिस्ट्रारको कार्यालय	१३६२
जम्मा	**१५१८७**

स्रोतः *भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।*

१.३३ तालिकाः भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरूजु सम्बन्धी विवरण

आर्थिक वर्ष	लेखापरीक्षण अङ्क (विनियोजित बजेट)	बेरुजु अङ्क	फर्स्यौट रकम	एकीकृत बाँकी बेरुजु	कैफियत
२०७४/०७५	१००७७७	नभएको			
२०७५/०७६	२८४१९०९	९६२४५	७७५५६	१८६८९	
२०७६/०७७	३४५०१८६	१८४५४३	५७३४७	१२७१९६	
२०७७/०७८	२७०४३४०	२२४२५	८६१	२१५६४	
२०७८/०७९	२९४७००५	५४२३८	-	५४२३८	
२०७९/०८०	२४१४०९२	९९९२	-	९९९२	
२०८०/८१	२८५७६२०००	२२१५३३	९२८१२	१२८७२१	
२०८१/८२	३४१६२००००	६६५८३९८	१८०२८६	६४७८११२	
जम्मा					

स्रोतः *भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।*

१.३४ तालिकाः भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको बहुवर्षीय तथा स्रोत सुनिश्चिता प्राप्त आयोजनाको प्रगति विवरण

आयोजनाको विवरण	आयोजना सुरु भएको मिति	ठेक्का रकम (रू. हजारमा)	कार्य सम्पन्न हुने मिति	प्रगति प्रतिशत	
				भौतिक	वित्तीय
श्री कृषि विकास कार्यालय रुकुम पश्चिम (भवन निर्माण)	२०८०-०५-२९	२८७२२	२०८२-०४-२८	१००	९६.८९

आयोजनाको विवरण	आयोजना सुरु भएको मिति	ठेक्का रकम (रू. हजारमा)	कार्य सम्पन्न हुने मिति	प्रगति प्रतिशत	
				भौतिक	वित्तीय
श्री कृषि विकास कार्यालय मुगु (भवन निर्माण)	२०८१-०२-०१	१५६०७	२०८३-०३-१५	१००	९५.६
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सुर्खेत (तरल नाईट्रोजन उत्पादन प्लान्ट स्थापना तथा सञ्चालन)	२०८१-१०-१३	५८२३४	२०८२-०६-१२	१००	११.५

स्रोतः *भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।*

३.९ भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

१. पृष्ठभूमि

नेपालको संविधान लागू हुनुपूर्व भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास मन्त्रालय र सो अन्तर्गतका संरचनाहरूबाट सम्पादन हुँदै आएका कार्यक्रमहरू संविधान लागु भएपछि संघ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुनुपर्ने संवैधानिक व्यवस्था छ। उक्त व्यवस्था अनुसार प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, योजना तर्जुमा, प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन, प्रदेशभित्र उपयुक्त भवन प्रविधिको विकास, प्रदेशको राजधानी र प्रादेशिक शहरको विकास, प्रदेशको यातायात व्यवस्थापन सम्बन्धी नीति, कानून मापदण्ड योजनाको, तर्जुमा तथा कार्यान्वयन, प्रदेश भित्रको सवारी दर्ता, नवीकरण, चालक अनुमति, सार्वजनिक यातायातको रुट अनुमति, वातावरणमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री यातायात प्रणालीको प्रवर्द्धन यस मन्त्रालय अन्तर्गत रहेको छ। साथै संघ र प्रदेशको साझा अधिकारको सूची, संघ, प्रदेश र स्थानीयतहको साझा अधिकार सूची, कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत प्रदेशसरकार (कार्य विभाजन) नियमावली, २०७४ (संशोधित २०७८ समेत) मा उल्लिखित कार्यहरू यस मन्त्रालयको कार्य जिम्मेवारीमा राखिएको छ। उक्त नियमावली अनुसार प्रदेशस्तरको प्रदेश लोकमार्ग तथा यातायात, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण, शहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मत–संभार लगायतका विषयको आवश्यक नीति, कानून, गुरुयोजना, योजना निर्माण, मापदण्ड तयारी, सवारी दर्ता, नवीकरण, वाटो इजाजत, सवारी चालक अनुमति-पत्र तथा समग्र प्रदेशको यातायात व्यवस्थापन जस्ता कार्य यस मन्त्रालयको कार्यजिम्मेवारी तोकिएको छ। यिनै भौतिक पूर्वाधारसँग सम्बन्धित योजनाहरूको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत–सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्ग निर्देशनको कार्य यस मन्त्रालयबाट सम्पादन हुन्छन्।

२. दीर्घकालीन सोच

२.१ सडक पूर्वाधार र यातायातको विकास मार्फत प्रदेशमा रहेका बस्तीमा पहुँच अभिवृद्धि गरी आर्थिक समृद्धि हासिल गर्ने।

२.२ प्रतिस्पर्धी, सर्वसुलभ, सुरक्षित र वातावरणमैत्री यातायात प्रणालीको विकास र व्यवस्थित शहरीकरणमार्फत दिगो आर्थिक सामाजिक समृद्धि हुने।

२.३ सुरक्षित र सुविधायुक्त एकीकृत आवास तथा बस्ती विकासमार्फत दिगो विकास गर्ने।

३. ध्येय

३.१ वातावरणमैत्री, कम खर्चिलो, सुरक्षित र दिगो सडक पूर्वाधारको विकास एवं विस्तार, भरपर्दो यातायात व्यवस्था र सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गरी आर्थिक क्रियाकलाप बिस्तार गर्ने।

३.२ सडक सञ्जालको सन्तुलित विकास तथा बिस्तार गरी कनेक्टिभिटी वृद्धि गर्ने।

३.३ संघ र प्रदेशहरू, प्रदेश र प्रदेशहरू, प्रदेश र स्थानीयतहहरू बिचको सडक पूर्वाधार विकासको माध्यमद्वारा पहुँच स्थापना र अभिवृद्धिमार्फत सेवा प्रवाहको गुणस्तर कायम गरी व्यापारिक सम्बन्ध बिस्तार गर्नु।

३.४ सडक पूर्वाधारको उचित मर्मत–संभार र संरक्षण गरी सहज सवारी आवागमनको सुनिश्चितता गर्ने।

३.५ यातायात सेवालाई प्रतिस्पर्धी, सर्वसुलभ भरपर्दो, सुरक्षित र अनुशासित बनाई आवागमन र ढुवानीलाई सहज बनाउने।

३.६ विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिकरूपमा गतिशील, स्वच्छ, सफा र व्यवस्थित शहर निर्माण गर्ने।

३.७ शहरको योजना, निर्माण, व्यवस्थापन, सुधार तथा बिस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि र शहरी पूर्वाधार सुशासनको संस्थागत विकास गर्ने।

३.८ सबै आय वर्गका जनताको निम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री, आधारभूत सुविधा सम्पन्न आवास निर्माण गर्ने गराउने।

३.९ भवन निर्माणमा उपयुक्त आधुनिक प्रविधि र स्थानीय वास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामग्रीको प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ सुलभ र किफायती भवनहरूको निर्माण गर्ने गराउने।

३.१० एकीकृत सरकारी भवन डिजाईन, निर्माण, प्रयोग तथा मर्मत–सम्भार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानूनी संरचनाको सुधार गर्ने।

४. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सम्पादन गर्नु पर्ने कार्यहरू देहाय अनुसार रहेका छन्:-

४.१ प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,

४.२ प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण,

४.३ प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,

४.४ वातावरणमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन,

४.५ प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन,

४.६ रज्जुमार्ग, जलमार्ग, लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,

४.७ प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन,

४.८ प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.९ प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन,

४.१० प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन,

४.११ प्रदेशस्तरमा राष्ट्रिय भवन संहिता तथा भवन निर्माण मापदण्डको कार्यान्वयन र नियमन,

४.१२ प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण,

४.१३ सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन।

१.३५ तालिकाः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्चसम्बन्धी विवरण (रू. लाखमा)

विवरण	आ.व. २०८०/८१			आ.व. २०८१/८२			आ.व. २०८२/८३		
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत
चालु	२,७९४	२,०३६	७२.९	२,८६७	२,११०	७३.६	२,८०६	२,१२८	७५.८
पुँजीगत	९७,१४३	४९,४२८	५०.९	१०१,४३९	५७,०१२	५६.२	१०७,३१५	५२,०१६	४८.५
जम्मा	९९,९३८	५१,४६४	५१.५	१०४,३०६	५९,१२२	५६.७	११०,१२१	५४,१४३	४९.०

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

५. आर्थिक वर्ष २०८२/८३ मा सम्पादन भएका प्रमुख कार्यहरू

सडक सञ्जालमा नजोडिएका स्थानीय तहका केन्द्रलाई पक्की सडकले राष्ट्रिय तथा प्रादेशिक सडक सञ्जालसँग जोड्ने कार्य भइरहेको। यस अन्तर्गत उपल्लो डुंगेश्वर डाँडापराजुल सडक,

दैलेख र ठाडाकाटे अदानचुली सडक हुम्लामा निर्माण कार्य भइरहेको साथै कालिकोटको महाबै गाउँपालिका जोड्ने सडक कालिकोट निर्माण कार्यको लागि सम्झौता भई निर्माण कार्य सुरुवात हुने चरणमा रहेको तथा डोल्पाको छार्काताङ्सोङ् जोड्ने सडक खरिद प्रकृयाको चरणमा रहेको। सर्वयाम यातायात सञ्चालनका लागि सडकहरुलाई क्रमशः स्तरोन्नति गर्नुका साथै सडक यातायातलाई सुरक्षित, भरपर्दो र दिगो बनाइ बाह्रै महिना सञ्चालन गर्न नियमित मर्मतसम्भार र स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइएको । चालू आ.व २०८२/८३ मा मात्र ९१।७७ कि.मी कालोपत्रे, सडक १०५।०९ कि.मी ग्राभेल तथा २५३।०६ कि.मी नयाँ कच्ची सडक निर्माण सम्पन्न भएको।

- निर्माण कार्य सुस्त भएका तथा सम्झौता पश्चात निर्माण कार्य नै सुरू नभएका आयोजनासँग सम्बन्धित निर्माण व्यवसायीहरूको पटक पटक बैठक राखी निर्माण कार्यको प्रगति हाँसिल गराउन पहल गरिएको।
- सङ्घ र स्थानीय तहसँगको सहकार्यमा आधा घण्टाको हिँडाइ दूरीभित्र पहुँच सुविधा पुऱ्याउने गरी झोलुङ्गे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइएको। आ.व २०८२/८३ मा कूल ५२ वटा झोलुङ्गे पुल कार्यक्रममा रहेकोमा ३९ वटा सम्पन्न भएको।
- भूकम्प प्रभावित जाजरकोट, रुकुमपश्चिम र सल्यान जिल्लाका क्षति भएका सार्वजनिक विद्यालय तथा हेल्थपोष्टहरूको पूनर्निर्माणतर्फ सार्वजनिक विद्यालय र स्वास्थ्य संस्थाहरूको पूनर्निमाणको लागि मन्त्रालयबाट यस आ.व. मा कुल जम्मा विद्यालय तर्फ ९९ र स्वास्थ्यचौकी तर्फ २७ गरि कुल १२६ वटा क्षतिग्रस्त संरचनाको पूनर्निमाण सम्पन्न गर्ने लक्ष्य रहेकोमा ६४ वटा विद्यालय र १४ वटा स्वास्थ्य चौकी गरी कुल ७८ वटा संरचनाको पूनर्निमाण कार्य सम्पन्न भएको।
- यस अवधिमा गरिब, विपन्न तथा दलित परिवारको लागि कुल जम्मा ५०९ आवास एकाई निर्माण भएका छन्। यातायात कार्यालहरूतर्फ यस आ.व मा १२८ बस ट्रक तथा मिनिबस, ४८९ माइक्रोबस जिप कार पिकअप, ४५७१ मोटरसाइकल स्कुटर, ५१ वटा ट्रयाक्टर र ३६३ वटा टेम्पो अटोरिक्सा दर्ता भएको। यस मन्त्रालय अन्तर्गत यातायात क्षेत्र तर्फ मात्र कूल ३५ करोड ८ लाख ४३ हजार राजश्व सङ्कलन भएको।
- वीरेन्द्रनगर, सुर्खेतलाई स्वच्छ, सुन्दर र व्यवस्थित शहरको रूपमा विकास गर्न प्रदेश राजधानी विकास कार्यक्रम सञ्चालन भइरहेको। प्रदेश सरकारका मन्त्रालयहरुलाई एकीकृत स्थानमा स्थानान्तरण गर्न प्रदेश महत्वको आयोजनाको रूपमा एकीकृत

प्रशासनिक भवन तथा परिसर निर्माणको लागि खरिद कार्य सम्पन्न भई निर्माणको चरणमा रहेको छ।

- सडक सुरक्षा कार्यक्रमका लागि वीरेन्द्रनगर लगायतका सहरी सडकहरुमा सडक मार्किङ्ग सडक सुरक्षा कार्यक्रम सञ्चालन, सवारी चालक अनुमति पत्रको प्रयोगात्मक परीक्षालाई व्यवस्थित गर्न प्रदेश सरकारको लगानीमा वीरेन्द्रनगर र चौरजहारीमा ट्रायल सेन्टर निर्माण सम्पन्न गर्ने कार्य भइरहेको।
- विभिन्न जिल्लामा वाढीको कारण क्षति भएका सडकहरूको तत्काल मर्मत गरी यातायात सेवा सुचारु गर्ने कार्य गरिएको।
- प्रदेश सवारी तथा यातायात व्यवस्थापन नियमावली, २०८२ कर्णाली प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत भएको।
- यस मन्त्रालयबाट हालसम्म ३६ वटा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने कार्य भएको।

६. बजेट कार्यान्वयनमा देखिएका समस्या/चुनौतीहरु तथा समाधानका उपायहरु

क्र.सं.	मुख्य समस्या	समाधानका उपाय
१	मध्यपूर्वमा भएको युद्ध तथा विषम परिस्थितिका कारण सडक निर्माणमा प्रयोग हुने बिटुमीन तथा पेट्रोलियम पदार्थमा भएको अस्वाभाविक मूल्यवृद्धिका कारण समग्र निर्माण क्षेत्र प्रभावित हुँदा अपेक्षित प्रगति हासिल हुन नसक्नु।	अस्वाभाविक मूल्यवृद्धि भई काबु बाहिरको परिस्थिति सिर्जना भएको हुँदा निर्माणधिन बहुवर्षीय तथा सालबसाली आयोजनाहरुमा मूल्यवृद्धि तथा बजारको सम्भावित जोखिमलाई समेत आधार मानी स्रोत सुनिश्चित गर्ने तथा प्रचलित कानूनबमोजिम मूल्य समायोजन गर्नुपर्ने आयोजनामा समयमै आवश्यक प्रक्रिया अघि बढाउन र आयोजनाको निर्माण अवधि थप गर्ने सम्बन्धमा आवश्यक पहल हुनुपर्ने।
२	धेरै टुक्रे तथा छरिएका आयोजना हुनु।	यथार्थपरक आयोजना बैङ्क बनाई सोही बमोजिम प्राथमिकता तथा आवश्यकताका आधारमा कार्यान्वयन गर्नुपर्ने। नयाँ आयोजना छनोट गर्दा स्वीकृत प्रादेशिक सडक सञ्जाल गुरूयोजनालाई आधार बनाउने।
३	वातावरणीय अध्ययन तथा स्वीकृतिमा ढिलाइ हुनु,	आयोजनाको पूर्व तयारी लागि बजेट व्यवस्था गरी पूर्व तयारी भएका आयोजनाहरु मात्र ठेक्का प्रक्रियामा लैजाने

क्र.सं.	मुख्य समस्या	समाधानका उपाय
	आयोजना पूर्वतयारीमा ध्यान नदिनु।	व्यवस्थालाई अक्षरस पालना गर्नुपर्ने। प्रदेश बातावरण संरक्षण नियमावलीको अनुसूचीहरु संघीय कानुन बमोजिम हुने गरि परिमार्जन गर्ने।
४	वन क्षेत्र, निकुञ्ज तथा संरक्षित क्षेत्रमा आयोजना सञ्चालनमा समस्या हुनु तथा जग्गा प्राप्ति तथा सडक क्षेत्राधिकारको समस्या हुनु।	सम्बन्धित संघीय निकायसँग समन्वय गरी वन तथा भोगाधिकारको प्रक्रिया सरल र समयबद्ध बनाउन प्रदेश सरकारबाट समयमै पहलकदमी हुनुपर्ने।
५	शहरी क्षेत्रमा खानेपानी, विद्युत्, टेलिफोनका पोल तथा पाइप हटाउन ढिलाइ हुनु।	आयोजना सुरु हुनुअघि नै पोल, पाइप तथा अन्य संरचनाको पहिचान गरी हटाउने कार्यतालिका बनाउने साथै सोको लागि सम्बन्धित ठेक्कामै बजेटको आवश्यक प्रबन्ध मिलाउने।
६	दक्ष प्राविधिक जनशक्ति कम हुनु।	कार्यबोझ, कार्य प्रकृति, भौगोलिक अवस्थिति अनुसार दरबन्दी पुनरावलोकन गरी रिक्त पद शीघ्र पूर्ति गर्ने र आवश्यकता अनुसार विशेषज्ञ सेवा लिने।
७	निर्माण कार्यको गुणस्तर कायम गर्न समस्या।	पूर्वाधार विकास कार्यालय सुर्खेतमा रहेको प्रयोगशालालाई अझ सुदृढ गर्दै लैजाने र अन्य कार्यालयमा समेत निर्माण सामग्रीको परिक्षण प्रयोगशालाको स्थापना गर्ने कार्यलाई प्राथमिकता दिने।
८	रुग्ण आयोजनाका कारण अपेक्षित उपलब्धी हासिल नहुनु।	निर्माण व्यवसायीलाई निरन्तर छलफल, ताकेता तथा सचेत गराउदा समेत निर्माण क्षेत्रमा खरिद सम्झौता बमोजिम प्रगति हासिल हुन नसकेका योजनाको लगत अद्यावधिक गरी प्रचलित नियमानुसार कारवाहीको प्रक्रियामा लैजाने।
९	सडक मर्मतका लागि पर्याप्त बजेट नहुनु, बाढी तथा पहिरोपछि सडक तत्काल सञ्चालन गर्न कठिनाइ।	नयाँ निर्माणसँगै नियमित तथा आकस्मिक मर्मतका लागि आवश्यक बजेट छुट्याउने, स्थानीय प्रशासन र स्थानीय तहसँग समन्वय गरी रणनीतिक स्थानमा एक्साभेटर लगायत आवश्यक उपकरण तयारी अवस्थामा राख्ने र सोको लागि आवश्यक समन्वय गर्ने।

क्र.सं.	मुख्य समस्या	समाधानका उपाय
१०	दुर्गम जिल्लामा कडा चट्टान फोर्न समस्या।	विष्फोटक पदार्थ प्रयोग गर्नुपर्ने आयोजनाहरुको सन्दर्भमा सम्बन्धित आयोजना प्रमुखले उक्त पदार्थको प्रयोगको लागि सम्बन्धित जिल्लाको जिल्ला सुरक्षा समिति, प्रदेश मन्त्रालय र संघीय सरकारको गृह मन्त्रालयसँग आवश्यक समन्वय समयमै गरी सोसँग सम्बन्धित कार्य समयमै सुरुवात गर्ने।
११	संघ, प्रदेश र स्थानीय तहका आयोजना दोहोरिनु, आयोजनाको एकीकृत विवरण तथा तथ्याङ्क कमजोर हुनु।	तीनै तहका सरकारबीच आवश्यक समन्वय तथा पत्राचार मार्फत वार्षिक बजेट तथा कार्यक्रमको जानकारी सम्बन्धित निकायमा पठाउने र एकीकृत आयोजना विवरण तयार गरी दोहोरो योजना रोक्ने।
१२	EDLVRS प्रणाली पूर्ण रुपमा कार्यान्वयन समस्या ।	यातायात व्यवस्था विभाग तथा सफ्ट्वयर निर्माण कम्पनीले EDLVRS प्रणालीमा देखिएका प्राविधिक समस्याहरु छिटो समाधान गर्ने साथै प्रणाली सञ्चालन, तथ्याङ्क आदानप्रदान, प्राविधिक सहयोग र कर्मचारी क्षमता विकासमा सम्बन्धित संघीय निकायसँग नियमित रुपमा समन्वय गर्ने।

७. सुधार गर्नुपर्ने क्षेत्र

७.१ जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य।

७.२ कार्यक्रम, कार्य प्रकृति, कार्यबोझ तथा भूगोल सुहाउदो संगठन संरचना निर्माण गर्न सङगठन व्यवस्थापन सम्बन्धि कार्य।

७.३ यथार्थपरक आयोजना बैङ्क बनाई सोही बमोजिम प्रथामिकता तथा आवश्यक्ताका आधारमा कार्यान्वयन गर्नुपर्ने। नयाँ आयोजना छनोट गर्दा स्वीकृत प्रादेशिक सडक सञ्जाल गुरूयोजनालाई आधार बनाउने।

७.४ वजेट व्यवस्थापन र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक काम गर्नुपर्ने।

७.५ आयोजनाहरुमा रकमान्तर र स्रोतान्तर समयमै गर्ने।

७.६ संघ, प्रदेश, स्थानीय तह तथा विभिन्न कार्यगत मन्त्रालय विच समन्वय गर्नुपर्ने ।

७.७ Material Testing Lab स्थापना तथा स्तरोन्नति गरी जनशक्तिको समेत व्यवस्था गर्न पर्ने।

१.३६ तालिकाः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयबाट भएका भौतिक निर्माण सम्बन्धी विवरण

क्र. सं.	कार्यक्रम	आ.व. २०८१/८२	आ.व. २०८२/८३	हालसम्मको प्रगति	
		सम्मको उपलब्धी	लक्ष्य	प्रगति	
१	**सडक निर्माण तर्फ**				
	क. कालोपत्रे/पक्कि (कि.मि.)	२४९.६	१६५.०	९१.७७	३४१.३७
	ख. ग्राभेल/खण्डस्मिथ (कि.मि.)	७१३.७	१३३.४	१०५.९	८१९.६
	ग. माटे (कि.मि.)	३१६२.५	२१६.३	२५३.६	३४१६.१
	घ. अन्यः सडक स्तरोन्नति, नाला निर्माण आदि (कि.मि.)	६४४.८	१९९.२	२०८.७	८५३.५
२	**पुल निर्माण तर्फ**				
	क. झोलुङ्गे पुल निर्माण (संख्या)	१२५	५२	३९	१६४
	ख. सडक पूल निर्माण (संख्या)	५३	४३	२१	७४
३	सार्वजनिक भवन (संख्या)	१९	२	३	२२
४	जनता आवास				
	क. जनता आवास (संघ)	३५३०	५२	५०	३५८०
	ख. जनता आवास (प्रदेश)	७०६	२४१	२१०	९१६
५	विपन्नको घर कार्यक्रम (संख्या)	६२०	२८३	२४८	८६८

***स्रोतः** भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय,कर्णाली प्रदेश।*

१.३७ तालिकाः यातायात व्यवस्था/सेवा कार्यालय मार्फत आर्थिक वर्ष २०८०/८१ देखि आ.व. २०८२/८३ सम्मको राजस्व सङ्कलनको विवरण (रू. हजारमा)

क्र. सं.	मन्त्रालय/कार्यालयको नाम	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
१	यातायात व्यवस्था कार्यालय, सुर्खेत	२७००२३	२७८८८२.३२	२९५६०९.४
२	यातायात व्यवस्था सेवा कार्यालय, जुम्ला	१६६७०	१४३२२.३८	१९४४२.५४
३	यातायात व्यवस्था सेवा कार्यालय, रूकुम पश्चिम	२७२१४	३०३६९.८६	३५७९१.६५
	जम्मा	**३१३९०७**	**३२३५७४.५६**	**३५०८४३.५९**

***स्रोतः** भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, कर्णाली प्रदेश।*

१.३८ तालिकाः यातायात व्यवस्था/सेवा कार्यालयबाट आ. व. २०८२/८३ मा भएको सवारी दर्ता सम्बन्धी विवरण

क्र. सं.	सवारी साधनको प्रकार	सुर्खेत	जुम्ला	रुकुम पश्चिम (चौरजहारी)	जम्मा
१	बस/ट्रक/मिनी बस/मिनी ट्रक	१२४	२	२	१२८
२	ट्रयाक्टर/पावर ट्रेलर	४४	४	३	५१
३	कार/जिप/पिकअप/माइक्रोबस	४४७	३२	१०	४८९
४	मोटरसाइकल/स्कुटर/मोपेड	३४८२	२६५	८२४	४५७१
५	टेम्पो/अटोरिक्सा	३४३	१४	६	३६३
६	एम्बुलेन्स/सवबाहन	६	४	०	१०
७	स्क्याभेटर तथा मेसिनरी उपकरण	२०	२	०	२२
	जम्मा	**४४६६**	**३२३**	**८४५**	

स्रोतः *भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय,कर्णाली प्रदेश।*

१.३९ तालिकाः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयबाट आ.व. २०८२/८३ को राजस्वको लक्ष्य र प्राप्तिसम्बन्धी विवरण (रू.हजारमा)

क्र. सं.	राजश्व शिर्षक	मन्त्रालयको कुल लक्ष्य	प्राप्ति			कुल प्राप्ति
			सुर्खेत	जुम्ला	रुकुम पश्चिम	
१	१४२२५-यातायात क्षेत्रको आम्दानी	३७०५००.००	८८०४.०७	१८८८.६२	०.००	१०६९२.६९
२	१४२५६- चालक अनुमतिपत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर		४९१४०.८२	६४९२.१२	४२११.००	५९८४३.९३
३	प्रशासनिक दण्ड जरिवाना र जफत		४१९.१०		६४.७२	४८३.८२
४	३३३४१-सवारी साधन कर		२३७२४५.४२	१०३९३.५२	३१५१०.४३	२७९१४९.३७
५	प्रशासनिक सेवा शुल्क			६६८.२८	५.५०	६७३.७८
	जम्मा	**३७०५००.००**	**२९५६०९.४०**	**१९४४२.५४**	**३५७९१.६५**	**३५०८४३.५९**

स्रोतः *भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय,कर्णाली प्रदेश।*

१.४० तालिकाः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको हालसम्मको बेरुजु अङ्क र फछ्यौंट सम्बन्धी विवरण (रू.हजारमा)

सि. नं.	मन्त्रालय/ कार्यालय	कायम भएको बेरुजु रकम				सम्परीक्षण भएको				बाँकी बेरुजु			
		नियमित गर्नुपर्ने	पेश्की	असुल उपर गर्नुपर्ने	जम्मा	नियमित गर्नुपर्ने	पेश्की	असुल उपर गर्नुपर्ने	जम्मा	नियमित गर्नुपर्ने	पेस्की	असुल उपर गर्नुपर्ने	जम्मा
१	भौतिक पुर्वाधार तथा शहरी विकास मन्त्रालय	१०२९०४१	०	४२	१०२९०८३	१०२९०४१	०	०	१०२९०४१	०	०	४२	४२
२	प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना, सुर्खेत	०	५३०००	८३	५३०८३	०	३६५००	७६	३६५७६	०	१६५००	७	१३५०७
३	ग्रामिण सडक सञ्जाल सुधार आयोजना, सुर्खेत	०	०	४१५	४१५	०	०	०	०	०	०	०	४१५
४	पुर्वाधार विकास कार्यालय, सुर्खेत	८७६३४	२१६७०४	१९०३८१	४९४७१९	८९९	१२९६१६	२७९८	१३३२१३	८६७३५	८७०८८	१८७५८३	३६१४०६
५	पुर्वाधार विकास कार्यालय, दैलेख	३०४००	१५९९४६	१६३४०	२०६६८६	४३६	०	०	४३६	२९९६४	१५९९४६	१६३४०	२०६२५०
६	पुर्वाधार विकास कार्यालय, सल्यान	७०२१९	१२०५२१	१५३४५	२०६०८५	०	१२०५२१	०	१२०५२१	७०२१९	०	१५३४५	८५५६४
७	पुर्वाधार विकास कार्यालय, जाजरकोट	१०१६३०	२८१८१	१७५२२	१४७३३३	८४०	२३५०	१४१	३३३१	१००७९०	२५८३१	१७३८१	१४४००२
८	पुर्वाधार विकास कार्यालय, रुकुम पश्चिम	५२५९२	४९३३५	९४८६६	१९६७९३	२९९७	१११९५	५८१७६	७२२८८	४९५९५	३८२२०	३६६९०	१२४५०५
९	पुर्वाधार विकास कार्यालय, डोल्पा	१३५४६८	५०१६२	२३७७७	२०९४०७	०	२४५८	०	२४५८	१३५४६८	४७७०४	२३७७७	२०६९४९
१०	पुर्वाधार विकास कार्यालय, हुम्ला	५६०६५	१५७७७	६९९५९	१४१८०१	१४००	०	९९४४	११३४४	५४६६५	१५७७७	६००१५	१३०४५७
११	पुर्वाधार विकास कार्यालय, कालीकोट	३९२७०	१८४७३	६०८२	६३८२५	२४०	१५०४	३१०२	४८४६	३९०३०	१६९६९	२९८०	५८९७९
१२	पुर्वाधार विकास कार्यालय, मुगु	४७७३६	८०१७६	३३७१२	१६१६२४	४३१२	७१००	५३९४	१६८०६	४३४२४	७३०७६	२८३१८	१४४८१८

सि. नं.	मन्त्रालय/ कार्यालय	कायम भएको बेरुजु रकम				सम्परीक्षण भएको				बाँकी बेरुजु			
		नियमित गर्नुपर्ने	पेश्की	असुल उपर गर्नुपर्ने	जम्मा	नियमित गर्नुपर्ने	पेश्की	असुल उपर गर्नुपर्ने	जम्मा	नियमित गर्नुपर्ने	पेस्की	असुल उपर गर्नुपर्ने	जम्मा
१३	पूर्वाधार विकास कार्यालय, जुम्ला	८४१५	७४९९	४८६७२	१४६९९०	२५४	०	१२८	३८२	८१६१	७४९९	४८५४४	१४६५०८
१४	यातायात सेवा कार्यालय, सुर्खत	८४९२	९२	६७	८६५१	०	०	३७	३७	८४९२	९२	३०	८६१४
१५	यातायात व्यवस्था सेवा कार्यालय, जुम्ला	१३९९	०	२	१४०१	०	०	२	२	१३९९	०	०	१३९९
१६	यातायात व्यवस्था सेवा कार्यालय, रुकुम पश्चिम	२९४२	०	९१	३०३३	०	०	०	०	२९४२	०	९१	३०३३
	जम्मा	**१६७१३०३**	**७९८६६**	**५१७३५५**	**३०७०९२८**	**१०४०४१९**	**३११९६४**	**७९७८**	**१४३१३८१**	**६३०८८४**	**४८८७०२**	**४३७१४३**	**१६२६५०२**

स्रोतः *भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, कर्णाली प्रदेश।*

३.१० सामाजिक विकास मन्त्रालय

१. पृष्ठभूमि

नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णयानुसार ७ वटा विषयगत कार्यक्षेत्र समेट्ने गरी स्थापना भएको कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय सविक जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतको भवनमा मिति २०७४/११/०२ गते स्थापना भई सञ्चालनमा रहेको छ। प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७६/०५/०६ को निर्णयानुसार यस मन्त्रालय र अन्तर्गतका २६ वटा कार्यालयमा कुल जम्मा १०७० स्थायी दरवन्दी स्वीकृत भएको थियो। हाल यस मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा विकास निर्देशनालय, मानव संशाधन विकास केन्द्र, प्रदेश अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, १० जन/स्वास्थ्य सेवा कार्यालयहरू, ९ सामाजिक विकास कार्यालयहरू, ९ आयुर्वेदिक स्वास्थ्य केन्द्रहरू, प्रदेश संग्रहालय, मेहेलकुना अस्पताल र प्रदेश आयुर्वेद औषधालय गरी ३९ वटा कार्यालयहरू र कुल ११३६ स्वीकृत दरबन्दी रहेका छन्। मन्त्रालयमा प्रदेश सचिव (रा.प.प्रथम श्रेणी) को नेतृत्वमा ५ महाशाखा र १२ शाखाहरूमा गरि जम्मा ५२ स्थायी दरबन्दी रहेको छ।

२. दीर्घकालीन सोच

कर्णाली प्रदेशको स्वास्थ्य, शिक्षा र मानव संशाधन विकासमा सुधार, लैङ्गिगक समानता र सामाजिक समावेशीकरणमा सशक्तीकरण गर्दै विशिष्ट सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गरी कर्णालीवासीको सामाजिक आर्थिक रूपान्तरण गर्ने।

३. ध्येय

३.१ कर्णालीबासीको स्वास्थ्य र पोषणको अवस्थालाई सुदृढ बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने,

३.२ सभ्य र समृद्ध समाज निर्माणका लागि सबै तहका शिक्षामा पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्ने,

३.३ समाजमा विद्यमान सबैखाले विभेदको अन्त्य गर्दै समतामूलक र समावेशी विकासको प्रत्याभूति गर्ने,

३.४ उद्यमशील, सिपयुक्त, उत्पादनमूलक तथा स्वरोजगार उन्मुख मानव संशाधन विकासमा जोड दिने,

३.५ स्वस्थ मानव जीवनको अपरिहार्य आवश्यकताका रूपमा खेलकुद विकासलाई जोड दिने,

३.६ कर्णालीको विशिष्ट सांस्कृतिक सम्पदा र धरोहरको संरक्षण र सम्वर्द्धन गर्ने।

४. कार्यक्षेत्र

कर्णाली प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्:-

४.१ प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

४.२ शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन।

४.३ प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालयसम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

४.४ प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम र छात्रवृत्तिसम्बन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण।

४.५ प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन।

४.६ प्रदेशस्तरमा विद्यालय तहका शिक्षकको सेवा सर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन।

४.७ माध्यमिक तहको परीक्षा व्यवस्थापन।

४.८ प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन।

४.९ स्वास्थ्य सेवा तथा पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।

४.१० प्रदेशस्तरमा आवश्यक पर्ने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन।

४.११ स्वास्थ्य सेवासम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यावसायिक र पेसागत सङ्घसंस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन।

४.१२ प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन।

४.१३ राष्ट्रिय मापदण्डबमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधिसम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन।

४.१४ राष्ट्रिय मापदण्डअनुरूप अस्पताल, नर्सिङ होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन।

४.१५ खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन।

४.१६ राष्ट्रिय मापदण्डबमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन।

४.१७ प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन।

४.१८ औषधि निगरानी, औषधिको उचित प्रयोग र सूक्ष्मजीवरोधक प्रतिरोध न्यूनीकरण।

४.१९ खोप र परिवार नियोजन।

४.२० संवेदनशील औषधि तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन।

४.२१ प्रदेशस्तरमा स्वास्थ्य सेवासम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह।

४.२२ प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन।

४.२३ सुर्ती, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन।

४.२४ स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवाप्रवाह, आपत्कालीन अवस्थाका लागि औषधि तथा औषधिजन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन।

४.२५ सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम।

४.२६ राष्ट्रिय मापदण्डअनुरूप स्वास्थ्य सेवासम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन।

४.२७ स्वास्थ्यजन्य फोहोर व्यवस्थापनसम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन।

४.२८ आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवासम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन।

४.२९ प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन।

४.३० खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धनसम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

४.३१ सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता।

४.३२ जनसङ्ख्या, बसाइँसराइ र परिवार नियोजनसम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क र समन्वय।

४.३३ महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।

४.३४ लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना।

४.३५ महिला सशक्तीकरण तथा लैङ्गिक समानतासम्बन्धी अध्ययन, अनुसन्धान।

४.३६ लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण।

४.३७ बालबालिकाको हकहित संरक्षणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना।

४.३८ प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिका र महिलासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन।

४.३९ समाज कल्याण र सङ्घसंस्थासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन।

४.४० युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन।

४.४१ खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन।

४.४२ खेलकुद प्रशासन र सङ्घसंस्थाको समन्वय र नियमन।

४.४३ राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता।

४.४४ लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक लक्षित आवाससम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन।

४.४५ सामाजिक सुरक्षासम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य।

४.४६ प्रदेशभित्र रोजगारी प्रवर्द्धनसम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय।

४.४७ विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्त्विक महत्त्वका स्थलसम्बन्धी।

४.४८ भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोगसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।

४.४९ ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं कला र वास्तुकलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिक स्तरका दरबारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन।

४.५० प्रादेशिक स्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन।

४.५१ प्रदेशस्तरका पुरातात्त्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, सांस्कृतिक धरोहरसम्बन्धी नीति, कानुन,

मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवं संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण।

४.५२ धर्म, परम्परा र गुठीअन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन।

४.५३ संस्कृतिको विकाससम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन।

४.५४ रोजगार प्रवर्द्धनसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

४.५५ श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियनसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन।

४.५६ श्रमशक्ति, श्रम बजारसम्बन्धी अध्ययन, अनुसन्धान र श्रम शक्ति योजना।

४.५७ औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरूपण।

४.५८ कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन।

१.४१ तालिकाः सामाजिक विकास मन्त्रालयको आ.व. २०८०/८१ देखि र २०८२/८३ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्चसम्बन्धी विवरण (रू. हजारमा)

विवरण	आ.व. २०८०/८१			आ.व. २०८१/८२			आ.व. २०८२/८३		
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत
चालु	३,२५०,०४७	२,५७४,०९१	७९.२	२,९९०,९४२	२,१९९,५६६	७३.५	३,१८८,५९८	२,३६७,२५०	७४.२
पुँजीगत	२,९०३,९५५	२,०९९,३७९	७२.३	२,७२८,५४३	१,९०७,९५८	६९.९	२,७८४,०९१	१,९६७,२८८	७०.७
जम्मा	६,१५४,००२	४,६७३,४७०	७५.९	५,७१९,४८५	४,१०७,५२४	७१.८	५,९७२,६८९	४,३३४,५३८	७३.०

स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

५. समीक्षा अवधिमा सम्पादित प्रमुख कार्य

क्षेत्र/महाशाखा	नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
स्वास्थ्य महाशाखा	प्रदेश अस्पताल स्तरोन्नति सम्बन्धमा अध्ययन गर्ने उच्चस्तरीय अध्ययन समितिको प्रतिवेदन बमोजिम प्रदेश अस्पताल सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गरिनेछ। सुर्खेत मेडिकल कलेज स्थापना गर्न सङ्घीय सरकारसँग पहल गरिनेछ। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको	• स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी कार्यदल गठन भई प्रारम्भिक प्रतिवेदन पेश गरिएको। • ७ जना बिरामीको निःशुल्क कलेजो तथा मृगौला प्रत्यारोपण गरिएको।

क्षेत्र/महाशाखा	नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
	सहकार्यलाई निरन्तरता दिइनेछ। सङ्घ सरकारको समन्वयमा प्रदेश अस्पतालमा मृगौला प्रत्यारोपण तथा क्यान्सरको किमोथेरापी र जलन उपचार युनिट स्थापना गरिनेछ। स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउनकोलागि जनशक्ति, भौतिक पूर्वाधार, औषधी र उपकरणको सुनिश्चितता गरिनेछ। सार्वजनिक बिदाकोदिन पनि कर्णाली प्रदेश अस्पतालबाट ओपिडी सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।	• बाल क्यान्सर उपचारका लागि कान्ति बाल अस्पतालसँग MoU सम्पन्न; अन्य क्यान्सर उपचार भवन हस्तान्तरणको चरणमा। • जलन उपचार युनिट सञ्चालनका लागि कीर्तिपुर बर्न अस्पतालसँग सम्झौता। • औषधि तथा उपकरण खरिद प्रक्रिया अघि बढाइएको।
स्वास्थ्य महाशाखा	तहगत सरकार र अस्पताल विकास समितिको सहकार्य र समन्वयमा प्रदेशमा सञ्चालनमा रहेका अस्पतालहरूको स्तरवृद्धि गरिनेछ। प्रदेश अस्पताल सुर्खेतमा छुट्टै ओपिडी ब्लक निर्माण गरिनेछ। सङ्घीय निर्वाचन क्षेत्र, भूगोल, जनसङ्ख्या र रोगकोभारको आधारमा सञ्चालनमा रहेका स्वास्थ्यसंस्थालाई सङ्घ, प्रदेश र स्थानीय तहबिचको साझेदारीमा रणनीतिक अस्पतालका रूपमा स्तरोन्नति गरिनेछ। जिल्लास्थित अस्पतालमा गुणस्तरीय विशेषज्ञ सेवाको सुनिश्चितता गरिनेछ।	• अस्पताल विकास (आर्थिक प्रशासन) समिति विनियमावली, २०८२ को नमुना कानुन तयार। • प्रदेश अस्पतालको ओपिडी ब्लक निर्माणाधीन। • रणनीतिक अस्पतालसम्बन्धी कार्यविधिको मस्यौदा तयार।
स्वास्थ्य महाशाखा	कर्णाली प्रदेशका सबै नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउन अभियान सञ्चालन गरिनेछ। एकीकृत विद्यालय स्वास्थ्यकार्यक्रम	• अपाङ्गता, लोपोन्मुख तथा सीमान्तकृत समुदायलाई समेत समेटी स्वास्थ्य बीमा आबद्धता कार्य भइरहेको।

क्षेत्र/महाशाखा	नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
	लागू गरिनेछ। स्वास्थ्य सेवाको पहुँच बाहिरका नागरिकलाई समेट्ने गरी स्वास्थ्य नमूना स्थानीय तह अवधारणा अनुसार सर्वव्यापी पहुँच वृद्धि गरिनेछ। प्रदेश अन्तर्गतका अस्पतालहरूमा "पेन क्लिनिक" सञ्चालन गरिनेछ।	• पेन क्लिनिक सञ्चालनका लागि आवश्यक निर्देशन दिइएको।
स्वास्थ्य महाशाखा	प्राकृतिक उपचार पद्धतिको विकास तथा प्रवर्द्धन गर्न आयुर्वेद तथा प्राकृतिक चिकित्सा सम्बन्धी राष्ट्रिय सम्मेलन आयोजना गरिनेछ। आयुर्वेद तथा प्राकृतिक चिकित्सा विधिको थप सुदृढीकरण गरिनेछ। पथ्यआहार, स्वस्थ जीवनशैली र भान्सा घर औषधालय कार्यक्रम लागू गरिनेछ।	• आयुर्वेद तथा प्राकृतिक चिकित्सा राष्ट्रिय सम्मेलन आयोजना गर्ने कार्य अघि बढाइएको। • पथ्य आहार, स्वस्थ जीवनशैली तथा भान्सा घर औषधालय कार्यक्रम सञ्चालनमा।
स्वास्थ्य महाशाखा	मातृ तथा बाल स्वास्थ्य र नसर्नेरोगलाई प्राथमिकता दिई अनुसन्धान कार्य गरिनेछ। घुम्ती नागरिक स्वास्थ्य परीक्षण तथा उपचार सेवा सञ्चालन गरिनेछ। महिला स्वास्थ्य स्वयंमसेविकाहरूको क्षमता विकास, प्रोत्साहन, स्वास्थ्य उपचारमा विशेष व्यवस्था मिलाईनेछ। क्यान्सर, मुटु, मिर्गौला, अल्जाइमर, पार्किन्सन, एनिमिया, रिकेट्स, सिकलसेल एनिमिया, स्पाईनल ईन्जुरी र अटिजम जस्ता दीर्घरोगबाट पीडित बिरामीको उपचारमा सहायता प्रदान गरिनेछ।	• दीर्घरोगबाट पीडित २१५ जनालाई उपचार सहायता। • ७३ जनालाई यातायात खर्चबापत रू.२५ लाख सहायता। • महिला स्वास्थ्य स्वयंसेविकालाई प्रतिव्यक्ति रू. १२,००० प्रोत्साहन।
स्वास्थ्य महाशाखा	मनोसामाजिक परामर्श, मानसिक स्वास्थ्य अवस्थाको शीघ्र पहिचान, व्यवस्थापन र पुनर्स्थापना सम्बन्धी	• ३८ जनालाई मनोसामाजिक, ४० जनालाई बाल तथा किशोर मानसिक स्वास्थ्य र

क्षेत्र/महाशाखा	नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
	कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक स्वास्थ्य इकाई र एम्बुलेन्स सेवा सञ्चालन सहयोगलाई निरन्तरता दिइनेछ। इ-हेल्थ र दुर चिकित्सासेवालाई थप सुदृढीकरण गरिनेछ।	४० जना चिकित्सक/ स्वास्थ्यकर्मीलाई मोड्युल २A/२B तालिम। • इ—हेल्थ तथा दूरचिकित्सा सेवा ५ जिल्लामा सञ्चालन; थप जिल्लामा विस्तार हुँदै। • सालकोट, दुल्लु र नलगाडमा सेवा विस्तारको तयारी।
स्वास्थ्य महाशाखा	आयुर्वेद अस्पताल तथा स्वास्थ्य केन्द्रको न्यूनतम आवश्यक भौतिक संरचना निर्माण गरिनेछ । प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको आयुर्वेद अनुसन्धान इकाईलाई स्तरोन्नति गरी छुट्टै आयुर्वेदिक औषधी उत्पादन केन्द्रको विकास गरिनेछ ।	• कार्यक्रम कार्यान्वयन हुन नसकेको।
स्वास्थ्य महाशाखा	होमोप्याथिक, आम्ची, प्राकृतिक, अकुपञ्चर जस्ता वैकल्पिक चिकित्सा सेवालाई नागरिकको जीवनशैलीसँग आबद्ध गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। आध्यात्मिक संस्थाहरूको समन्वयमा स्वजागरण र योग ध्यान लगायतका आध्यात्मिक क्रियाकलाप विस्तार गर्न जिल्लास्तरसम्म योग प्रशिक्षकको व्यवस्था गरिनेछ। प्रतिरोधात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक विधि अपनाई सक्षम स्वास्थ्य प्रणालीको विकास गरिनेछ।	• कार्यक्रम कार्यान्वयन हुन नसकेको।
स्वास्थ्य महाशाखा	जनस्वास्थ्य प्रयोगशालालाई थप सुदृढीकरण गरिनेछ। विश्वविद्यालय	• कार्यक्रम कार्यान्वयन हुन नसकेको।

क्षेत्र/महाशाखा	नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
	तथा अनुसन्धानमा क्रियाशील स्वास्थ्य संस्थासँगको सहकार्यमा स्वास्थ्य अनुसन्धान कार्य अघि बढाइनेछ । हालसम्म भएका स्वास्थ्य सम्बन्धी अनुसन्धानहरूको डिजिटल अभिलेखीकरण गरिनेछ।	
स्वास्थ्य महाशाखा	अपाङ्गता रोकथाम तथा पुनर्स्थापनाका लागि शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरमा पहुँच अभिवृद्धि गर्न अन्तरक्षेत्र समन्वय गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। मानव सेवा आश्रम, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र वृद्धाश्रम लगायतका कल्याणकारी सामुदायिक संस्थाहरूको सञ्चालन तथा भौतिक संरचना निर्माणमा आवश्यक सहयोग गरिनेछ।	• ज्येष्ठ नागरिक सेवा केन्द्रका लागि बजेट तथा कार्यक्रम व्यवस्था। • मानव सेवा आश्रमका लागि रू.१ करोड ५० लाख विनियोजन गरी सम्झौता। • अपाङ्गता भएका व्यक्तिका लागि सहायक सामग्री तथा मर्मतसम्भार सहयोग कार्यक्रम सञ्चालनमा। • अपाङ्गता रोकथाम तथा पुनर्स्थापना साझेदारी निर्देशिका, २०८१ कार्यान्वयनमा।
शैक्षिक विकास महाशाखा	कर्णाली प्रदेश शिक्षा नीति तथा दस वर्षे शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। प्रदेशमा सञ्चालित सामुदायिक विद्यालयको पूर्वाधार विस्तार तथा सुधार र शिक्षकको पेसागत विकासका कार्यक्रम सञ्चालन गरिनेछ। अङ्ग्रेजी, गणित तथा विज्ञान विषयमा शिक्षक विद्यार्थी अनुपात उच्च रहेका विद्यालयका लागि अनुदान उपलब्ध गराउने कार्यक्रमलाई विस्तार गरिनेछ।	• शिक्षा नीति तथा दश वर्षे शिक्षा योजनाको मस्यौदा अन्तिम चरणमा। • TVET Sector Strategic Plan-TSSP को मस्यौदा तथा TVET प्रोफाइल तयार। • सामुदायिक विद्यालयको पूर्वाधार सुधार कार्यक्रम सम्पन्न।

क्षेत्र/महाशाखा	नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
	विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालय मर्ज गर्न स्थानीय तहलाई प्रोत्साहन गरिनेछ।	• अङ्ग्रेजी, गणित तथा विज्ञानतर्फ लक्षित अनुदान कार्यक्रम कार्यान्वयन। • न्यून विद्यार्थी भएका विद्यालय मर्ज प्रोत्साहन कार्यक्रम बजेट अभावमा कार्यान्वयन हुन नसकेको।
शैक्षिक विकास महाशाखा	युवाको प्राविधिक ज्ञान र सिप विकास गरी दक्ष र सिपयुक्त जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदायक शिक्षण संस्थाहरूको गुणस्तर सुधारलाई उच्च प्राथमिकता दिइनेछ। रोजगारी प्रवर्द्धनको लागि श्रम बजारको माग अनुसारको जनशक्तिको सिप तथा क्षमता विकास गरिनेछ। सिप परीक्षण र प्रमाणीकरणको व्यवस्था मिलाइनेछ।	• विभिन्न TVET क्षमता विकास तालिममा ५१६ जना सहभागी। • ६ वटा प्राविधिक शिक्षालय प्रत्यायन प्रक्रियामा सहभागी हुन आवेदन पेश। • RPL विधिबाट ४४१ जनाले सीप परीक्षणमा सहभागिता जनाए।
शैक्षिक विकास महाशाखा	मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ। स्थानीय तहको साझेदारीमा एक प्रदेश निर्वाचन क्षेत्र एक आवासीय सुविधा सहितका ठूला विद्यालय विकास कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक शिक्षामा सुधार गरी नतिजामुखी बनाउँदै गुणस्तर अभिवृद्धि गर्न कक्षा १० का विद्यार्थीहरूका लागि एसईई विद्यार्थी डिजिटल शिक्षा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। हप्तामा एक दिन किताब रहित शुक्रबार जीवन उपयोगी	• मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रम बजेट बाँडफाँट नहुँदा कार्यान्वयन हुन नसकेको। • एक प्रदेश निर्वाचन क्षेत्र-एक आवासीय विद्यालय कार्यक्रम कार्यविधि अभावमा कार्यान्वयन हुन नसकेको। • SEE डिजिटल शिक्षा सहयोग कार्यक्रम बजेट बाँडफाँट नहुँदा कार्यान्वयन हुन नसकेको।

क्षेत्र/महाशाखा	नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
	शैक्षिक कार्यक्रमलाई थप जिल्लामा विस्तार गरिनेछ।	• किताबरहित शुक्रबार कार्यक्रम निरन्तर सञ्चालन।
शैक्षिक विकास महाशाखा	प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न तथा सबैलाई शिक्षाको अवसर दिलाउन प्राविधिक शिक्षामा छोरीबुहारी, दलित, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख, सीमान्तकृत समूहलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। स्वास्थ्य, इन्जिनियरिङ्ग, कृषि, भेटेनरी, पर्यटन र सूचना प्रविधि क्षेत्रमा स्नातक एवम् उच्च शिक्षा अध्ययनरत प्रदेशका गरिब तथा जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गरिनेछ।	• लक्षित समूहका गरिब तथा जेहेन्दार विद्यार्थीलाई १० वटा विशेष छात्रवृत्ति प्रदान।
शैक्षिक विकास महाशाखा	शिक्षालय सुधार योजना कार्यान्वयन सहयोग, औद्योगिक प्रशिक्षार्थी र वृत्ति मार्ग निर्देशन कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रदेशलाई शैक्षिक गन्तव्यको रुपमा विकास गर्न उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यक सहयोग प्रदान गरिनेछ। आङ्गिक र साझेदारी शैक्षिक संस्थामार्फत विभिन्न निकायसँगको साझेदारीमा सिटिइभिटीका स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।	• १५ वटा प्राविधिक शिक्षालय/विद्यालयलाई शिक्षालय सुधार सहयोग। • TVET तालिममा ५१६ जना सहभागी। • १०० जना विद्यार्थी औद्योगिक प्रशिक्षणमा सहभागी। • २,३३१ जना वृत्ति मार्ग निर्देशन कार्यक्रममा सहभागी।
शैक्षिक विकास महाशाखा	प्रदेशमा सञ्चालित परम्परागत तथा धार्मिक विद्यालय सञ्चालनको लागि कार्यक्रममा आधारित सहायता प्रदान गर्ने नीति लिइनेछ। अपाङ्गता भएका बालबालिकाहरूको लागि सञ्चालित	• परम्परागत तथा धार्मिक विद्यालय भवन निर्माण कार्यक्रम सम्पन्न। • अपाङ्गता भएका बालबालिकाका विद्यालय/स्रोत

क्षेत्र/महाशाखा	नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
	विद्यालय तथा स्रोत केन्द्रहरूको व्यवस्थापनमा आवश्यक सहयोग गरिनेछ। हामी सुधाछौं हाम्रो विद्यालय अभियान सञ्चालनमार्फत अभिभावक, शिक्षक र विद्यार्थीबिच त्रिपक्षीय सम्बन्ध सुदृढीकरण गरिनेछ। स्थानीय तह र विद्यालयको लागत साझेदारीमा कृषि उत्पादनमा आधारित हरित विद्यालय विकास कार्यक्रम सञ्चालन गरिनेछ।	केन्द्र व्यवस्थापन कार्यक्रम सम्पन्न। • "हामी सुधाछौं हाम्रो विद्यालय" अभियान बजेट तथा समन्वय अभावमा कार्यान्वयन हुन नसकेको। • हरित विद्यालय विकास कार्यक्रम बजेट अभावमा सञ्चालन हुन नसकेको।
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण महाशाखा	बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रमलाई कर्णालीका छोरीहरुको शिक्षा स्वास्थ्य लगायतका क्षेत्रमा सवलीकरण तथा सशक्तीकरणतर्फ परिलक्षित गरी परिमार्जित रुपमा सञ्चालन गर्ने नीति लिइनेछ। कर्णाली सामाजिक सशक्तीकरण कार्यक्रममार्फत बालमैत्री, छाउपडीमुक्त, छुवाछुतमुक्त तथा बालविवाहमुक्त स्थानीय तह घोषणा गर्न प्रोत्साहन गरिनेछ।	• बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम परिमार्जित कार्यविधि अभावमा कार्यान्वयन हुन नसकेको। • बालविवाह अन्त्यसम्बन्धी प्रादेशिक रणनीति, २०८२ जारी। • २३ स्थानीय तहका लागि ६२ सहजकर्तालाई १० दिने TOT तालिम। • CPI MS लगायत विषयमा स्थानीय तहलाई ५ दिने तालिम।
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण महाशाखा	विकासको मूलप्रवाहबाट पछि परेका वर्ग, लोपोन्मुख, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूहलाई सीप विकास तथा सशक्तीकरणमार्फत क्षमता विकासका कार्यक्रम सञ्चालन गरी मूलप्रवाहीकरण गरिनेछ।	• राउटे समुदायको मूलप्रवाहीकरण नीति निर्माण। • लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न। • वादी समुदायका ३४ जनालाई आधारभूत कम्प्युटर तालिम।

क्षेत्र/महाशाखा	नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
		• १० जिल्लाका १० जनालाई सांकेतिक भाषा दोभाषे तालिम।
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण महाशाखा	सीपसँग सहयोग कार्यक्रम सञ्चालन गरी उद्यमशीलता विकास, रोजगारमूलक तालिम तथा प्रविधि हस्तान्तरणमार्फत उद्यमीहरूलाई उत्प्रेरित एवं सक्षम बनाई मूलप्रवाहीकरण गरिनेछ।	• महिला उद्यमी तथा समूहलाई प्रविधि सहयोगका लागि बजेट उपलब्ध। • १४ महिला उद्यमी र १ महिला उद्यमी समूहले प्रविधि सहयोग प्राप्त।
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण महाशाखा	लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको उद्धार, संरक्षण तथा पुनर्स्थापनाका लागि समुदायको सहभागितामा प्रदेशस्तरीय दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ। अल्पकालीन सेवा केन्द्रलाई थप व्यवस्थित गरिनेछ। लैङ्गिक हिंसा प्रभावितका लागि प्रेषण प्रणाली तथा बाल संरक्षण घटना व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्था गरिनेछ।	• लैङ्गिक हिंसा प्रभावितका लागि प्रेषण तथा घटना व्यवस्थापन निर्देशिका, २०८२ निर्माण। • दीर्घकालीन पुनर्स्थापना केन्द्रका लागि वीरेन्द्रनगर नगरपालिकालाई बजेट उपलब्ध। • ९ वटा अल्पकालीन सेवा केन्द्रका लागि बजेट उपलब्ध।
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण महाशाखा	कर्णाली प्रदेश सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश कार्यान्वयन गर्न मानव सेवा आश्रम लगायतका संघ संस्थालाई सेवा संख्याको आधारमा अनुदान र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। वीरेन्द्रनगरमा सञ्चालित मानव सेवा आश्रमको पूर्वाधार विकासका लागि रू. १ करोड ५० लाख विनियोजन गरिनेछ।	• मानव सेवा आश्रमको पूर्वाधार विकासका लागि रू. १ करोड ५० लाख विनियोजन। • आश्रम र मन्त्रालयबीच सम्झौता भई कार्यान्वयन अघि बढाइएको।

क्षेत्र/महाशाखा	नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण महाशाखा	जोखिममा रहेका विशेष संरक्षण तथा वैकल्पिक स्याहारको आवश्यकता भएका बालबालिकाको उद्धार, संरक्षण, पालनपोषण, शिक्षा, पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन सहयोग कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ।	• कार्यक्रम निरन्तर सञ्चालन गरिएको।
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण महाशाखा	मानव बेचबिखन, घरेलु हिंसाजस्ता अपराधको न्यूनीकरण गर्न तथा आत्महत्या, लागुऔषध, मदिरा एवम् सुर्तीजन्य पदार्थको दुर्व्यसनबाट मुक्त गर्न पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ। महिला सशक्तीकरण तथा संरक्षणका लागि हिंसा पीडित एकल महिला, द्वन्द्वपीडित तथा सन्तानको शिक्षाका लागि अस्थायी बसोबास गरिरहेका आमाहरूका लागि सीप विकास, आश्रय व्यवस्थापन तथा जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ।	• सन्तान पढाउन अस्थायी बसोबास गरिरहेका आमाहरूका लागि विभिन्न सिप विकास तालिम सञ्चालन।
युवा, भाषा, कला, संस्कृति तथा खेलकुद महाशाखा	खेलकुदमा ५ प (पूर्वाधार, प्रशिक्षण, प्रतियोगिता, पुरस्कार, प्रोत्साहन) को नीति अवलम्बन गरिनेछ। दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका सबै खेलहरू कर्णाली प्रदेशमै सम्पन्न गर्ने गरी भौतिक संरचना निर्माण तथा मागमा आधारित आवश्यक खेल पूर्वाधार विकासलाई निरन्तरता दिइनेछ। प्रदेशबाट प्रतिनिधित्व गर्ने पदक विजेता खेलाडीलाई नगदसहित प्रोत्साहनको व्यवस्था मिलाइनेछ। व्यावसायिक	• जिल्ला तथा विद्यालयस्तरमा खेल पूर्वाधार निर्माण तथा स्तरोन्नति। • विभिन्न खेलका प्रशिक्षण, प्रतियोगिता तथा पुरस्कार वितरण।

क्षेत्र/महाशाखा	नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
	खेलाडी उत्पादन गर्न प्रोत्साहन गरिनेछ। खेलाडीको वर्गीकरणका आधारमा बीमा गरिनेछ।	
युवा, भाषा, कला, संस्कृति तथा खेलकुद महाशाखा	मेरो स्वास्थ्य मेरो कर्तव्य बोध गर्दै स्वस्थ र सिर्जनशील जीवनयापनका लागि खेलकुद, योग, व्यायाम, ध्यानलगायतका कार्यक्रमलाई क्रमशः विद्यालय तहसम्म विस्तार गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा विद्यालयमा अध्ययनरत विद्यार्थीलाई स्काउट र आत्मरक्षा सम्बन्धी तालिमको सुरुवात गरिनेछ।	• जिल्ला तथा प्रदेशस्तरमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गरी राष्ट्रिय प्रतियोगितामा सहभागिता।
युवा, भाषा, कला, संस्कृति तथा खेलकुद महाशाखा	ग्रामीण क्षेत्रमा बसोबास गर्ने युवालाई उत्पादन र सेवा क्षेत्रमा उल्लेखनीय योगदान दिन सक्ने गरी आवश्यक सहयोग र सहुलियत प्रदान गर्न युवा नीति तर्जुमा गरिनेछ। युवा महोत्सव तथा युवा वैज्ञानिक जस्ता कार्यक्रममार्फत युवाको प्रतिभा पहिचान, स्वरोजगार सिर्जना, उद्यमशीलता तथा नेतृत्व विकास गरिनेछ।	• युवा वैज्ञानिक सम्मेलनमार्फत पुरस्कार तथा प्रोत्साहन। • विद्यार्थी प्रतिभा पहिचान गरी पुरस्कृत। • युवा उद्यमीलाई पुरस्कृत गरी प्रोत्साहन।
युवा, भाषा, कला, संस्कृति तथा खेलकुद महाशाखा	विश्वविद्यालयको सहकार्यमा नेपाली भाषाको उद्गमस्थल जुम्लाको सिंजा र दुल्लुलगायत भाषाको अभिलेख भएका अन्य स्थानमा भाषा सम्बन्धी अध्ययन अनुसन्धान गर्ने व्यवस्था मिलाइनेछ। कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना मार्फत कला, साहित्य, संस्कृति, लोक जीवनको संरक्षण तथा प्रवर्द्धनमा योगदान पुर्‍याउने सर्जक स्रष्टाहरूलाई पुरस्कृत	• कार्यक्रम कार्यान्वयन हुन नसकेको।

क्षेत्र/महाशाखा	नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
	गरिनेछ। स्थानीय मौलिक संस्कृतिको संरक्षणका लागि नवप्रवर्तन कार्यक्रममार्फत संस्कृति पुस्तान्तरण गरिनेछ। भाषा आयोगबाट सिफारिस भई आएका खस र मगर टूट भाषालाई प्रदेशको सरकारी कामकाजको भाषाको रूपमा समावेश गर्दै लैजाने नीति लिइनेछ।	
युवा, भाषा, कला, संस्कृति तथा खेलकुद महाशाखा	स्थानीय तहसँगको साझेदारीमा कर्णाली प्रदेशमा रहेका सम्पदाहरूको अभिलेखीकरण, संरक्षण, विकास र प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्रदेशभित्रका महत्त्वपूर्ण सांस्कृतिक सम्पदाहरूलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक पहल गरिनेछ। योगी नरहरिनाथको योगदानलाई उच्च कदर गर्दै प्रदेश सङ्ग्रहालय तथा अभिलेखालय सुर्खेतमा उहाँका कृतिहरूको डिजिटलाइजेसन गरी राखिनेछ। योगी नरहरिनाथलाई राष्ट्रिय विभूति घोषणाका लागि नेपाल सरकारसँग समन्वय गरिनेछ।	• प्रदेश संग्रहालय तथा अभिलेखालयमार्फत योगी नरहरिनाथका उपलब्ध कृतिहरू सङ्कलन।

६. बजेट कार्यन्वयनबाट हासिल भएका मुख्य उपलब्धिहरु

६.१ शिक्षा क्षेत्र

- कर्णाली प्रदेश शिक्षा क्षेत्र योजना र दश वर्षे शिक्षा योजनाको मस्यौदा अन्तिम चरणमा पुऱ्याई दीर्घकालीन नीतिगत आधार निर्माण गरिएको।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको रणनीतिक योजना (TSSP) को मस्यौदा तथा प्रदेश TVET प्रोफाइल तयार गरिएको।
- सामुदायिक विद्यालयको पूर्वाधार विस्तार तथा सुधार कार्यक्रम सम्पन्न गरिएको।

- अंग्रेजी, गणित तथा विज्ञान विषयमा शिक्षक—विद्यार्थी अनुपात उच्च रहेका विद्यालयलाई लक्षित अनुदान कार्यान्वयन गरिएको।
- १५ प्राविधिक शिक्षालय/विद्यालयलाई शिक्षालय सुधार योजना कार्यान्वयन सहयोग, ६ वटा शिक्षालयलाई प्रत्यायन प्रक्रियामा सहभागिताका लागि प्राविधिक सहजीकरण गरिएको।
- TVET क्षेत्रका क्षमता विकास तालिममा ५१६ सहभागी, RPL विधिबाट ४४१ जनाको सीप परीक्षण, १०० जना विद्यार्थीको निःशुल्क औद्योगिक प्रशिक्षण र २,३३१ विद्यार्थीको वृत्ति मार्गनिर्देशन भएको।
- छोरीबुहारी, दलित, अपाङ्गता भएका, लोपोन्मुख/सीमान्तकृत समूह तथा प्राथमिकताका उच्च शिक्षा विषयमा लक्षित छात्रवृत्ति प्रदान गरिएको।
- यस मन्त्रालयद्वारा आ.ब. २०८२/८३ मा प्रदेशभर (१२६ वटा दुइ कोठे, २६ वटा ३ कोठे, २६ वटा ४ कोठे, १ वटा ६ कोठे र २ वटा ८ कोठे गरी जम्मा १८२ वटा विद्यालय भवन निर्माण (आ.व. २०७५/७६ देखि हालसम्म जम्मा १०६९ वटा विद्यालय भवनमा ३४२६ वटा कक्षाकोठा निर्माण) सम्पन्न भएको।
- परम्परागत/धार्मिक विद्यालय भवन तथा अपाङ्गता भएका बालबालिकाका विद्यालय/स्रोत केन्द्रसम्बन्धी कार्यक्रम सम्पन्न गरिएको।

६.२ स्वास्थ्य क्षेत्र

- प्रदेश अस्पतालमा मृगौला प्रत्यारोपण सेवा सञ्चालन; हेलिप्याड सञ्चालन तथा उच्च जटिल उपचार सेवातर्फ क्षमता विस्तार गरिएको।
- बाल क्यान्सर उपचारका लागि कान्ति बाल अस्पतालसँग MoU र जलन उपचार सेवाका लागि किर्तिपुर बर्न अस्पतालसँग सहकार्य अघि बढाइएको।
- मानसिक स्वास्थ्यसम्बन्धी विभिन्न तालिम तथा लक्षित समूहमा क्षमता विकास सञ्चालन गरिएको।
- आयुर्वेदसम्बन्धी तीनवटा अध्ययन तथा अनुसन्धान सम्पन्न तथा आरोग्य पर्यटन कार्यक्रम सञ्चालन गरिएको।
- Digital Health तथा पाँच जिल्लामा इ हेल्थ दुरचिकित्सा सेवा सञ्चालन र थप विस्तारको तयारी गरिएको।
- जिल्लास्थित अस्पतालमा Bio-medical Lab सञ्चालन तथा पेन प्लस क्लिनिकसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको।

- पूर्ण संस्थागत सुत्केरी कार्यविधि २०८३ निर्माण तथा जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- स्वास्थ्य सेवा कार्यालय सल्यानमा डायलायसिस सेवा सञ्चालनका लागि आवश्यक तयारी पुरा गरिएको।
- प्रदेश अस्पताल सुर्खेतको तला थप आयोजना सम्पन्न हुनुका साथै जिल्लास्थित अस्पतालहरूको भवन निर्माण तथा पूर्वाधार विकासका कार्यहरू तीव्र गतिमा अघि बढिरहेको।

६.३ सामाजिक क्षेत्र

- बालविवाह अन्त्यका लागि कर्णाली रणनीति, २०८२ जारी भएको।
- बालविवाह अन्त्यका लागी २३ स्थानीय तहका कार्यक्रमका लागि ६२ सहजकर्तालाई १० दिने TOT तालिम तथा स्थानीय तहलाई CPIMS तथा समसामयिक विषयमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको।
- लैङ्गिक हिंसा प्रभावितका लागि प्रेषण प्रणाली तथा घटना व्यवस्थापन निर्देशिका २०८२ निर्माण गरिएको।
- दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापनातर्फ वीरेन्द्रनगर नगरपालिकासँग बजेटगत साझेदारी तथा ९ अल्पकालीन सेवा केन्द्रलाई सञ्चालन सहयोग गरिएको।
- लोपोन्मुख राउटे समुदायको मूलप्रवाहीकरण नीति तथा लक्षित सामाजिक समावेशीकरण कार्यक्रम।
- बादी समुदायका ३४ युवा किशोर किशोरीलाई कम्प्युटर तालिम तथा १० जिल्लाका १० जनालाई संकेत भाषा दोभाषे तालिम सञ्चालन गरिएको।
- १४ महिला उद्यमी र १ महिला उद्यमी समूहलाई प्रविधि सहयोगमार्फत उद्यमशीलता प्रवर्द्धन गरिएको।
- मानव सेवा आश्रम, ज्येष्ठ नागरिक सेवा केन्द्र तथा जोखिममा रहेका विशेष संरक्षण आवश्यक बालबालिकाका कार्यक्रमलाई निरन्तरता दिइएको।

६.४ युवा तथा खेलकुद

- प्रदेशका युवाको नेतृत्व क्षमता विकासका लागि प्रदेश नमूना सभा अभ्यास कार्यक्रम सञ्चालन गरिएको।
- युवा वैज्ञानिक सम्मेलन आयोजना गरी युवा वैज्ञानिक तथा विज्ञान क्षेत्रमा योगदान गर्ने विज्ञापनकर्मीलाई पुरस्कार तथा प्रोत्साहन प्रदान गरिएको।
- ४ जना युवा उद्यमीलाई पुरस्कार प्रदान गरी उद्यमशीलता प्रवर्द्धन गरिएको।

- जिल्ला तथा प्रदेशस्तरमा विद्यार्थी प्रतिभा पहिचान र पुरस्कार प्रदान गरिएको।
- जिल्लास्तरका विभिन्न खेल पूर्वाधार निर्माण तथा स्तरोन्नति गरिएको।
- जिल्ला तथा प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन तथा राष्ट्रिय प्रतियोगितामा सहभागिताको व्यवस्था गरिएको।
- करौँते, एथलेटिक्स, कबड्डी, फुटबल, भलिबल, ब्याडमिन्टन, टेबलटेनिसलगायत खेलमा प्रदेशस्तरीय प्रतियोगिता सञ्चालन गरिएको।

७. बजेट तथा कार्यक्रम कार्यन्वयनमा देखा परेका समस्या तथा चुनौतिहरु

७.१ शिक्षा क्षेत्र

- प्राविधिक/इन्जिनियरिङ सेवा तर्फ स्थायी दरबन्दी नहुँदा योजना कार्यान्वयन तथा प्राविधिक अनुगमन प्रभावित भएको।
- योजनाको नाम/ठेगाना फरक पर्नु, विद्यालयमा जग्गा नहुनु तथा विद्यालय व्यवस्थापन समिति गठन नहुनुजस्ता "Readiness" समस्या देखिएको।
- निर्माण व्यवसायीले ठेक्का लिएका योजना समयमा सम्पन्न नगर्दा अधुरा आयोजनाको संख्या बढ्नु।
- डिजिटल तथा आवासीय विद्यालय कार्यक्रमजस्ता महत्वपूर्ण कार्यक्रमको बजेट विभाजन र कार्यविधि तयारी समयमै नहुनु।
- स्थानीय तहसँगको लागत साझेदारीमा सञ्चालन गर्नुपर्ने कार्यक्रमका लागि बजेट तथा कार्यक्रम कार्यान्वयन संयन्त्र पर्याप्त स्पष्ट नहुनु।

७.२ स्वास्थ्य क्षेत्र

- जिल्ला अस्पताल स्थित निर्माणाधीन स्वास्थ्य भवन समयमा सम्पन्न नहुँदा पुराना भवनबाट सेवा सञ्चालन गर्नुपर्ने अवस्था रहेको।
- स्वीकृत दरबन्दीअनुसार विशेषज्ञ चिकित्सक पदपूर्ति नहुँदा बिरामीलाई जिल्ला बाहिर पठाउनुपर्ने अवस्था र प्रदेश अस्पतालमा Birthing Center प्रभावित हुनु।
- कार्डियोलोजिस्टको अभावमा Cath Lab सञ्चालन हुन नसक्नु।
- कार्यक्रमगत कार्यविधि तथा कानुनी आधार समयमा नबन्दा औषधि, वैकल्पिक चिकित्सा, कृत्रिम अंग तथा रक्तसञ्चार सेवा जस्ता कार्यक्रम प्रभावित हुनु।
- उपकरण खरिदमा निर्देशकको जिम्मेवारी तोक्न ढिलाइ, मानसिक स्वास्थ्य तालिममा विनियोजित बजेट अपर्याप्त हुनु तथा महामारी/आकस्मिक स्वास्थ्य व्यवस्थापन कोष स्थापना नहुनु।

- आयुर्वेद औषधि उत्पादन केन्द्रलाई GMP Model मा व्यवस्थापन गर्नुपर्ने संस्थागत आवश्यकता रहेको।

७.३ सामाजिक क्षेत्र

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबै आयाम समेट्ने गरी बजेट तथा कार्यक्रमको पर्याप्त प्राथमिकता र संरचना नपुग्नु।
- प्रदेश, स्थानीय तह तथा अन्य सरोकारवालाबीच नियमित समन्वयका लागि संस्थागत संयन्त्र कमजोर हुनु।
- अनुदान वा सेवा पाएका व्यक्ति/संस्थाको परिणामगत अवस्था अनुगमन र Follow-up कमजोर हुनु।
- बैंक खाता छोरीको सुरक्षा जीवन भरी कार्यक्रमको संशोधित कार्यविधि नबन्नु।

७.४ युवा तथा खेलकुद

- जनशक्तिको कमी र विशेषगरी पुरातत्व/सांस्कृतिक कार्यका लागि पद रिक्त रहनु।
- कार्यविधिगत जटिलता तथा समयानुकूल ऐन/कानुन अद्यावधिक हुन नसक्नु।
- प्रदेश तथा स्थानीय तह/विश्वविद्यालय/साझेदारबीच अपेक्षित समन्वय नहुनु।
- भूमिका र जिम्मेवारी दोहोरिनु तथा कार्यविभाजन स्पष्ट नहुनु।
- प्रदेश खेलकुद विकास परिषद गठनमा ढिलाइ हुनु।
- आवेदन/प्रस्ताव मूल्यांकन, परामर्शदाता छनोट र पुरस्कार मनोनयनका मापदण्डमा अस्पष्टता वा सीमित प्रतिस्पर्धा हुनु।

८. आगामी आ.व. मा सुधार गर्नुपर्ने क्षेत्र

८.१ शिक्षा क्षेत्र

- कार्यक्रम तर्जुमा चरणमै जिल्लागत बजेट बाँडफाँड, कार्यान्वयन निकाय र समयतालिका सुनिश्चित गर्नुपर्ने।
- ठूला विद्यालय, डिजिटल शिक्षा र विद्यालय मर्ज कार्यक्रमका कार्यविधि/मापदण्ड आ.व. सुरु हुनुअघि नै तयार गर्नुपर्ने।
- विद्यालय पूर्वाधार योजनाका लागि Land/नाम/विद्यालय व्यवस्थापन समिति/नक्सा/लागत अनुमानजस्ता पूर्वशर्तको Digital Checklist अनिवार्य गर्नुपर्ने।

- प्राविधिक जनशक्तिको दरबन्दी तथा Contract-based Technical Support को Gap Analysis गर्नुपर्ने।
- त्रैमासिक प्रगति समीक्षा र निर्माण आयोजनाको contract milestone आधारित अनुगमनलाई अनिवार्य गर्नुपर्ने।
- TVET, RPL, Industrial Training तथा Career Guidance को रोजगारी/आय प्रभावको Outcome Tracking सुरु गर्नुपर्ने।

८.२ स्वास्थ्य क्षेत्र

- स्वास्थ्य क्षेत्रका Critical Clinical Posts को Vacancy Mapping गरी Specialist Staffing Plan लागू गर्नुपर्ने।
- निर्माणाधीन भवन र उपकरण खरिदका लागि Project Manager/कार्यसम्पादन जिम्मेवारी स्पष्ट गरी Milestone-based Contract Monitoring गर्नुपर्ने।
- Cath lab, Dialysis, Burn Unit, Chemotherapy आदि विशिष्ट सेवाका लागि उपकरण-जनशक्ति-सञ्चालन खर्चसहित Integrated Service Readiness Plan बनाउनुपर्ने।
- कार्यविधि/निर्देशिका निर्माणलाई Budget Release पूर्व शर्त बनाउने र स्वास्थ्य कानुन/नियमावलीको Annual Review गर्नुपर्ने।
- स्वास्थ्य अनुसन्धान, जनस्वास्थ्य प्रयोगशाला र Digital Records लाई एकीकृत Evidence System मा जोड्नुपर्ने।
- आयुर्वेद औषधि उत्पादनका लागि GMP, Quality Control र बजार/उपयोग रणनीति तयार गर्नुपर्ने।

८.३ सामाजिक क्षेत्र

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मन्त्रालयका सबै योजना/कार्यक्रममा Mainstreaming गरी Program Design, Budget Tagging र Outcome Indicators अनिवार्य गर्ने।
- बैंक खाता छोरीको सुरक्षा जीवन भरी कार्यक्रमको संशोधित कार्यविधि तुरुन्त टुंग्याई कार्यान्वयन पूर्व कार्ययोजना, लक्षित लाभग्राही र डिजिटल Tracking प्रणाली तयार गर्नुपर्ने।
- सामाजिक क्षेत्रका सेवाग्राही, अनुदान, सेवा केन्द्र, संरक्षण केस र पुनर्स्थापना परिणामका लागि Integrated Information Management System विकास गर्नुपर्ने।

- अनुदान तथा सेवा कार्यक्रमका लागि Follow-up, Monitoring, Mentoring र Refresher को Annual Calendar तयार गर्नुपर्ने।
- जिल्लागत कार्यालयको विषयगत प्रगति प्रतिवेदन अनिवार्य रूपमा सम्बन्धित महाशाखामा पठाउने Digital Reporting Chain बनाउनुपर्ने।
- समन्वयका लागि प्रदेश-स्थानीय तह-साझेदार संस्थाबीच विषयगत Coordination Forum र जिम्मेवारी Matrix स्थापना गर्नुपर्ने।

८.४ युवा तथा खेलकुद

- कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठानको नियमावली तर्जुमा गरी संस्थागत जिम्मेवारी स्पष्ट गर्ने तथा आवश्यक कानुनी आधार पूरा गर्नुपर्ने।
- रंगशाला सञ्चालन कार्यविधि, खेलाडी वर्गीकरण/बीमा तथा प्रशिक्षण व्यवस्थापनका स्पष्ट SOP/कार्यविधि लागू गर्नुपर्ने।
- पुरातत्व लगायत विषयगत रिक्त पद तत्काल पूर्ति/व्यवस्थापन गर्नुपर्ने।
- जिल्लागत मातहतका कार्यालय तथा स्थानीय तहलाई कार्यक्रम कार्यान्वयनको जिम्मेवारी दिने र मन्त्रालयले Monitoring/Inspection/Coordination मा केन्द्रित हुनुपर्ने।
- प्रतिभा पहिचान, पुरस्कार तथा प्रस्ताव मूल्यांकनका Transparent Scoring Criteria र Standardized Procurement/Selection Calendar बनाउनुपर्ने।
- विश्वविद्यालय, संग्रहालय, अभिलेखालय र स्थानीय तहसँग तीन/बहुपक्षीय सहकार्य ढाँचा बनाइ भाषा-संस्कृति-पुरातत्वको अभिलेखीकरण तथा विश्वसम्पदा पहललाई Project Pipeline मा राख्नुपर्ने।

१.४२ तालिकाः सामाजिक विकास मन्त्रालयको हालसम्मको बेरुजु र फछ्यौंट सम्बन्धी विवरण (रू. हजारमा)

क्र.सं.	कार्यालयको नाम	जम्मा बेरुजु	फछ्यौंट बेरुजु	बाँकी बेरुजु
१	सामाजिक विकास मन्त्रालय, सुर्खेत	५८२९४.६३	२२७४७.६८	३५५४६.९४
२	प्रदेश अस्पताल, सुर्खेत	५७०२४२.७०	६१९४.४९	५६४०४८.२१
३	मेहेलकुना अस्पताल, सुर्खेत	१०८२२.७१	१४७२.१२	९३५०.५९
४	शिक्षा विकास निर्देशनालय, सुर्खेत	१८४००१.२४	३५६७०.२४	१४८३३१.०१
५	स्वास्थ्य सेवा निर्देशनालय	०.००	०.००	०.००
६	प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, सुर्खेत	३९७.४२	०.००	३९७.४२
७	मानव संसाधन विकास केन्द्र, सुर्खेत	१८५९.६५	०.००	१८५९.६५

क्र.सं.	कार्यालयको नाम	जम्मा बेरुजु	फछ्यौंट बेरुजु	बाँकी बेरुजु
८	प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र, सुर्खेत	२६२७.७२	०.००	२६२७.७२
९	प्रदेश जनस्वास्थ्य प्रयोगशाला, सुर्खेत	०.००	०.००	०.००
१०	जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत	२३६३.९१	१४०८.५८	९५५.३३
११	जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला	४६३२.७५	०.००	४६३२.७५
१२	स्वास्थ्य सेवा कार्यालय, हुम्ला	५८११२.५८	२८५७२.७९	२९५३९.७९
१३	स्वास्थ्य सेवा कार्यालय, डोल्पा	११५९१.४१	८१३८.१९	३४५३.२२
१४	स्वास्थ्य सेवा कार्यालय, मुगु	१०७८८.८०	३०.६४	१०७५८.१६
१५	स्वास्थ्य सेवा कार्यालय, कालिकोट	४१९४.५३	१४१८.८२	२७७५.७२
१६	स्वास्थ्य सेवा कार्यालय, दैलेख	९०६७४.३८	१०८४.३१	८९५९०.०७
१७	स्वास्थ्य सेवा कार्यालय, जाजरकोट	४०९८८.०१	२१५२.८४	३८८३५.१७
१८	स्वास्थ्य सेवा कार्यालय, रुकुमपश्चिम	५२६२१.६९	७९८.३२	५१८२३.३७
१९	स्वास्थ्य सेवा कार्यालय, सल्यान	४४४२६.७९	९७.१३	४४३२९.६६
२०	सामाजिक विकास कार्यालय, हुम्ला	२७४६७.९८	२१२८२.९०	६१८५.०९
२१	सामाजिक विकास कार्यालय, डोल्पा	१२०६१.१८	६४९१.८६	५५६९.३२
२२	सामाजिक विकास कार्यालय, मुगु	१४४२४.७९	९६००.००	४८२४.७९
२३	सामाजिक विकास कार्यालय, जुम्ला	२३२०.०४	७०४.०६	१६१५.९८
२४	सामाजिक विकास कार्यालय, कालिकोट	१५४४१.९६	०.००	१५४४१.९६
२५	सामाजिक विकास कार्यालय, दैलेख	११२०६२.२६	३६६४०.४९	७५४२१.७६
२६	सामाजिक विकास कार्यालय, जाजरकोट	६४७१७.७३	५९२०३.१२	५५१४.६१
२७	सामाजिक विकास कार्यालय, रुकुमपश्चिम	३९८६०.५१	७४८०.१७	३२३८०.३४
२८	सामाजिक विकास कार्यालय, सल्यान	९६४३.४४	८६६५.६९	९७७.७५
२९	प्रदेश संग्रहालय तथा अभिलेखालय	७८९.०६	०.००	७८९.०६
३०	आयुर्वेद स्वास्थ्य केन्द्र, हुम्ला	०.००	०.००	०.००
३१	आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा	०.००	०.००	०.००
३२	आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु	०.००	०.००	०.००
३३	आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला	२५.०५	२५.०५	०.००
३४	आयुर्वेद स्वास्थ्य केन्द्र, कालिकोट	४६०.०९	१३८.९६	३२१.१३

क्र.सं.	कार्यालयको नाम	जम्मा बेरुजु	फछ्यौंट बेरुजु	बाँकी बेरुजु
३५	आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख	०.००	०.००	०.००
३६	आयुर्वेद स्वास्थ्य केन्द्र, जाजरकोट	०.००	०.००	०.००
३७	आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुमपश्चिम	६४.०१	०.००	६४.०१
३८	आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान	८६.८०	८६.८०	०.००
३९	कर्णाली प्रदेश खेलकुद विकास परिषद्, सुर्खेत	३५९६८७.७८	२७८१९४.६७	८१४९३.११
	कूल जम्मा	१८०७७५३.६१	५३८२९९.९३	१२६९४५३.६८

स्रोतः *सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।*

१.४३ तालिकाः सामाजिक विकास मन्त्रालयको आ.व. २०८२/८३ को आन्तरिक आयको लक्ष्य र प्राप्ति सम्बन्धी विवरण

राजस्व शिर्षक	कुल आय
१४१५१-सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	२९४६००
१४२२३-शिक्षा क्षेत्रको आम्दानी	३९२९०५
१४२२४-परीक्षा शुल्क	२६९४४०
१४२२९-अन्य प्रशासनिक सेवा शुल्क	५९९४८५३
१४३१२-प्रशासनिक दण्ड, जरिवाना र जफत	५२२७५
१४५२९-अन्य राजस्व	३०००
१५१११-बेरूजू	१२५२५५८६
३३३६१-वन क्षेत्रको रोयल्टी	४८९१०
कुल जम्मा	१९५८१५६९

स्रोतः *सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।*

१.४४ तालिकाः सामाजिक विकास मन्त्रालयको बहुबर्षीय तथा स्रोत सुनिश्चितता प्राप्त आयोजनाहरुको प्रगति विवरण (रू. हजारमा)

आयोजनाको विवरण	जम्मा लागत रकम	सम्झौता मिति	सम्झौता रकम	सम्पन्न हुनुपर्ने मिति	भौतिक प्रगति	वित्तीय प्रगति
प्रदेश अस्पताल सुर्खेतको भवनको तला थप	१८३५६२७	२०८०/०२/३१	११७१४५५	८/३०/२०८२	१००	१००
सल्यान अस्पताल भवन निर्माण	२४१३०४	८/१०/२०७८	१७७८८३	३/२५/२०८३	६५	५८

आयोजनाको विवरण	जम्मा लागत रकम	सम्झौता मिति	सम्झौता रकम	सम्पन्न हुनुपर्ने मिति	भौतिक प्रगति	वित्तीय प्रगति
Upgrading of Rukum west hospital	२८४५८२	३/३१/२०७८	२३१५०५	७/२८/२०८२	१००	१००
दैलेख जिल्ला अस्पतालको भवन निर्माण	३७९९८७	२/१०/२०७८	१८२४००	५/३०/२०८३	६५	५८
प्रदेश रंगशाला निर्माण	१७०००००	७/२८/२०७८	१५९००४७	६/११/२०८१	९९	९९
हुम्ला जिल्ला अस्पताल भवन निर्माण	२८००००	९/१६/२०७८	२३९६५५	०१/२५/२०८३	१००	१००
श्री अमरज्योति मावि विद्यालय, वीरेन्द्रनगर, गुप्तिपुर को डिपिआर अनुसार विद्यालय भवन निर्माण	९३९५३	३/२३/२०८२	५८९२४	९/१५/२०८३	६०	८१

स्रोतः *सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।*

३.११ कर्णाली प्रदेश योजना आयोग

१. पृष्ठभूमि

प्रदेश सरकारलाई योजना तथा विकास सम्बन्धी सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा प्रदेश योजना आयोगको गठन भएको हो। आयोगले प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरूको अनुगमन एवं मुल्याङ्कन गरी प्राप्त सूचनाहरूको अध्ययन एवं विश्लेषण गर्ने मुख्य जिम्मेवारी रहेको छ। कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को अधिनमा रही कार्य हुने गरेको छ।

२. दीर्घकालीन सोच

कर्णाली प्रदेश सरकारको दूरगामी विकास अवधारणा तयार गरी नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवम् मूल्याङ्कन गरी प्रदेश सरकारलाई सल्लाह र सुझाव दिने।

३. ध्येय

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २२ अनुसार कर्णाली प्रदेश योजना आयोगले सञ्चालन गरेका क्रियाकलापहरूको विवरण, कार्य गर्दा हासिल गरेका अनुभवहरू र भविष्यका लागि सुझावहरू समावेश भएको विवरण कर्णाली प्रदेश सरकारलाई पेश गर्ने।

४. कार्यक्षेत्र

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छ।

४.१ दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा सम्बन्धी

(१) प्रदेशको समग्र समृद्धिका लागि दुरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने,

(२) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनको क्षेत्रमा रणनीति प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(३) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने,

(४) प्रादेशिक स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने वा गर्न लगाउने,

(५) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(६) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने गराउने,

(७) प्रादेशिक योजनाको अध्यावधिक विवरण खुल्ने स्थिति पत्र तयार गर्ने,

(८) योजनाको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने।

४.२ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी

(१) अनुगमन, मूल्याङ्कन मापदण्ड, कार्यविधि र ढाँचा बनाउने,

(२) कर्णाली प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागु गरी संस्थागत गराउने,

(३) मूल्याङ्कन लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यक्रम कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने,

(४) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदारी बीच सञ्चालनको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गरी विशेषज्ञताको विकास गर्ने गराउने।

४.३ तहगत समन्वय सम्बन्धी

(१) प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सुहयोग र सहजीकरण गर्ने।

४.४ अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी

(१) प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तराष्ट्रिय

स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

(२) प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

(३) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागी तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने,

(४) लगानीका लागि आवश्यक समन्वय, परामर्श गरी लगानीको वातावरण तयार गर्ने।

१.४५ तालिकाः कर्णाली प्रदेश योजना आयोगको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म खुद बजेटको तुलनामा खर्चसम्बन्धी विवरण (रू. हजारमा)

विवरण	आ.व. २०८०/८१			आ.व. २०८१/८२			आ.व. २०८२/८३		
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत
चालु	४०,८३७	१८,६९४	४५.८	४१,०००	२६,३६१	६४.३	३७,१३३	२८,७७२	७७.५
पुँजीगत	१,६६०	१,२०९	७२.८	१,०००	८३७	८३.७	६,६५०	१,८१६	२७.३
जम्मा	४२,४९७	१९,९०३	४६.८	४२,०००	२७,१९९	६४.८	४३,७८३	३०,५८८	७०.०

स्रोतः *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

५. समीक्षा अवधिमा सम्पादित प्रमुख कार्य

५.१ योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी

- कर्णाली प्रदेश योजना आयोगले आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न प्रमुख कार्य अन्तर्गत कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) को कार्यान्वयन कार्ययोजना तर्जुमाका लागि प्रदेश विकास परिषद्, विकासका लागि विधायक कार्यक्रमबाट सुझाव संकलन गरिएको। कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन, २०७५ को भाग ४ को उपभाग

४.४.२.को खण्ड (क) बमोजिमको निर्देशक समितिको मिति २०८३/०३/३२ गतेको बैठकले कार्यान्वयन कार्ययोजना स्वीकृत गरेको।

- प्रदेश सरकारले सञ्चालन गर्ने विभिन्न प्रकारका विकास निर्माणसँग सम्बन्धित आयोजनाको पहिचान, प्रस्ताव, विश्लेषण, मूल्याङ्कन, प्राथमिकीकरण र छनोट प्रक्रियालाई वस्तुनिष्ठ एवम् माग र आवश्यकतामा आधारित बनाई उपलब्ध स्रोत साधनको उच्चतम उपयोग हुने गरी विनियोजन कुशलता कायम गर्न र आयोजना छनोट प्रक्रियामा सम्बद्ध पक्षको सहभागिता तथा जवाफदेहिता बढाउदै आयोजना अनुशासन कायम गरी समग्र आयोजना छनोट प्रक्रियालाई व्यवस्थित,प्रणालीबद्ध तथा संस्थागत गर्न कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा १७ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२ आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत भई कार्यान्वयनमा रहेको।
- कर्णाली प्रदेश सरकार माननीय मुख्यमन्त्री तथा कर्णाली प्रदेश योजना आयोगका अध्यक्ष श्री यामलाल कडेलज्यूको अध्यक्षतामा मिति २०८२/१२/०९ गते बसेको बैठकबाट "कर्णाली प्रदेश आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२" स्वीकृत गरिएको।
- आर्थिक वर्ष २०८१/८२ देखि विकास भई कार्यान्वयनमा आएको कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) गत आर्थिक वर्षमा समेत निरन्तर सञ्चालनमा रहेको र उक्त प्रणालीमा हालसम्म प्रविष्टी भएका आयोजनाहरूमध्ये ५० लाखभन्दा माथिका ३४४५ वटा आयोजना र ५० लाखभन्दा साना (प्रोजेक्ट रोस्टर) १२७४६ वटा आयोजना समावेश रहेको।

१.४६ तालिकाः आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) मा समावेश भएका आयोजनाको विवरण

सि. नं.	निकाय/मन्त्रालयको नाम	रोष्टर प्रोजेक्ट	प्रोजेक्ट बैङ्क	
			समावेश	प्रमाणित (Approved)
१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५२	४	४
२	आर्थिक मामिला तथा योजना मन्त्रालय	०	०	०
३	भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	४४४	१६३९	१६१८
४	सामाजिक विकास मन्त्रालय	१२८०	७६४	७४०
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६२९७	८७	८७

६	उर्जा तथा जलस्रोत विकास मन्त्रालय	३४२३	१०००	९८८	
७	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१२५०	११	८	
८	प्रदेश सभा सचिवालय	०	०	०	
९	प्रदेश लोक सेवा आयोग	०	०	०	
१०	मुख्य न्यायाधिवक्ताको कार्यालय	०	०	०	
		जम्मा १२७४६	**३५०५**	३४४५	

स्रोतः कर्णाली प्रदेश योजना आयोग, सुर्खेत।

१.४७ तालिकाः कर्णाली प्रदेश आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२ को दफा १० बमोजिम आयोजनाको विवरण तथा कागजात परीक्षण उपसमितिले निर्देशक समिति समक्ष पेश गरेका आयोजनाहरुको विवरण (आर्थिक वर्ष २०८२/८३)

सि. नं.	मन्त्रालयको नाम/जिल्ला	दैलेख	डोल्पा	हुम्ला	जाजरकोट	जुम्ला	कालिकोट	मुगु	सुर्खेत पश्चिम हुकुम	सल्यान	सुर्खेत	कुल जम्मा
१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	०	०	०	०	०	०	०	०	३	४
२	सामाजिक विकास मन्त्रालय	१७८	२७	११९	२३	२१	७	४०	१११	५८	१५६	७४०
३	जलस्रोत तथा उर्जा विकास मन्त्रालय	१४५	६०	२७	०	४	१०६	६०	१७७	११३	२९६	९८८
४	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	८	०	०	०	०	०	०	०	०	०	८
५	भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय	२१६	१२०	८३	८०	६६	६६	१७३	२१९	१६८	४२७	१६१८
६	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२५	०	१	३	२४	४	४	१	५	२०	८७
	कुल जम्मा	५७३	२०७	२३०	१०६	११५	१८३	२७७	५०८	३४४	९०२	३४४५

स्रोतः कर्णाली प्रदेश योजना आयोग, सुर्खेत।

- मध्यमकालीन खर्च संरचना २०८३/८४ देखि २०८५/८६ निर्माणका लागि मन्त्रालय/केन्द्रीय निकायबाट प्रणालीमार्फत प्राप्त भएका विवरणका आधारमा

सबै मन्त्रालयहरूको मध्यमकालीन खर्च संरचना (MTEF) पुस्तक तयार गरी प्रकाशन गरिएको।

- कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) र मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEF-MIS) को प्रभावकारी सञ्चालनका लागि प्रदेशका विषयगत मन्त्रालयका सम्बन्धित फोकल पर्सनहरूलाई लक्षित गरी अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको।
- कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) र मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEF-MIS) को प्रभावकारी सञ्चालनका लागि प्रदेशका विषयगत मन्त्रालय/केन्द्रीय निकायका सम्बन्धित फोकल पर्सनबाट प्राप्त सुझावका आधारमा दुबै प्रणालीलाई समयसापेक्ष परिमार्जन र अद्यावधिक गरिएको।

अनुगमन तथा मूल्याङ्कन सम्बन्धी

- कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष, माननीय सदस्यहरू, प्रशासकीय प्रमुख तथा आयोगका अन्य कर्मचारीहरूद्वारा प्रदेशभित्रका विभिन्न जिल्लाहरूमा अनुगमन कार्यक्रम सञ्चालन गरिएको।
- अनुगमन मूल्याङ्कन निर्देशिका, २०७५ अनुसार प्रदेशका विकाससँग सम्बन्धित समस्या समाधान गर्न ४ वटा विकास समस्या समाधान समितिको बैठक बसी ५१ बुँदे निर्णय भएको।

समन्वय/सहकार्य सम्बन्धी

- कर्णाली प्रदेश योजना आयोग, सुर्खेतले आर्थिक वर्ष २०८२।८३ को वार्षिक कार्यक्रम अन्तर्गत अन्तर-प्रदेश सिकाइ तथा अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरेको।
- कर्णाली प्रदेश योजना आयोगका पदाधिकारी तथा कर्मचारीहरू मधेश प्रदेश नीति तथा योजना आयोग र कोशी प्रदेश योजना आयोगमा मिति २०८३ वैशाख १६ देखि २२ गतेसम्म भ्रमण गरी अनुभव आदानप्रदान गरिएको।
- प्रदेश विकास परिषद् बैठक बसी प्रदेशको समस्या समाधान गराउन स्थानीय, प्रदेश र संघ सरकारका प्रतिनिधिबाट ३ बुँदे निर्णय र समिक्षा गरिएको।
- कर्णाली प्रदेशमा सञ्चालन भइरहेका विश्व खाद्य कार्यक्रम, UNDP, UNICEF लगायत विभिन्न विकास साझेदार संस्थाहरूको वार्षिक कार्य समिक्षा तथा भावी

योजना सम्बन्धी समन्वय गर्न कर्णाली प्रदेश योजना आयोगमा संयुक्त कार्यक्रम आयोजना गरी सफलतापूर्वक सम्पन्न गरिएको।

- कर्णाली प्रदेश सरकारले निर्माण गरेको "आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२" स्वीकृत पश्चात सो कार्यविधिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न कर्णाली प्रदेश योजना आयोगले अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको।
- प्रदेशस्थित विषयगत मन्त्रालय तथा निकायका योजना तथा बजेट महाशाखा प्रमुख, मध्यमकालीन खर्च संरचना (MTEF) फोकल पर्सन तथा तथ्याङ्क अधिकृतहरूको क्षमता विकास र अन्तरसंचार सुदृढीकरणका लागि आवधिक योजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना (MTEF) र बजेट सूचना प्रणाली (PLMBIS) बीचको अन्तरआवद्धता विषयक कार्यशाला गोष्ठी सञ्चालन गरिएको।
- कर्णाली प्रदेशका विषयगत मन्त्रालय, सम्बन्धित निकाय तथा विकास साझेदारहरूबीच समन्वय र सहकार्य सुदृढ पार्दै दिगो विकास लक्ष्य (SDGs) को प्रभावकारी कार्यान्वयन प्रवर्द्धन गर्न SDG Acceleration Visioning Workshop आयोजना गरिएको।

अध्ययन अनुसन्धान सम्बन्धी

- कर्णाली प्रदेशद्वारा निर्माण गरिएका नीतिहरूको प्रभावकारी कार्यान्वयन र सफल अभ्यासका लागि सरोकारवाला निकाय तथा संयन्त्रहरुसँग समयसमयमा अध्ययन, परामर्श र छलफल सञ्चालन गरिएको।
- आयोगबाट विभिन्न समयमा स्थलगत अवलोकन, विभिन्न निकायहरुसँग गरिएको छलफल, वैठक, अन्तरक्रिया, प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाबाट अध्ययन गरी आ.व. २०८३/८४ को बजेट कार्यक्रम तर्जूमा गर्न र योजना वजेटबीच तादाम्यता कायम गर्न योजनाको लक्ष्य र उद्देश्य पूरा गर्न आयोगबाट विषयगत मन्त्रालयलाई १५ बुँदे सुझाव प्रदान गरिएको।

बहुक्षेत्रीय पोषण कार्यक्रम

- कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष सूर्यनाथ योगीज्यूको अध्यक्षतामा प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक दुई पटक सम्पन्न भएको।

- बहुक्षेत्रीय पोषणसँग सम्बन्धित विभिन्न अभिमुखिकरण तालिम तथा कार्यशाला गोष्ठी लगायतका कार्यक्रम सञ्चालन गरिएको।
- मिति २०८३।०३।०४ गते कालिकोट जिल्लाका सबै स्थानीय तहहरूसँग बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- पोषणमैत्री स्थानीय शासन अन्तर्गत मिति २०८।०३।१४ गते जुम्ला जिल्लाको गुठीचौर गाउँपालिका वडा नं ५, मिति २०८३।०३।२१ गते दैलेख जिल्लाको महाबुँ गाउँपालिका वडा नं २ र मिति २०८३।०३।२४ गते वडा नं ४ पोषणमैत्री वडाको रुपमा घोषणा गरिएको।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण सम्बन्धी सचेतना फैलाउन पोषण सचेतनामूलक ब्रोसर र डायरी प्रकाशन गरिएको।

अन्य महत्वपूर्ण कार्यहरू

- प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू, मन्त्रीज्यूहरू, विषयगत मन्त्रालयका सचिवहरू, स्थानीय तहका प्रतिनिधिहरूको सहभागितामा मिति २०८२।०२।१७ गते कर्णाली प्रदेशको कर्णाली प्रदेश विकास परिषद्को बैठक वीरेन्द्रनगर, सुर्खेतमा आयोजना गरिएको।
- आयोगका सूचनाहरूलाई प्रभावकारी रूपमा आम जनसमुदायसम्म पुऱ्याउने उद्देश्यले सूचना प्रविधि विभागको पहलमा निर्माण गरिएको एकीकृत वेवसाइट व्यवस्थापन प्रणालीमार्फत आयोगको आधिकारिक वेवसाइटलाई सुधार र अध्यावधिक गरी सञ्चालनमा ल्याइएको।
- कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा विकासका लागि विधायक कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशसभाका माननीय सदस्यज्यूहरूसँग दोस्रो आवधिक योजना, नीति कार्यक्रम तथा बजेटका सम्बन्धका छलफल तथा अन्तरक्रिया कार्यक्रम मिति २०८३।०२।१९ गते सञ्चालन गरिएको।
- कर्णाली प्रदेशको विकाससँग सम्बन्धित समस्याहरु समाधानका लागि आर्थिक वर्ष २०८२।८३ मा कर्णाली प्रदेश विकास समस्या समाधान समितिको बैठक ३ पटक बसेको।
- रेडियो नेपाल सुर्खेत र कर्णाली प्रदेश योजना आयोगबाट कर्णालीको योजना र विकास सम्बन्धी रेडियो कार्यक्रम उत्पादन र प्रशारण गरिएको।

६. बजेट कार्यान्वयनमा देखिएका प्रमुख समस्या/चुनौती

६.१ योजना तर्जुमा सम्बन्धी निर्देशिका र मापदण्डमा भएका केही व्यवस्थाहरू बाझिएको,

६.२ माग, आवश्यकता, औचित्यता, संभाव्यता भन्दा पहुँच, दवाव, प्रभाव, लोकप्रियताको चाहनाका आधारमा कार्यक्रम वा आयोजना पहिचान हुने गरेको,

६.३ प्रदेश र स्थानीय तहको योजना तर्जुमा प्रकृयावीच सहसम्बन्ध र एकीकरण नभएको,

६.४ संभाव्यता तथा औचित्यता अध्ययन नभइकन नै आयोजना पहिचान गरिनु,

६.५ अध्ययनबाट आवश्यक, संभाव्य र औचित्यपूर्ण देखिएका आयोजनालाई प्राथमिकता नदिइनु,

६.६ सञ्चालित आयोजनाहरू प्रदेशको दोस्रो पञ्चवर्षिय योजनाका प्राथमिकतामा आधारित नहुनु,

६.७ कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने प्राविधिक जनशक्तिको कमी हुनु,

६.८ भौगोलिक कठिनाइ तथा दुर्गम जिल्लामा कार्यक्रम सञ्चालन गर्दा मानव संसाधन, समय र लागत व्यवस्थापनमा चुनौती,

६.९ नयाँ कार्यविधि र प्रणाली (KPPBMIS, MTEF-MIS) को कार्यान्वयनमा मन्त्रालय/निकायका कर्मचारीहरूको प्राविधिक दक्षता अभाव र प्रारम्भिक स्तरमा अनुकूलनमा समस्या देखिएको,

६.१० पोषण अभिमुखीकरण कार्यक्रममा वडास्तरमा स्रोत साधन र बजेट सीमितताका कारण व्यापक पहुँच बनाउन कठिनाइ भएको,

६.११ आयोजना प्रस्ताव, छनोट र अनुगमन प्रक्रियामा स्थानीय तहसँगको समन्वय अझै सुदृढ गर्नुपर्ने आवश्यकता देखिएको।

७. आगामी आर्थिक वर्षमा सुधार गर्नुपर्ने क्षेत्रहरुः

७.१ स्थानीय तहको योजना तर्जुमा प्रकृयालाई प्रदेशको योजना तर्जुमा प्रकृयासँग जोड्न आवश्यक रहेको,

७.२ पहुँच, दवाव, प्रभाव, लोकप्रियताको चाहनाका आधारमा नभई माग, आवश्यकता, औचित्यता र संभाव्यताका आधारमा विकास कार्यक्रम तथा आयोजना पहिचान एवं छनोट गरिनु पर्ने,

७.३ आयोजना छनौट गर्दा सम्पन्न हुन बाँकी क्रमागत आयोजनाहरूलाई उच्च प्राथमिकता दिनुपर्ने,

७.४ विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्वन गर्नु पर्ने। अनुगमन तथा मूल्याङ्कनमा हुने दोहोरोपना हटाउन एकीकृत अनुगमन तथा मूल्याङ्कनमा जोड दिनुपर्ने,

७.५ विकास कार्यक्रम तथा आयोजना सञ्चालनमा देखिएका समस्या समाधानका लागि प्रदेश विकास समस्या समाधान समितिले निर्देश गरेका समाधानका उपायहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने,

७.६ साना परियोजनाहरूमा अपर्याप्त बजेट राखी कार्यान्वयन गर्नु भन्दा स्थानीय तहसँग छलफल र सहकार्यमा परियोजना प्राथमिकीकरण गरी संयुक्त रुपमा स्रोतको विनियोजन र परिचालन गर्ने व्यवस्था अवलम्वन गर्नुपर्ने,

७.७ प्रदेशमा भएका मन्त्रालय तथा निर्देशनालयहरूले जिल्ला स्थित कार्यालयका प्रमुखहरूसँग कार्यान्वयनमा भएका समस्या र समाधानका सम्बन्धमा समय समयमा छलफल गर्नुपर्ने,

७.८ आयोजना बैंक तथा MIS प्रणालीमा विवरण अद्यावधिक कार्यलाई नियमित, पूर्ण र समयमै सम्पन्न गर्ने,

७.९ मध्यमकालीन खर्च संरचना (MTEF) तथा वार्षिक बजेट बीचको समन्वयलाई अझ मजबुत बनाउने,

७.१० बहुवर्षीय आयोजनाहरूको कार्यान्वयनमा देखिएका ढिलाइ र समन्वयगत कमजोरी समाधान गर्ने,

७.११ नीतिगत तथा रणनीतिक कागजातहरूको समयमै पुनरावलोकन र अद्यावधिक गर्ने,

७.१२ व्यवस्थापन प्रणाली (MIS) हरूलाई एक आपसमा एकीकृत गरी डेटा-आधारित निर्णय प्रक्रियालाई सशक्त बनाउने,

७.१३ कर्मचारीहरूलाई प्रविधिमैत्री बनाउनका लागि आवश्यक प्रशिक्षण गर्नुपर्ने,

७.१४ कर्णाली प्रदेश योजना आयोगलाई नीतिगत अनुसन्धान गरी सुझाव दिने थिङ्क ट्याङ्ककको रुपमा विकास गर्नुपर्ने।

परिच्छेद-चार

बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

सीमित साधन स्रोतको अधिकतम परिचालन मार्फत समग्र प्रदेशको आर्थिक विकासका लागि योजनाबद्ध रूपमा कार्यक्रम छनोट र बजेट विनियोजन गरी बजेटरी अनुशासन कायम गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय निरन्तर क्रियाशील छ। नेपालको संविधानले निर्दिष्ट गरेको सहकार्य, सहअस्तित्व र समन्वयको मूल मर्मलाई आत्मसात् गर्दै मन्त्रालयले प्रदेशको क्षेत्राधिकारभित्रको बजेट प्रणाली र सार्वजनिक वित्त व्यवस्थापनमा नवीनतम प्रविधि र नीतिगत सुधारहरू लागू गरेको छ।

आ.व. २०८२/८३ को अवधिमा गरिएका मुख्य सुधारका प्रयासहरू निम्न रहेका छनः

कानुनी तथा नीतिगत सुधारः प्रदेशको आर्थिक कार्यप्रणालीलाई थप व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन 'कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१' कार्यान्वयनमा ल्याईएको छ भने 'कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२' तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यसले विद्यमान कानुनलाई थप स्पष्ट र प्रभावकारी बनाउनुका साथै वित्तीय सुशासनलाई टेवा पुऱ्याएको छ।

बहुवर्षीय आयोजना व्यवस्थापनः बहुवर्षीय प्रकृतिका आयोजनाहरूको कार्यान्वयनमा स्रोतको सुनिश्चितता र प्रभावकारिता अभिवृद्धि गर्न कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ कडाईका साथ कार्यान्वयन गरिएको छ। साथै गत विगत बाँकी दायित्वको एकिन गरेर मात्र स्रोत सहमति प्रदान गर्ने परिपाटीको सुरुवात गरिएको छ।

आयोजना छनोट तथा व्यवस्थापनः प्रदेशमा सञ्चालन हुने आयोजनाहरूको छनोट प्रक्रियालाई वस्तुनिष्ठ, पारदर्शी र नतिजामुखी बनाउन 'आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२' तर्जुमा गरी पूर्णरूपमा कार्यान्वयनमा ल्याइएको छ। यस कार्यविधिले आयोजना छनोटका आधारहरूलाई स्पष्ट पारेको छ।

आयोजना बैंकको कार्यान्वयनः कर्णाली प्रदेशको विकास योजनालाई थप व्यवस्थित बनाउन 'कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१' समयसापेक्ष परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको छ। यस मापदण्डको अधिनमा रही सञ्चालनमा ल्याइएको 'कर्णाली प्रदेश आयोजना बैंक' (KPBMIS) मा समावेश गरिएका योजनाहरूलाई मात्र प्राथमिकताका साथ बजेट

विनियोजन र कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ। यसले गर्दा छरिएका र साना योजनाहरूको सट्टा ठूला र प्रभावकारी योजनाहरूलाई प्राथमिकता दिने वातावरण बनेको छ।

प्रविधिमा आधारित बजेट प्रणालीः बजेट तर्जुमा, विनियोजन र रकमान्तर लगायतका प्रक्रियालाई थप व्यवस्थित गर्न मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) को पूर्ण उपयोगमा जोड दिइएको छ। यसबाट बजेट प्रविष्टिको शुद्धता र पारदर्शितामा वृद्धि भएको छ।

मध्यमकालीन खर्च संरचनाः सीमित स्रोतबाट अधिकतम प्रतिफल प्राप्त गर्न पूर्वतयारी नभएका आयोजनामा बजेट विनियोजन नगर्ने नीति कडाइका साथ लागू गरिएको छ। वेभ-बेसमा आधारित 'मध्यमकालीन खर्च संरचना' (MTEF) को प्रयोगलाई थप प्रभावकारी बनाइएको छ।

वित्तीय हस्तान्तरणमा सुधारः स्थानीय तहमा हस्तान्तरण हुने ससर्त, समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधीको कडाईका साथ पालना गरिएको छ। ससर्त, समपूरक तथा विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम प्रस्ताव, छनोट र कार्यान्वयन प्रक्रियालाई पारदर्शी बनाउन वेभ-बेसमा आधारित प्रस्ताव प्रणालीको प्रयोगलाई अनिवार्य र व्यवस्थित गरिएको छ। यसले वित्तीय हस्तान्तरणमा सबैको पहुँच सहज बनाएको छ।

यी सुधारका प्रयासहरूबाट सार्वजनिक वित्त व्यवस्थापनमा वित्तीय सुशासन अभिवृद्धि हुनुका साथै प्रदेश सरकारका आर्थिक क्रियाकलापहरू थप व्यवस्थित र जनउत्तरदायी हुने अपेक्षा गरिएको छ।

४.१ वित्तीय सङ्घीयता कार्यान्वयन र वित्तीय हस्तान्तरण

४.१.१ नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५, कर्णाली प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१, कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधी, २०८१ र कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ लगायत वित्तीय हस्तान्तरणसँग सम्बन्धित कानुन तथा कार्यविधिहरूको आधारमा वित्तीय हस्तान्तरण गरिएको छ।

४.१.२ वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहमा हस्तान्तरण हुने बजेट तथा कार्यक्रमलाई सुदृढ बनाउन कर्णाली प्रदेश समपूरक, विशेष र ससर्त अनुदान सम्बन्धी कार्यविधिमा आवश्यक संशोधन गरिएको छ। साथै, आयोजना तथा कार्यक्रम कार्यान्वयनलाई पारदर्शी र व्यवस्थित बनाउन कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२, आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२ र कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

४.१.३ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सुझाव एवं वित्तीय सङ्घीयताको मर्म अनुरुप वित्तीय स्वायत्तता प्रदान गर्न वित्तीय समानीकरण, समपूरक र विशेष अनुदानको हिस्सा वृद्धि गर्ने तथा ससर्त अनुदानलाई क्रमशः घटाउँदै लग्ने नीति लिइएको छ। सोही अनुरुप आ.व. २०८२/८३ को बजेट तर्जुमा गर्दा स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको हिस्सा रू.८० करोडबाट बढाएर रू. ९५ करोड (रू. १५ करोडले वृद्धि) पुऱ्याइएको छ।

४.१.४ समपुरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजना (Karnali CSGrants) karnali.csgrants.gov.np र ससर्त अनुदानबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम मन्त्रालयको आधिकारिक इमेलबाट मात्र प्रस्ताव गर्न सकिने र सो भन्दा बाहिरबाट प्रस्ताव भएका आयोजना तथा कार्यक्रम छनोट प्रक्रियामा नलगिने व्यवस्थाको कडाईका साथ पालना गरिएको छ।

४.१.५ संशोधित कार्यविधी बमोजिम समपूरक, विशेष तथा ससर्त अनुदानका आयोजना प्रस्ताव र छनोट सम्बन्धमा स्थानीय तहहरूलाई अभिमुखीकरण गराई स्वीकृत आयोजनाहरूका लागि समयमै अख्तियारी, मार्गदर्शन र वित्तीय हस्तान्तरण गरिएको छ।

४.१.६ स्थानीय तहले ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्र वा आयोजनाका लागि प्राप्त भएको हो सोही अनुसार खर्च गर्ने र त्यसको कार्ययोजना, मासिक नगद प्रवाह तथा गाउँ/नगर सभाबाट स्वीकृत राजस्व र व्ययको अनुमान तोकिएको अवधिभित्र प्रदेश लेखा इकाइ कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाउने व्यवस्था मिलाइएको छ।

४.१.७ वित्तीय हस्तान्तरण अन्तर्गतका ससर्त, समपूरक तथा विशेष अनुदानका स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक वर्षभित्र खर्च नभई बचत भएको रकम सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। बचत रकम दाखिला नभएमा प्रदेश लेखा इकाइ कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट समायोजन गर्ने व्यवस्था गरिएको छ।

४.१.८ प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदनका लागि नेपाल सरकारको समन्वयमा प्रदेश मन्त्रालयगत वेभ-वेस बजेट सूचना प्रणाली (PLMBIS) को प्रयोगलाई निरन्तरता दिइएको छ।

४.१.९ वित्तीय हस्तान्तरण अन्तर्गतका बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि समयमै सबै स्थानीय तहहरूलाई अख्तियारी तथा मार्गदर्शन प्रदान गरिएको छ।

४.१.१० वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत् प्रदेश लेखा नियन्त्रक कार्यालयमा तोकिए बमोजिम पेश गर्ने व्यवस्था गरिएको छ।

४.२ आ.व. २०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धी अख्तियारी र मार्गदर्शनका प्रमुख विषय

४.२.१ प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा समावेश भएको बजेट तथा कार्यक्रमलाई स्वीकृत कार्यक्रम तथा खर्च गर्ने अख्तियारी मानी बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्ने। एकमुष्ट रूपमा विनियोजित रकम बाँडफाँट गर्दा आधार, कारण, क्रियाकलापसहितको कार्यक्रम विवरण र त्रैमासिक विभाजन PLMBIS मा प्रविष्ट गरी २०८२ कार्तिक मसान्तभित्र स्वीकृत/अद्यावधिक गराउनु पर्ने तथा सो अवधिभित्र बाँडफाँट नभएमा रकम स्वतः समर्पण भएको मानिने व्यवस्था पालना गर्नुपर्ने।

४.२.२ नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानका आयोजना तथा कार्यक्रम PLMBIS मा प्रविष्ट गर्दा भएको त्रुटि २०८२ पौष मसान्तभित्र सच्याउन र बजेटको त्रैमासिक विभाजन संशोधन गर्नुपर्ने भए आधार तथा कारणसहित २०८२ चैत्र मसान्तभित्र प्रस्ताव पेश गर्नुपर्ने।

४.२.३ आर्थिक वर्षको बीचमा नयाँ संगठन/कार्यालय स्थापना, कार्यालय गाभ्ने वा नयाँ खर्च शीर्षक तथा क्रियाकलाप थपघट गर्नुपर्ने अवस्था आएमा स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा मात्र बजेट व्यवस्थापनका लागि प्रक्रिया अघि बढाउनु पर्ने।

४.२.४ कुनै आयोजना वा कार्यक्रमको प्रकृति वा कार्यक्षेत्र अर्को मन्त्रालय वा निकायअन्तर्गत पर्ने भए सम्बन्धित निकायमार्फत कार्यान्वयन हुने गरी आयोजना बैंक लगायतका आवश्यक प्रक्रिया पूरा गरी अख्तियारी व्यवस्थापन गर्नुपर्ने। प्रदेशका आयोजना वा कार्यक्रम स्थानीय तहबाट कार्यान्वयन गर्दा प्रभावकारी हुने भए प्रदेश सरकारको निर्णय गराई २०८२ चैत्र मसान्तभित्र अख्तियारीका लागि प्रस्ताव पेश गर्नुपर्ने।

४.२.५ वार्षिक स्वीकृत कार्यक्रमको बजेट २०८२ फागुन मसान्तसम्म पनि खरिद प्रक्रिया सुरु नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने देखिएमा त्यस्तो रकम एकिन गरी २०८२ चैत्र १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने।

४.२.६ विनियोजित बजेटको सीमाभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने, ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्न नपाइने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्नुपर्ने। साथै बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि स्पष्ट समयसीमासहितको कार्ययोजना बनाई २०८२ साउन मसान्तभित्र स्वीकृत गराई सोहीअनुसार कार्यसम्पादन गर्नुपर्ने।

४.२.७ विगतदेखि सञ्चालनमा रहेका कार्यक्रम सम्बन्धित स्वीकृत कार्यविधि, निर्देशिका तथा मापदण्डअनुसार निरन्तर सञ्चालन गर्नुपर्ने तथा नयाँ कार्यक्रमका लागि छुट्टै कार्यविधि, निर्देशिका वा मापदण्ड आवश्यक भए २०८२ पौष मसान्तभित्र मन्त्रिपरिषद्बाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने।

४.२.८ सार्वजनिक भवन तथा पूर्वाधार निर्माण गर्दा निजी जग्गा प्रयोग गर्नुपर्ने भए प्रचलित कानूनबमोजिम जग्गा प्राप्ति वा भोगाधिकार कायम गरेपछि मात्र खरिद प्रक्रिया सुरु गर्नुपर्ने। आयोजना कार्यान्वयनका लागि DPR, वातावरणीय अध्ययन, जग्गा प्राप्ति, बोलपत्र कागजात तयारी लगायतका पूर्वतयारी कार्य समयमै सम्पन्न गरी आर्थिक वर्षको सुरुमै वार्षिक खरिद योजना/गुरुयोजना तयार गर्नुपर्ने।

४.२.९ नेपाल सरकार वा सार्वजनिक निकायको नाममा रहेको सरकारी/सार्वजनिक जग्गामा सम्बन्धित निकायको नाममा कानूनी भोगाधिकार कायम नगरी सार्वजनिक संरचना निर्माण सुरु गर्न नपाइने व्यवस्था पालना गर्नुपर्ने।

४.२.१० अनुदान तथा सहायता कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार, स्थानीय तह वा अन्य गैरसरकारी संस्थाबाट सञ्चालन भएका समान प्रकृतिका कार्यक्रमसँग दोहोरोपना नहुने सुनिश्चितता गर्नुपर्ने। लागत सहभागितामा आधारित अनुदानमा प्रदेश सरकारको अंश ५० प्रतिशतभन्दा बढी नहुने व्यवस्था गर्नुपर्ने।

४.२.११ राजनीतिक दलका स्थानीय पदाधिकारी, जनप्रतिनिधि तथा निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारीलाई उपभोक्ता समितिमा राख्न नपाइने तथा उपभोक्ता समितिबाट हुने कार्य निर्माण व्यवसायीमार्फत प्रत्यक्ष/परोक्ष रूपमा गराउन नपाइने व्यवस्था गर्नुपर्ने। रू.३० लाखभन्दा बढी विनियोजन भएका आयोजना उपभोक्ता समितिबाट नभई खुला बोलपत्रमार्फत कार्यान्वयन गर्नुपर्ने।

४.२.१२ चालु आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने प्रकृतिका आयोजनालाई कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ बमोजिम प्रक्रिया पूरा गरी स्रोत सहमति लिएर मात्र बहुवर्षीय आयोजनाका रूपमा अघि बढाउनुपर्ने। प्रदेश गौरव तथा प्राथमिकता प्राप्त आयोजना बाहेक अन्य आयोजनाको स्रोत सहमतिको अवधि बढीमा ३ वर्ष रहने र सहमति प्राप्त भएको ६ महिना वा चालु

आर्थिक वर्षको जेठ मसान्तमध्ये जुन पहिले आउँछ सो अवधिभित्र ठेक्का सम्झौता नभए स्रोत सहमति स्वतः रद्द हुने व्यवस्था पालना गर्नुपर्ने।

४.२.१३ प्रदेश सरकारबाट बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रमको ठेक्का सम्झौता २०८२ कार्तिकभित्र हुने गरी खरिद प्रक्रिया अघि बढाउनुपर्ने र सो अवधिमा प्रक्रिया अघि नबढेका आयोजना/कार्यक्रमको रकम मन्त्रालयले रोक्का गर्न सक्ने व्यवस्था रहेकोले समयमै कार्यान्वयन गर्नुपर्ने।

४.२.१४ निर्माण व्यवसायीले सहायक ठेक्का सम्झौता गर्नुपरेमा आयोजना प्रमुखको पूर्वलिखित स्वीकृति लिनुपर्ने र अति आवश्यक कार्यबाहेक एक तहभन्दा बढी सहायक ठेक्का दिन नपाइने व्यवस्था गर्नुपर्ने। तोकिएको गुणस्तर, समय र कार्ययोजना पालना नगर्ने निर्माण व्यवसायीलाई कानूनबमोजिम कारबाही तथा ठेक्का रद्द गर्ने व्यवस्था गर्नुपर्ने।

४.२.१५ प्रदेश सरकारको बजेटबाट निर्माण हुने सामुदायिक भवन तथा सार्वजनिक उपयोगका संरचना निजी/व्यक्तिगत जग्गामा निर्माण नगर्ने र त्यस्ता संरचनाको उपयोग व्यक्तिगत, दलगत वा निजी व्यापारिक उद्देश्यमा हुन नदिने व्यवस्था गर्नुपर्ने।

४.२.१६ बजेट कार्यान्वयन गर्दा क्रियाकलाप, इकाइ, रकम, आयोजना नाम र स्थान निश्चित गरी सोहीअनुसार खर्च गर्नुपर्ने। PLMBIS मा प्रविष्ट आयोजना/कार्यक्रममा त्रुटि भए आवश्यक पुष्ट्याइसहित २०८२ पौष मसान्तभित्र संशोधन गराउनुपर्ने। स्वीकृत वार्षिक कार्यक्रममा समावेश नभएको कार्यका लागि मिल्दो खर्च शीर्षकमा बजेट भए पनि खर्च गर्न नपाइने व्यवस्था पालना गर्नुपर्ने।

४.२.१७ पुँजीगततर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने तथा रकमान्तर गर्दा कानूनी सीमाको पूर्ण पालना गर्नुपर्ने। एकमुष्ट विनियोजित रकम एक पटक बाँडफाँट गरेपछि पुनः रकमान्तर वा कार्यक्रम संशोधन गर्न नपाइने व्यवस्था पालना गर्नुपर्ने। उपभोक्ता समितिमार्फत सञ्चालित आयोजना वा बजेट नभएको नयाँ क्रियाकलाप/खर्च शीर्षकमा रकमान्तर नगर्ने व्यवस्था गर्नुपर्ने।

४.२.१८ स्वीकृत आयोजना वा कार्यक्रमको ठेक्का सम्झौता रकम विनियोजित रकमभन्दा कम भएको अवस्थामा बचत रकम अन्य आयोजना वा कार्यमा खर्च गर्न नपाइने भएकाले त्यस्तो रकमको विवरण सम्बन्धित लेखा इकाइ तथा मन्त्रालयमा पेश गरी अभिलेख व्यवस्थापन गर्नुपर्ने।

४.२.१९ चालु प्रशासनिक खर्चमा मितव्ययिता अपनाई पानी, बिजुली, सञ्चार, घरभाडा, इन्धन, मर्मत, कार्यालय सामग्री, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क तथा भ्रमणलगायत खर्च विनियोजित बजेटको सीमाभित्र व्यवस्थापन गर्नुपर्ने र यस्ता शीर्षकमा थप बजेट निकासा नगर्ने नीति पालना गर्नुपर्ने।

४.२.२० उपलब्ध स्थायी जनशक्तिबाट काम हुन नसक्ने अवस्थामा मात्र स्वीकृत दरबन्दीभित्र रही सेवा करार व्यवस्थापन गर्नुपर्ने।

४.२.२१ परामर्श सेवा लिँदा स्पष्ट कार्यविवरण, अवधि र बजेट सुनिश्चित गरी मात्र सेवा खरिद गर्नुपर्ने तथा विद्यमान जनशक्तिबाट सम्पादन हुन सक्ने काममा बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्त गर्ने प्रवृत्ति निरुत्साहित गर्नुपर्ने।

४.२.२२ जिन्सी व्यवस्थापनमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को पूर्ण कार्यान्वयन गर्नुपर्ने।

४.२.२३ जीर्ण अवस्थामा रहेका सरकारी सवारी साधन चालु आर्थिक वर्षभित्र लिलाम गरी लगत कट्टा गर्नुपर्ने तथा अन्य प्रदेशमा दर्ता भएका सरकारी सवारी साधनलाई अनिवार्य रूपमा कर्णाली प्रदेशमै दर्ता गर्ने व्यवस्था मिलाउनुपर्ने।

४.२.२४ सवारी साधन खरिद गर्दा मितव्ययिता तथा उपयोगितालाई प्राथमिकता दिनुपर्ने र चारपाङ्ग्रे सवारी साधन खरिद गर्नुअघि आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्ने।

४.२.२५ कार्यालय प्रयोजनका लागि सम्भव भएसम्म खाली सरकारी भवनलाई प्राथमिकता दिनुपर्ने र घर बहालमा लिनुपरे व्यापारिक क्षेत्र तथा प्रमुख सडक/मार्गमा महँगा घर नलिई न्यूनतम आवश्यकता तथा सुविधा भएको भवन मात्र बहालमा लिनुपर्ने।

४.२.२६ सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार तथा अन्तर्क्रिया सञ्चालन गर्दा सम्भव भएसम्म सरकारी सभा हल प्रयोग गर्नुपर्ने तथा सरकारी हल उपलब्ध नभएमा पनि मितव्ययी रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने।

४.२.२७ आयोजना तथा कार्यक्रमसम्बन्धी वित्तीय प्रतिवेदन तथा अन्य विवरण प्रचलित कानूनबमोजिम मासिक/त्रैमासिक रूपमा तयार गरी स्वतःप्रकाशन गर्ने व्यवस्था मिलाउनुपर्ने।

४.२.२८ सार्वजनिक निर्माण स्थलमा आयोजना सम्बन्धी नाम, लागत, सुरु तथा सम्पन्न हुने मिति, ठेक्का रकम, निर्माण व्यवसायीको नाम/ठेगाना र अपेक्षित उपलब्धिलगायत विवरण समावेश भएको सूचना पाटी/होर्डिङ बोर्ड राखी काम सम्पन्न नभएसम्म सार्वजनिक गर्नुपर्ने।

४.२.२९ खरिद सम्झौताबापतको भुक्तानी गर्दा प्रतिबद्धता रकमको अभिलेख प्रणालीमा प्रविष्टि गरेपछि मात्र भुक्तानी निकासा गर्ने व्यवस्था गर्नुपर्ने।

४.२.३० सरकारी सम्पत्तिको संरक्षण, आयोजना/कार्यक्रम कार्यान्वयन, बजेट समर्पण, खर्च लेखाङ्कन, लेखापरीक्षण तथा प्रतिवेदनसम्बन्धी वित्तीय उत्तरदायित्वको पूर्ण पालना गर्नुपर्ने।

४.२.३१ आयोजना तथा कार्यक्रमका समस्या समाधानका लागि नियमित रूपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक आयोजना गर्नुपर्ने र मन्त्रालयस्तरबाट समाधान हुन नसकेका विषय प्रदेशस्तरीय विकास समस्या समाधान समिति (PDAC) मा पठाई निर्णय/निकासअनुसार कार्यान्वयन गर्नुपर्ने।

४.२.३२ उपभोक्ता समिति/लाभग्राही समूह, लागत साझेदारी तथा अनुदान/सहायता/प्रोत्साहन/साझेदारीबाट सञ्चालन भएका कार्यक्रमको अन्तिम भुक्तानी गर्दा कार्यसम्पादन/कार्यस्वीकार प्रतिवेदन, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा प्राविधिक परीक्षण प्रतिवेदन अनिवार्य रूपमा संलग्न गर्नुपर्ने.

४.२.३३ बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम, बहुवर्षीय स्रोत सहमति प्राप्त आयोजना तथा रू.१० करोडभन्दा बढी विनियोजन भएका आयोजनाको त्रैमासिक समीक्षा हुने भएकाले सोहीअनुसार प्रगति प्रतिवेदन तयार गरी समीक्षामा सक्रिय सहभागिता जनाउनुपर्ने।

४.२.३४ कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ बमोजिम कार्यालयहरूको वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी २०८२ पौष १५ गतेभित्र एकीकृत मूल्याङ्कनका लागि मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्ने र मूल्याङ्कनबाट प्राप्त स्तरलाई आगामी वर्षको बजेट विनियोजनको आधार बनाइने व्यवस्था पालना गर्नुपर्ने।

४.२.३५ सबै निकायले अनिवार्य रूपमा आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई बेरुजु तत्काल फछ्यौंट/सम्परीक्षण गर्नुपर्ने।

४.२.३६ कार्यालय प्रमुख तथा आयोजना प्रमुखसँग २०८२ साउन मसान्तभित्र वार्षिक कार्यसम्पादन करार गर्नुपर्ने तथा कार्यालय/आयोजना प्रमुखको कार्यसम्पादन मूल्याङ्कनलाई सम्बन्धित कार्यालय/आयोजनाको कार्यसम्पादनसँग आबद्ध गर्नुपर्ने।

४.२.३७ बोर्ड, प्राधिकरण, परिषद्, प्रतिष्ठान, सचिवालय, आयोग तथा समिति लगायत स्वायत्त प्रकृतिका निकायबाट प्रदेश सरकारमाथि थप आर्थिक व्ययभार पर्ने गरी कार्यविधि, मापदण्ड वा निर्देशिका निर्माण गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्ने।

४.२.३८ बजेट वक्तव्यअनुसार सम्बन्धित मन्त्रालय/निकायलाई तोकिएको राजस्व संकलन लक्ष्य प्राप्तिका लागि प्राथमिकताका साथ सक्रिय रूपमा कार्य गर्नुपर्ने।

४.३ आ.व. २०८२/८३ मा गरिएका प्रमुख प्रयास

४.३.१ समपूरक र विशेष अनुदान सम्बन्धी प्रणाली

- प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यक्रम तथा आयोजनाको प्रस्तावका लागी स्थानीय तहहरूसंग अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनुका साथै समपूरक तथा विशेष अनुदान सम्बन्धी प्रणाली http://karnali.csgrants.gov.np/ मार्फत कार्यक्रम तथा योजना प्रस्ताव माग गरिएको,
- आ.व. २०८२/८३ मा अनुदान प्राप्त गर्न नसकेका स्थानीय तहहरूलाई प्राथमिकतामा राखी आ.व. २०८३/८४ मा सबै स्थानीय तहहरूलाई समेटिएको।
- कर्णाली प्रदेश समपूरक अनुदान र विशेष अनुदान सम्बन्धी (संशोधनसहित) कार्यविधि, २०८१ बमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि आयोजनाहरु छनोट गरिएको।
- ससर्त अनुदान सम्बन्धी कार्यविधी, २०८२ अनुसार आयोजना तथा कार्यक्रम प्रस्ताव माग गरी छनोट गरिएको।

४.३.२ सार्वजनिक वित्त व्यवस्थापनमा गरिएका अन्य सुधार

- पुँजीगतबाट पुँजीगत र चालुबाट पुँजीगत तर्फ रकमान्तर, कार्यक्रम संशोधन, त्रैमासिक विभाजनको लागि विषयगत मन्त्रालयले निर्णय गर्न सक्ने र आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रणालीमा अद्यावधिक गर्न पठाउनुपर्ने व्यवस्था कर्णाली प्रदेश विनियोजन ऐन, २०८३ मा गरिएको छ।
- कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ अनुसार प्रदेश सरकारको वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी प्रतिवेदन तयार गरिएको।

परिच्छेद-पाँच

स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

५.१ स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण

५.१.१. कर्णाली प्रदेश सरकारबाट समानीकरण, समपूरक, विशेष र ससर्त अनुदानको रुपमा आर्थिक वर्ष २०७५/७६ देखि २०८२/८३ सम्म १० जिल्लाका ७९ स्थानीय तहमा रू.२७ अर्ब ६४ करोड २४ लाख १० हजार विनियोजन भएको छ।

५.१.२. आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशभित्रका स्थानीय तहहरुलाई सुरु विनियोजन मार्फत वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान गरी कुल रू.४ अर्ब ५९ करोड ९८ लाख ४१ हजार वित्तीय हस्तान्तरण गरिएको छ। कर्णाली प्रदेश सरकारबाट स्थानीय तहमा आर्थिक वर्ष २०७५/७६ देखि २०८२/८३ सम्म हस्तान्तरण भएको बजेटको तुलनात्मक विवरण देहायको तालिकाबाट प्रष्ट पारिएको छः-

१.४८ तालिकाः कर्णाली प्रदेश सरकारबाट आठ आर्थिक वर्षमा स्थानीय तहको लागि विनियोजन गरिएको अनुदान सम्बन्धी विवरण

(रू. हजारमा)


क्र. सं.	अनुदान/आ.व.	बार्षिक बजेट				
	आर्थिक वर्ष	समपूरक	विशेष	ससर्त	समानीकरण	जम्मा
१	२०७५/७६				४०००००	४०००००
२	२०७६/७७	१००००००	३०००००	५०००००	८०००००	२६०००००
३	२०७७/७८	१०५८०००	३५२५००	७८६०००	८०००००	२९९६५००
४	२०७८/७९	१००००००	३०००००	१२९९९००	८०००००	३३९९९००
५	२०७९/८०	५१२०००	३०५०००	२३९८७२९	८०००००	४०१५७२९
६	२०८०/८१	८४२५००	२७५५००	२८८२४४०	८०००००	४८००४४०
७	२०८१/८२	६७८२९०	३०००००	३०५१७१०	८०००००	४८३०००
८	२०८२/८३	७६४६००	३६८०००	२५१७२४१	९५००००	४५९९८४१
	जम्मा	५८५५३९०	२२०१०००	१३४३६०२०	६१५००००	२७६४२४१०
	प्रतिशत	२१.१८	७.९६	४८.६१	२२.२५	१००

स्रोतः *आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश।*

५.१.३. आ.व. २०८०/८१ मा रू. ८४ करोड २५ लाख समपूरक अनुदान हस्तान्तरण कर्णाली प्रदेश सरकारबाट विभिन्न स्थानीय तहमा भएको थियो भने आ.व. २०८१/८२ मा रू. ६७ करोड ८२ लाख ९० हजार समपूरक अनुदान हस्तान्तरण भएको थियो।

५.१.४. आ.व. २०८२/८३ मा कर्णाली प्रदेश सरकारबाट विभिन्न स्थानीय तहमा रू. ७६ करोड ४६ लाख हस्तान्तरण भएको थियो।


१.८ चार्टः कर्णाली प्रदेश सरकारबाट आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म जिल्लागत रूपमा स्थानीय तहमा समपूरक अनुदान हस्तान्तरण (विनियोजित रकम) सम्बन्धी तुलनात्मक विवरण (रू. हजारमा)



५.१.५. आ.व. २०८०/८१ मा कर्णाली प्रदेश सरकारबाट विभिन्न स्थानीय तहमा रू. २७ करोड ५५ लाख विशेष अनुदान हस्तान्तरण भएको थियो भने आ.व. २०८१/८२ मा रू. ३० करोड हस्तान्तरण भएको थियो।

५.१.६. आ.व. २०८२/८३ मा कर्णाली प्रदेश सरकारबाट विभिन्न स्थानीय तहमा रू. ३६ करोड ८० लाख विशेष अनुदान हस्तान्तरण भएको थियो।


१.९ चार्टः कर्णाली प्रदेश सरकारबाट आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म जिल्लागत रूपमा स्थानीय तहमा विशेष अनुदान हस्तान्तरण (विनियोजित रकम) सम्बन्धी तुलनात्मक विवरण (रू. हजारमा)



५.१.७. आ.व. २०८०/८१ मा कर्णाली प्रदेश सरकारबाट विभिन्न स्थानीय तहमा रू. २ अर्ब ८८ करोड २४ लाख ४० हजार ससर्त अनुदान हस्तान्तरण भएको थियो भने आ.व. २०८१/८२ मा रू. ३ अर्ब ५ करोड १७ लाख १० हजार हस्तान्तरण भएको थियो।

५.१.८. आ.व. २०८२/८३ मा कर्णाली प्रदेश सरकारबाट विभिन्न स्थानीय तहमा रू. २ अर्ब ५१ करोड ७२ लाख ४१ हजार ससर्त अनुदान हस्तान्तरण भएको थियो।

१.१० चार्टः कर्णाली प्रदेश सरकारबाट आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म जिल्लागत रूपमा स्थानीय तहमा ससर्त अनुदान हस्तान्तरण (विनियोजित रकम) सम्बन्धी तुलनात्मक विवरण (रू. हजारमा)



५.२ स्थानीय तहमा राजस्व बाँडफाँट

५.२.१ सवारी साधन कर वापत सङ्कलित रकम प्रदेश विभाज्य कोषमा राखी प्रदेश र स्थानीय तहलाई प्रचलित कानुन बमोजिम बाँडफाँट गरिएको,

५.२.२ सवारी साधन कर अन्तर्गत वार्षिक अनुमानित राजस्व सङ्कलन रू. २४ करोड ९२ लाख ९१ हजार मध्ये आर्थिक वर्षको अन्तसम्म रू. २७ करोड ५७ लाख २३ हजार राजस्व सङ्कलन भई राजस्व बाँडफाँट गरी रू. ११ करोड १५ लाख ७६ हजार स्थानीय तहलाई हस्तान्तरण गरिएको।

५.३ वित्तीय सङ्घीयता कार्यान्वयन गर्ने सन्दर्भमा भएका उपलब्धि र समीक्षा

५.३.१ कर्णाली प्रदेश सरकारले आफ्नो स्थापना काल देखि नै यस प्रदेशभित्रका स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिरहेको छ। वित्तीय हस्तान्तरणका आयोजना/कार्यक्रम छनोट तथा सोको कार्यान्वयनका सम्बन्धमा कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन २०७५, कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ तथा कर्णाली प्रदेश विशेष अनुदान सम्वन्धी कार्यविधि, २०८१ तर्जुमा भएको,

५.३.२ स्थानीय तहमा ससर्त अनुदानका रुपमा हस्तान्तरण गरिने आयोजना/कार्यक्रमको प्रस्ताव, छनोट लगायत सोको कार्यान्वयनलाई थप व्यवस्थित बनाउन कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ तर्जुमा भएको,

५.३.३ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, नेपाल सरकार अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायतका निकायहरुसँग अनुदान तथा राजस्व बाँडफाँटका सम्बन्धमा समन्वय, सहकार्य भइ रकम प्राप्त भएको,

५.३.४ राष्ट्रिय योजना आयोगको समन्वय र सहकार्यमा आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने समपूरक तथा विशेष अनुदानका आयोजनाहरु प्रस्ताव गरी विद्युतीय प्रणाली मार्फत प्राप्ति र छनोट भइ कार्यान्वयन भएको,

५.३.५ वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न अनुदानहरु हस्तान्तरणका सम्बन्धमा हासिल भएको उपलब्धि सन्तोषजनक रहेको भएता पनि आयोजना तर्जुमा, सोको कार्यान्वयन तथा वित्तीय अनुशासनको पालना लगायतका विषयमा आगामी दिनमा थप कार्य गर्नुपर्ने,

५.३.६ विभिन्न आयोजना/कार्यक्रमको कार्यान्वयनको गुणस्तरीयता, प्रभावकारिताको विषयमा पर्याप्त अनुगमन तथा मूल्याङ्कन हुन आवश्यक रहेको। यसका लागि आगामी दिनमा अनुगमन तथा मूल्याङ्कन संयन्त्र प्रभावकारी बनाउनुपर्ने,

५.३.७ नेपालको संविधानले परिकल्पना गरेको तीन तहको राज्यको संरचनाको समन्वय, सहकार्यको एक महत्त्वपूर्ण औजारको रुपमा वित्तीय सङ्घीयतालाई लिइन्छ। सोको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका सरकार बीच निरन्तररुपमा समन्वय र सहकार्य हुनुपर्ने तथा विभिन्न तहका सरकारबाट निर्धारित कार्यक्षेत्र अनुरुप मात्र आयोजना/कार्यक्रम छनोट भई बजेट विनियोजन हुनुपर्ने आवश्यकता रहेको।

५.४ वित्तीय सङ्घीयताको कार्यान्वयनमा देखा परेका समस्या

५.४.१ वित्तीय सङ्घीयताको कार्यान्वयन तथा वार्षिक बजेट कार्यान्वयनको लागि प्रदेश तथा स्थानीय तहमा पर्याप्त जनशक्तिको अभावका कारण अपेक्षित लक्ष्य हासिलमा कठिनाई भएको,

५.४.२ प्रदेश विनियोजन ऐन तथा मन्त्रालयबाट जारी गरिने विभिन्न परिपत्र तथा मार्गदर्शनको पालनामा ध्यान नपुगेको। कतिपय स्थानीय तहले वित्तीय हस्तान्तरण अनुदानका आयोजनाहरुको आर्थिक वर्ष समाप्त भएपछि विनियोजन ऐन अनुसार फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेको,

५.४.३ समपूरक अनुदान तर्फको आयोजनाहरुको हकमा कतिपय स्थानीय तहले आयोजना प्रस्ताव गर्दा महत्त्वकांक्षी ढङ्गले गर्ने तर साझेदारी गर्न नसक्दा व्यवहारमा आयोजना

कार्यान्वयन नै नहुने वा ढिलाई हुने तथा संशोधनको लागि समेत अनुरोध गर्ने देखिएको,

५.४.४ समपूरक र विशेष अनुदानका आयोजनामा पूर्व तयारीका चरण सम्पन्न भइसकेका आयोजना प्रस्ताव गर्नुपर्नेमा सो नगरी आयोजना अन्तिम त्रैमासिकमा ठेक्का सम्झौता गरी कार्यान्वयनमा ढिलाई गर्ने लगायतका कारण उक्त आयोजना/कार्यक्रमको दायित्व अर्को आर्थिक वर्षमा सरी आयोजना/कार्यक्रम अधुरो रहने स्थिति देखिएको,

५.४.५ प्रदेश विनियोजन ऐन तथा बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा समेत जुन आयोजना/कार्यक्रमको लागि बजेट विनियोजन भएको हो सोही आयोजना/कार्यक्रममा खर्च गर्नुपर्ने र बचत रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था हुँदाहुँदै बचत रकम स्वीकृत आयोजना/कार्यक्रम बाहेकका आयोजना/कार्यक्रममा खर्च गर्ने गरेको,

५.४.६ कतिपय स्थानीय तहमा ससर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रम तहाँको आवश्यकता बमोजिम नभएको भनि उक्त आयोजना/कार्यक्रम कार्यान्वयनमा तदारूकता नहुँदा सोको सट्टामा अन्य आयोजना/कार्यक्रममा सो रकम रकमान्तर गर्नका लागि अनुरोध गर्ने गरेको,

५.४.७ ससर्त अनुदानका आयोजनाहरुको कार्यान्वयनका सन्दर्भमा विषयगत मन्त्रालयहरुबाट पनि समयमै कार्यविधि/मापदण्ड/मार्गदर्शन स्थानीय तहमा प्रेषित नहुँदा आयोजना/कार्यक्रम कार्यान्वयनको विधि र प्रक्रियाका सम्बन्धमा द्विविधा भएको,

५.४.८ कर्णाली प्रदेश आर्थिक ऐन, २०८२ मा तोकिएको समयमा सबै स्थानीय तहबाट राजस्व बाँडफाँटको रकम प्रदेश सञ्चित कोषमा दाखिला नभएको। यसका साथै स्थानीय तहबाट दहत्तर बहत्तर शुल्क वापत सङ्कलन भएको राजस्व कतिपय स्थानीय तहले प्रदेश विभाज्य कोषमा प्रदेश आर्थिक ऐन बमोजिम दाखिला नगरेको,

५.४.९ प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) र SuTRA (Sub national treasury regulatory application) बीच Real time आवद्धता नहुँदा प्रतिवेदन प्राप्तिमा समस्या देखिएको,

५.४.१० कतिपय स्थानीय तहले SuTRA प्रणालीमा पूर्णरुपमा बजेट तथा खर्च प्रविष्टि नगर्दा स्थानीय तहमा वित्तीय हस्तान्तरणको रूपमा उपलब्ध गराइएको रकमको यथार्थ खर्च विवरण प्राप्त तथा सोको आधारमा खर्च विश्लेषण तथा प्रतिवेदन प्रणाली व्यवस्थापनमा कठिनाई भएको,

५.४.११ स्थानीय तहले कार्यान्वयन गर्ने कतिपय आयोजनाहरुमा दोहोरोपना देखिएकोले सो आयोजना/कार्यक्रममा विनियोजित रकम नयाँ आयोजना/कार्यक्रममा रकमान्तरका लागि प्रस्ताव गर्ने गरेको।

५.५ समाधानका उपाय

५.५.१ प्रदेश तथा स्थानीय तहको बजेट कार्यान्वयन कुशलता अभिवृद्धिका लागि पर्याप्त र दक्ष जनशक्तिको परिचालन गर्नुपर्ने। यसका लागि कर्मचारीको पदपूर्ति, क्षमता अभिवृद्धि लगायतका विषयमा ध्यान दिनुपर्ने,

५.५.२ प्रचलित कानुन बमोजिम उपलब्ध गराउनुपर्ने प्रतिवेदन समयमै प्रदान गर्न सम्बन्धित सबै निकाय जिम्मेवार हुनुपर्ने,

५.५.३ प्रदेश विनियोजन ऐन तथा मन्त्रालयबाट जारी गरिने विभिन्न परिपत्र तथा मार्गदर्शन लगायत प्रचलित कानुनको पालनामा ध्यान दिइ वित्तीय अनुशासन कायम गर्नुपर्ने,

५.५.४ वित्तीय हस्तान्तरण अन्तर्गतका विभिन्न अनुदानहरुको कार्यान्वयनका सम्बन्धमा सम्बन्धित ऐन, कानुन, कार्यविधि, मापदण्डमा तोकिएको कार्यान्वयन विधि लगायतका विषयहरुको अधिनमा रही आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने,

५.५.५ वित्तीय हस्तान्तरण अन्तर्गत अनुदानका कार्यक्रमहरुको माग/छनोट कार्यलाई प्रणालीसँग आवद्ध गर्दै लैजाने र स्वचालित प्रतिवेदन प्रणालीको विकास गर्ने,

५.५.६ वित्तीय हस्तान्तरणका अनुदानहरु हस्तान्तरण गर्दा मानव विकास सुचकाङ्क, राजस्व उठाउने क्षमता, कार्यान्वयन दक्षता लगायतका विषयमा ध्यान दिइ दुर्गम स्थानीय तहहरुलाई प्राथमिकता दिनुपर्ने,

५.५.७ स्वीकृत आयोजना/कार्यक्रम तोकिएको समयमै सम्पन्न गर्न तदारुकता देखाउनु पर्ने,

५.५.८ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट ससर्त अनुदान प्रदान गर्दा पालना गर्नुपर्ने आधार तथा सिफारिसको अधीनमा रही स्थानीय तहसँगको समन्वय र सहकार्यमा हस्तान्तरण गर्नुपर्ने,

५.५.९ ससर्त अनुदानका आयोजना/कार्यक्रम कार्यान्वयनका सम्बन्धमा सम्बन्धित विषयगत मन्त्रालयहरुबाट समयमै कार्यविधि/मापदण्ड/मार्गदर्शन स्थानीय तहमा प्रेषित गरी आयोजना/कार्यक्रम कार्यान्वनयको विधि र प्रक्रियाका सम्बन्धमा स्पष्ट गर्नुपर्ने,

५.५.१० प्रचलित आर्थिक ऐन बमोजिम राजस्वको बाँडफाँट तोकिएको समयमै सम्बन्धित सञ्चित कोषमा दाखिला गरी राज्यका विभिन्न तहबीच समन्वय र सम्पर्क बढाउनुपर्ने,

५.५.११ विपद्जन्य अवस्थाको व्यवस्थापन बाहेक अन्य आयोजना/कार्यक्रमका लागि वार्षिक बजेट तर्जुमाको समयमा नै बजेट प्रस्ताव र विनियोजन गर्ने परिपाटीको विकास गर्नुपर्ने,

५.५.१२ वार्षिक बजेट तर्जुमा, सोको कार्यान्वयनका सम्बन्धमा हुने खर्च/प्रगति, राजस्व सङ्कलन लगायतका विषयलाई थप व्यवस्थित गर्नका लागि विकास गरिएको प्रणालीहरुमा अनिवार्य रुपमा विवरण प्रविष्टि गरी प्रतिवेदन प्रणालीको सुदृढीकरणका लागि सबै तहले ध्यान दिनुपर्ने,

५.५.१३ आयोजना/कार्यक्रममा देखिएका दोहोरोपना हटाउनका लागि केन्द्रीय तथ्याङ्क प्रणाली/परियोजना बैङ्कको विकास गर्नुका साथै पूर्वतयारी, सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका चरण पूरा भएका आयोजना/कार्यक्रममा मात्र सबै तहले आफ्नो कार्य जिम्मेवारी अनुरुप बजेट विनियोजन गर्नुपर्ने,

५.५.१४ कार्य सम्पादनमा आधारित अनुदान प्रणालीको अवलम्वन गरी स्थानीय तहमा आर्थिक अनुशासन र खर्च गर्ने क्षमतामा वृद्धि गर्नुपर्ने,

५.५.१५ अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत हस्तान्तरित आयोजना/कार्यक्रम, राजस्व बाँडफाँट लगायतका विषयहरु र सोको कार्यान्वयन प्रचलित कानुन बमोजिम भए/नभएको सम्बन्धमा अनुगमन मूल्याङ्कन गरी सोको पृष्ठपोषणका आधारमा कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने,

५.५.१६ सङ्घ, प्रदेश तथा स्थानीय तह बीचको समन्वय र सहकार्य चुस्त दुरुस्त बनाउनका लागि संविधान, प्रचलित कानुन बमोजिम व्यवस्था भएका अन्तर समन्वय परिषद्हरुको समयमै बैठक बस्नुपर्ने र तीनै तहमा देखिएका नीतिगत तथा कार्यात्मक बाधा व्यवधानका विषयमा अन्तरक्रिया र छलफलबाट बाधा फुकाउनु पर्ने।

परिच्छेद-छ

बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने प्रयास

आर्थिक वर्ष २०८२/८३ मा बजेट कार्यान्वयनको अवस्था, विगतका वर्षमा देखिएका समस्या तथा चुनौती, उपलब्ध स्रोतको अवस्था, आयोजना कार्यान्वयनको प्रगति, राजस्व परिचालन तथा वित्तीय अनुशासनको समीक्षा गर्दा प्रदेशको सीमित स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा केन्द्रित गरी बजेटको प्रभावकारिता, कार्यान्वयन क्षमता र सार्वजनिक खर्चको गुणस्तर अभिवृद्धि गर्न थप सुधार आवश्यक देखिएको छ। बजेट तर्जुमा र कार्यान्वयनबीचको अन्तर न्यूनीकरण, आयोजना छनोटमा पूर्वतयारी र प्राथमिकताको सुनिश्चितता, अधुरा तथा क्रमागत आयोजना सम्पन्न गर्ने, आन्तरिक स्रोत परिचालन विस्तार गर्ने, अन्तरसरकारी वित्तीय सम्बन्धलाई प्रभावकारी बनाउने तथा सूचना प्रविधिमा आधारित सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ गर्ने दिशामा देहायका सुधारात्मक कार्य गर्नुपर्ने देखिन्छ।

६.१ तत्काल गर्नुपर्ने कार्य

६.१.१ बजेट कार्यान्वयन

६.१.१.१ चालु आर्थिक वर्षमा विनियोजित आयोजना तथा कार्यक्रमको कार्यान्वयन सम्भाव्यता तत्काल पुनरावलोकन गरी कार्यान्वयन हुन नसक्ने आयोजना/कार्यक्रमको बजेट आवश्यकतानुसार समर्पण गर्न लगाई प्राथमिकता प्राप्त आयोजना/कार्यक्रममा विनियोजन गर्ने।

६.१.१.२ कार्यान्वयनमा रहेका आयोजना/कार्यक्रममा देखिएका कानुनी, प्रक्रियागत, स्रोतगत, जग्गा, खरिद, जनशक्ति तथा अन्तरनिकाय समन्वयसम्बन्धी समस्या तत्काल पहिचान गरी सम्बन्धित तहबाट समाधान गर्ने र उच्च तहबाट समाधान गर्नुपर्ने विषय समयमै पेश गर्ने।

६.१.१.३ आयोजना तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड तथा कार्यान्वयन प्रक्रिया स्वीकृत नभएका अवस्थामा यथाशीघ्र स्वीकृत गरी कार्यान्वयनमा सहजीकरण गर्ने।

६.१.१.४ बजेट तथा कार्यक्रमको मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा गरी भौतिक तथा वित्तीय प्रगतिबीचको अन्तर पहिचान गर्ने र सुधारात्मक कार्ययोजना लागू गर्ने।

६.१.१.५ चालु आर्थिक वर्षमा सिर्जित दायित्वको यथासम्भव सोही आर्थिक वर्षभित्र भुक्तानी गर्ने व्यवस्था मिलाई अनावश्यक रूपमा दायित्व अर्को आर्थिक वर्षमा सार्ने प्रवृत्ति नियन्त्रण गर्ने।

